## नेपाल

# विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको प्रतिवेदन

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा
प्रस्तुत
मार्च २०१५


विश्वव्यापी आवधिक समीक्षाका लागि
नेपालका गैरसरकारी संस्थाको सञ्जाल

## नेपाल

# विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको प्रतिवेदन

## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा प्रस्तुत

## मार्च २०१५

care

यो प्रकाशन केएर नेपालको सहयोगमा भएको हो।
यसमा समावेश गरिएका विचार, विश्लेषण र निष्कर्षले केएर नेपाल तथा यसको दातृसंस्थाको दृष्टिकोण प्रतिविम्बित गर्दैन।

विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको सञ्जाल
सचिवालय

इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

कलङ्की, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौँ

फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१

इमेल: insec@insec.org.np, वेभसाइट: www.insec.org.np, www.inseconline.org

# नेपाल
# विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको प्रतिवेदन

**प्रकाशन मिति**: २०७२

**सङ्ख्या**: १ हजार प्रति

**प्रकाशक**: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**तयारी**
विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको सञ्जाल, सचिवालय

**संयोजन**
विजयराज गौतम, कार्यकारी निर्देशक, इन्सेक
विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको सञ्जाल, सचिवालय

**प्रतिवेदन तयारी समितिका सदस्यहरू**
डा. रेणु अधिकारी/राजभण्डारी
हरि फुँयाल
होम याम्फु
प्रविना बज्राचार्य
प्रशन्नता वस्ती
प्रसिद्ध पाण्डे
सम्झा श्रेष्ठ
यम किसान

*यस प्रतिवेदनमा उल्लिखित सामग्रीहरूलाई स्रोत खलाई पुन:उत्पादन, पुन:प्रकाशन र वितरण गर्न सकिनेछ। सामग्रीको प्रयोगबारे जानकारी गराउनका साथै प्रकाशित सामग्रीको प्रति उपलब्ध गराइएमा यस्तो कार्यको सराहना गर्नेछौँ।*

# भूमिका

यस प्रतिवेदनले विगत साढे चार वर्षको सङ्क्रमणकालीन समयमा नेपालको मानवअधिकारको सन्दर्भमा राज्यका नीति, विधि, कार्यक्रम र संस्थागत व्यवस्थाहरू एवम् तिनका कार्यान्वयनको पुनरावलोकन र विश्लेषण गर्ने उद्देश्य राखेको छ। यो प्रतिवेदन नेपालको समग्र मानवअधिकारको अवस्थासम्बन्धी आधारभूत सूचनाहरू संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्अन्तर्गत आगामी २०१५ को नोभेम्बर महिनामा हुने विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जाल, विश्वव्यापी आवधिक समीक्षाका लागि महिला सञ्जाल र डर्बन रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालका तर्फबाट २ सय ९५ वटा मानवअधिकार संस्था र नागरिक समाजका सदस्यहरूको संयुक्त प्रयास हो।

नेपाल एक दशक लामो सशस्त्र द्वन्द्वबाट दिगो शान्ति स्थापनार्थ सङ्क्रमणकालीन अवस्थामा गुज्रिरहेको छ। असमान सामाजिक, राजनीतिक र आर्थिक प्रणालीका कारण संस्थागत विसङ्गति र असमानताहरू मुलुकमा विद्यमान छन्। यस्ता असङ्ख्य चुनौतीहरूका कारण नेपाली समाज अझै पनि सङ्कटको घडीमा छ। दण्डहीनताको स्थिति यथावत नै छ। संविधानसभामार्फत् तोकिएको समयमा संविधान जारी गर्न नसकी पुन: संविधानसभाको निर्वाचन सम्पन्न भएको छ।

क्षेत्र, केन्द्र र विषयगत गरी विभिन्न चरणका विषयगत छलफलपछि तयार गरिएको यस प्रतिवेदनले विशेषत: राज्यले ध्यान दिन नसकेका वा पर्याप्त मात्रामा वास्ता नगरिएका खास मुद्दाहरूमा केन्द्रित रहनुका साथै सुधारका लागि सिफारिश पनि प्रस्तुत गरेको छ। विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जालअर्न्तगत रही प्रतिवेदन तयारीमा सहयोग गर्ने विश्वव्यापी आवधिक समीक्षाका लागि महिला सञ्जाल र डर्बन रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालका सदस्य संस्थाहरूलाई म धन्यवाद ज्ञापन गर्दछु। यसैगरी मानवअधिकारको अवस्थाका सम्बन्धमा प्राथमिक सूचना उपलब्ध गराउने क्षेत्रीय, केन्द्रीय र विषयगत परामर्श बैठकका सहभागीहरूलाई म विशेष धन्यवाद दिन चाहन्छु।

यस प्रतिवेदन तयारीका लागि क्षेत्रीय कार्यशाला आयोजना गर्न महिला पुनर्स्थापना केन्द्र (ओरेक), नेपाल डर्बन रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी) नेपाल र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का क्षेत्रीय कार्यालयहरूलाई धन्यवाद दिन चाहन्छु। साथै यस प्रतिवेदन तयारीका लागि आर्थिक तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराई क्षेत्रीय तथा राष्ट्रिय परामर्शका लागि आर्थिक सहयोग गर्ने साझेदार संस्थाहरूलाई धन्यवाद दिन चाहन्छु। यस प्रतिवेदन छपाइ तथा अन्य प्राविधिक सहयोग गर्ने केएर नेपाललाई पनि धन्यवाद दिन चाहन्छु। सूचना र प्राविधिक सहयोग पुऱ्याउने अन्य गैरसरकारी संस्था र नागरिक समाजका सदस्यहरूप्रति समानरूपमा कृतज्ञता व्यक्त गर्दछु।

प्रतिवेदन तयारी समितिमा रहेर प्रतिवेदन तयारीमा सहयोग गर्ने अधिवक्ता हरि फुँयाल, अधिवक्ता प्रविना वज्राचार्य, अधिवक्ता यम किसान र अधिवक्ता होम याम्फूलाई विशेष धन्यवाद दिन चाहन्छु। यस प्रतिवेदनका लागि आवश्यक सम्पूर्ण संयोजन गर्नुहुने विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जालका सचिवालय, इन्सेकका सम्झना श्रेष्ठ, प्रशन्नता वस्ती र प्रसिद्ध पाण्डे, प्रतिवेदन सम्पादन गर्नुहुने इन्सेकका योगीशकृष्ण खरेल र साजसज्जाका लागि इन्सेकका अधिकृत गीता मालीलाई पनि धन्यवाद दिन चाहन्छु। साथै विश्वव्यापी आवधिक समीक्षाका लागि महिला सञ्जालको सचिवालय ओरेक र डर्बन रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालको सचिवालय जनउत्थान प्रतिष्ठानलाई धन्यवाद दिन चाहन्छु।

विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जालको संयोजन गरी प्रतिवेदन तयार गर्ने महत्वपूर्ण र ऐतिहासिक जिम्मेवारी इन्सेकलाई दिइएकोमा मलाई धेरै खुसी लागेको छ। मानवअधिकार परिषद् र अन्य सम्बन्धित निकायहरूलाई नेपालको समग्र मानवअधिकारको अवस्थालाई बुझ्न र अन्तर्राष्ट्रिय समुदायको तर्फबाट नेपालको मानवअधिकार र कानुनी राज्यको अवस्था सुधारमा सहयोग गर्न यो प्रतिवेदन उपयोगी सिद्ध हुनेछ भन्ने विश्वास हामीले लिएका छौँ।       धन्यवाद !

**सुबोधराज प्याकुरेल**
अध्यक्ष, इन्सेक
सचिवालय, विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जाल

# विषयसूची

| | पृष्ठ |
|---|---|
| संयुक्त राष्ट्रसङ्घमा नेपालका गैरसरकारी संस्थाको सञ्जालद्वारा **प्रस्तुत आवधिक समीक्षा प्रतिवेदन** | **५-२६** |
| **परिचय** | **५** |
| **पद्धति** | **५** |
| आवधिक समीक्षा प्रतिवेदन सन् २०११ का सिफारिशहरूको कार्यान्वयन अवस्था | ५ |
| **(१) पृष्ठभूमि तथा अवधारणा** | **५** |
| (क) अन्तर्राष्ट्रिय दायित्वको क्षेत्र | ५ |
| (ख) संवैधानिक तथा कानुनी रूपरेखा | ६ |
| (ग) संस्थागत तथा मानवअधिकार संरचना र नीतिगत संयन्त्र | ७ |
| **(२) सम्बन्धित अन्तर्राष्ट्रिय कानुनको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय मानवअधिकारका दायित्व कार्यान्वयन गर्ने** | **८** |
| (क) समानता र अविभेद | ८ |
| (ख) व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार | १५ |
| (ग) दण्डहीनतालगायत न्याय प्रशासन र कानुनी शासन | १७ |
| (घ) गोपनीयताको अधिकार, विवाह र पारिवारिक जीवन | २० |
| (ङ) कामको अधिकार र न्यायिक तथा कामको अनुकूल अवस्था | २० |
| अनुसूची १: गैरसरकारी संस्थाहरूको नामावली | २७ |
| अनुसूची २: संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को विश्वव्यापी मानवअधिकार समीक्षा कार्यसमूहको २३ औँ सत्रमा सीमान्तकृत समूहले पेश गरेको संयुक्त प्रतिवेदन | ३२ |
| अनुसूची ३: नोभेम्बर २०१५ मा नेपालको दोस्रो पुनरावलोकनका लागि आवधिक प्रतिवेदन (UPR) संयन्त्रलाई बुझाएको राष्ट्रिय महिला सञ्जालको प्रस्तुति | ५१ |

# संयुक्त राष्ट्रसङ्घमा नेपालका गैरसरकारी संस्थाको सञ्जालद्वारा
# प्रस्तुत आवधिक समीक्षा प्रतिवेदन
## मानवअधिकार परिषद्को यूपीआर कार्य समूहको २३ औँ सत्र
## मार्च २०१५

**परिचय**

प्रस्तुत संयुक्त प्रतिवेदन २९५ नागरिक समाज सम्मिलित तीन सञ्जाल- गैरसरकारी संस्थाको सञ्जाल नेपाल (एनएनसी–यूपीआर), महिलाहरूको राष्ट्रिय सञ्जाल र डर्बन रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालले तयार गरेका हुन्। (अनुसूची १)

**पद्धति**

प्रस्तुत प्रतिवेदन सम्बन्धित सरोकारवालासँगको छ वटा राष्ट्रिय समन्वय बैठक तथा २५ वटा क्षेत्रीय, राष्ट्रिय र विषयगत परामर्श बैठकको उपलब्धि हो। प्रस्तुत प्रतिवेदनले अनुसूचीमा सम्मिलित डिआरसीएफसी (अनुसूची २) र महिलाहरूको सञ्जाल (अनुसूची ३) ले प्रस्तुत गरेका दुई बेग्लाबेग्लै विषयगत प्रतिवेदनलाई समेत समेटेको छ।

**आवधिक समीक्षा प्रतिवेदन सन् २०११ का सिफारिशहरूको कार्यान्वयन अवस्था**

१. आवधिक प्रतिवेदन २०११ मा नेपाल सरकारलाई विभिन्न राष्ट्रहरूले विभिन्न विषयवस्तुमा सिफारिश (१३५) गरेका थिए। तीमध्ये ७.५ प्रतिशत सिफारिशहरू पूर्णरूपमा र ५६.६६ प्रतिशत सिफारिश आंशिकरूपमा कार्यान्वयन भएका छन् भने ३०.८४ प्रतिशत सिफारिशहरू कार्यान्वयन नभएको अध्ययनले देखाएको छ।[१] राष्ट्रिय मानवअधिकार आयोगको अध्ययनले "राज्यको राजनीतिक अस्थिरताले गर्दा सिफारिशको कार्यान्वयन पक्ष अत्यन्त फितलो भएको" देखाएको छ।[२]

**(१) पृष्ठभूमि तथा अवधारणा**

**(क) अन्तर्राष्ट्रिय दायित्वको क्षेत्र**

२. आवधिक समीक्षाको पहिलो चरणले मानवअधिकार अवस्थाको समग्र सुधारका लागि अन्तर्राष्ट्रिय सन्धिहरू अनुमोदन गर्न सिफारिश गरेको थियो।

**सिफारिश**

- बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ (CED), सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० सीएमडब्ल्यू (CMW) र जेनेभा महासन्धि, १९४९ का तीन वटै ऐच्छिक प्रलेख अनुमोदन गर्न।
- रोम विधान र आईएलओ महासन्धि १८९ सम्मिलन गर्न।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR), यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि (CAT) र बालअधिकारसम्बन्धी

१ एनएचआरईका लागि विश्वव्यापी आवधिक प्रतिवेदनको संयुक्त प्रतिवेदनको मस्यौदा २०१५

२ राष्ट्रिय मानवअधिकार आयोग, नेपालको विश्वव्यापी आवधिक प्रतिवेदनको निष्कर्श तथा सिफारिशका कार्यान्वयन अवस्थाको मध्यवर्ती प्रतिवेदन (२०१३, पृ ३९)

महासन्धि (CRC) (ऐच्छिक प्रलेख ३)का ऐच्छिक प्रलेख, विषेशत: मानव बेचविखन विशेष गरी महिला र बालबालिकाको बेचविखन, रोकथाम, नियन्त्रण र सजायसम्बन्धी परिपुरक आलेख अनुमोदन गर्न।

- जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी छुट्टै अन्तर्राष्ट्रिय महासन्धिको पहल गर्न।

**(ख) सवैधानिक तथा कानुनी रूपरेखा**

३. **संविधान लेखन प्रक्रिया**[3]: पहिलो संविधानसभा २०६९ जेठ १५ गते विघटन भएपछि प्रधानन्यायाधीशको अध्यक्षतामा बनेको अन्तरिम सरकारले पुन: संविधानसभाको चुनाव गरायो। विभिन्न बुँदामा राजनीतिक सहमति नहुँदा तोकिएको समयसीमा २०७१ माघ ८ गते भित्रमा नयाँ संविधान लागू हुन सकेन। संविधानको रूपरेखा तयार भए तापनि केही विशेष बुँदाहरू जस्तै: गणतन्त्र, सरकारको स्वरूप, निर्वाचन प्रक्रिया र न्यायालयमा असहमति कायम नै रहेको छ।

४. अन्तरिम संविधानमा निहित मौलिक अधिकारले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलगायतका समावेशिताको संरक्षण गर्ने प्रावधान समेटेको भए तापनि केही बुँदामा "कानुनबमोजिम" भन्ने प्रावधान भएकाले न्यायमा पहुँचलाई सीमित पारेको छ। संवैधानिक उपचारको हकको प्रावधानमा दुई वर्षभित्र कानुन जारी गर्न सक्ने शर्तले मौलिक अधिकारको कार्यान्वयन पक्षमा अवरोध पुऱ्याउँछ। अन्तरिम संविधानमा बाबु वा आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने प्रावधान सकारात्मक रहेको छ। उक्त प्रावधानले निरन्तरता पाउनुपर्छ र नागरिकताविहीन हुनसक्ने चुनौतीलाई न्यूनीकरण गर्न बाधा पुऱ्याउने अन्य प्रावधानहरू हटाउनुपर्छ।

५. **सहभागिता**: संविधान निर्माणको प्रकृयामा नेपालले जनजाति र जातजाति, महिला, दलित, मुसलमान, मधेसी, अपाङ्गता भएका व्यक्ति र यौनिक अल्पसङ्ख्यकको पूर्ण सहभागिता हुने सुनिश्चित गरेको छ। तर पनि दोस्रो संविधानसभामा यस समूहको सहभागिता घटेको छ।

**सिफारिश**

- विवादका विषयवस्तुमा प्रभावकारी छलफल र यथासक्य छिटो संविधान जारी हुने वातावरण श्रृजना हुने सुनिश्चित गर्न
- मौलिक अधिकारसँग सम्बन्धित मस्यौदामा प्रतिबन्धात्मक वाक्यांश हटाउन र संवैधानिक उपचारको हकको प्रावधानलाई पूर्ण तथा तत्काल लागू हुने बनाउन
- नागरिकता प्राप्ति तथा हस्तान्तरण गर्न महिलालाई समान तथा पूर्ण अधिकार सुनिश्चित गर्न स-सम्मान तथा स्वतन्त्ररूपमा आमा वा बाबुको नामबाट वंशजको आधारमा छोराछोरीमा नागरिकता हस्तान्तरण गर्न
- आगामी संविधानमा महिला, जनजाति, दलित, मुस्लिम, मधेसी तथा यौनिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्न परामर्श प्रक्रियाको शुरुवात गर्न
- अन्तरिम संविधानको धारा २१[4] सँग मेल खाने गरी समावेशिता मस्यौदा, २०६६ र जातीय विभेदसम्बन्धी नियमावली समावेश गरी बृहत् ऐन लागू गर्न

३ सिफारिश नं. १०६.१,२ र ४५

४ धारा २१, सामाजिक न्यायको अधिकार: आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, समुदाय, उत्पीडित वर्ग, गरीब, किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ।

६. **अन्तर्राष्ट्रिय कानुनको घरेलुकरण**[५]: फौजदारी र देवानी संहिताको विधेयक[६]मा यातना तथा बेपत्ता जस्ता प्रावधान उल्लेख गरिएका छन्। यी प्रावधान अन्तर्राष्ट्रिय दायित्वसँग पूर्णरूपमा मेल नखाएका कारणले संशोधन[७] गर्नु आवश्यक देखिन्छ। यातनासम्बन्धी तथा बोक्सीको आरोपसम्बन्धित मस्यौदा संसदमा पेश भएका छन्। नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) र यातना विरुद्धको महासन्धि (CAT) जस्ता धेरै सन्धिहरू पूर्णरूपमा घरेलुकरण गरिएका छैनन्।

**सिफारिश**

- नेपाली कानुनमा विस्तृत मानवअधिकार ऐन लागू गरी अन्तर्राष्ट्रिय दायित्वहरू पूर्णरूपमा समावेश गर्ने र बाझिएका कानुनहरू संशोधन गर्ने
- यौन हिंसा[८] लगायत आर्थिक-सामाजिक, नागरिक, राजनीतिक मानवअधिकार हननलाई सम्बोधन गर्ने सन्धिहरू घरेलुकरण गर्नका लागि एकीकृत कानुन निर्माण गर्ने
- सन्धिको दायित्व प्रभावकारीरूपमा अनुगमन गर्ने संयन्त्र श्रृजना गर्ने

**(ग) संस्थागत तथा मानवअधिकार संरचना र नीतिगत संयन्त्र**

७. **राष्ट्रिय मानवअधिकार संस्थाहरू** (NHRIs)[९]: राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ कर्मचारी, संरचना र आर्थिक स्वतन्त्रताको विषय[१०]मा पेरिस सिद्धान्तसँग मेल खाँदैन। राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ का सिफारिशको प्रभावकारी कार्यान्वयन भएको छैन[११]। मानवअधिकार हनन गर्ने व्यक्तिलाई कालो सूचिमा राख्ने र विभागीय कारवाहीको सिफारिश गर्ने रुचि राष्ट्रिय मानवअधिकार आयोगमा छैन। राष्ट्रिय महिला आयोगलगायतका अन्य मानवअधिकार संस्थाका ऐन हालसम्म पनि संशोधन भएका छैनन् भने यिनका संसाधन पर्याप्त छैनन्[१२]। राष्ट्रिय दलित आयोग र राष्ट्रिय मुस्लिम आयोग कार्यपालिकाको आदेशमा स्थापना भएका हुन् तर यी संस्थाहरूलाई स्वतन्त्र तथा स्वायत्त हैसियत दिने कुनै अलग कानुन छैन। सर्वोच्च अदालतले मधेसी आयोग गठन गर्न परमादेशको आदेश दिएको छ।[१३]

---

५ सिफारिश नं. १०६.१,२,३,१०,१८,१९,२०,३४,३५, १०७.१८,२०, १०८.५,११,२४,२५ १०९.१,२,७,१० र १३

६ व्यवस्थापिका–संसद्मा फौजदारी संहिता मस्यौदा, फौजदारी कार्यविधि संहिता मस्यौदा, देवानी संहिता मस्यौदा, देवानी कार्यविधि संहिता मस्यौदा र दण्ड संहिता

७ यातना मस्यौदामा अपराधको परिभाषा, पश्चात्दर्शी असर, र पीडितको अधिकार, कानुनी सीमा र कैदको अवधिलाई सङ्कुचितरूपमा लिइएको छ। जाति हत्याको अपराधलाई अपराधको समुच्च घटकको रूपमा मात्र समावेश गरिएको भए तापनि युद्ध अपराध, मानवता विरुद्धको अपराध र जाति हत्यालाई फौजदारी अपराध संहिता मस्यौदाले अपराधको रूपमा व्याख्या गरेको छैन। फौजदारी संहितामा जबरजस्ती करणी अपराधको परिभाषालाई व्यापक बनाएको छ, तर केही कमी जस्तै: कुनै बस्तुको घर्षणलाई समावेश गरेको छैन। “अन्य यौन अपराध” भन्ने शब्दले छाला काट्नु, जबरजस्ती गर्भाधारण, जबरजस्ती गर्भपतन, गर्भनिरोधकसहित जबरजस्ती यौन सम्बन्ध र यस्तै अन्य कार्यलाई अपराधको रूपमा लिएको छैन।

८ जबरजस्ती करणी र अन्य यौन हिंसामा भएको छोटो हदम्यादको प्रावधान; जबरजस्ती करणी, वैवाहिक बलात्कार र अन्य यौन हिंसामा सजायमा बृद्धि; पीडित तथा साक्षीको सुरक्षाको पर्याप्त संयन्त्र; राज्यबाट क्षतिपूर्ति; र १६ वर्षमुनिका बालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्ने प्रावधान

९ सिफारिश नं. १०६.६,७,८,२५ १०७.५ र ६

१० राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ (२०१२), दफा ३०

११ रा.मा.अ.आ., राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन २०७०-२०७१, २०१४

१२ सिफारिश नं. १०६.८, १०७.६ र १०८.११

१३ मार्च १५, २०१५ मा हेर्नहोस् http://www.ekantipur.com/the-kathmandu-post/2015/03/09/news/sc-orders-govt-to-form-madhesi-commission/274025.html

**सिफारिश**

- पेरिस सिद्धान्त अनुरूप हुने गरी राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०१२, राष्ट्रिय महिला आयोग[१४] र राष्ट्रिय दलित आयोगको पूर्ण स्वतन्त्रता सुनिश्चित गर्न र सिफारिशहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न
- राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगलाई संवैधानिक अङ्गको रूपमा मान्यता दिन
- अपाङ्गता तथा अल्पसङ्ख्यकलगायतको आयोग गठन गरी पेरिस सिद्धान्तअनुरूप स्वायत्तता र प्रभावकारिता सुनिश्चित गर्न
- राष्ट्रिय समावेशी आयोग गठन गरी उनीहरूको आकाङ्क्षा र विविधता सम्बोधन गर्न र कानुनको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न[१५]

८. **स्थानीय निकायको चुनावः** २०५१ सालदेखि स्थानीय निकायको चुनाव भएको छैन[१६]। यसले सम्पूर्ण शासन र विकासको प्रक्रियामा असर परेको छ। यसले भष्ट्राचारलाई प्रश्रय दिनुका साथै स्थानीय स्तरमा राजनीतिक सहभागिता शून्य बनाएको छ।

**सिफारिश**

- स्थानीय निकायको निर्वाचन तत्काल गर्न
- निर्वाचन प्रक्रियालाई पारदर्शी, उत्तरदायी र जिम्मेवार बनाउनका साथै प्रभावकारी अनुगमन गर्न

**(२) सम्बन्धित अन्तर्राष्ट्रिय कानुनको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय मानवअधिकारका दायित्व कार्यान्वयन गर्ने**

**(क) समानता र अविभेद**

९. **लैङ्गिक समानताः** दलित, आदिवासी, मुस्लिम, अपाङ्गता तथा अन्य अल्पसङ्ख्यक समुदायका महिलामा लिङ्ग तथा पहिचानको आधारमा हुने विभेद भोगिरहेका छन्। करिब २३.६५ प्रतिशत नेपाली जनसङ्ख्या नागरिकता प्रमाणपत्रविहीन छ[१७]। संविधानले सुनिश्चित गरेको र सर्वोच्च अदालतले फैसला[१८] गरेको भए तापनि सरकारी निकायले आमाको नाममा नागरिकता[१९] दिन अस्वीकार र इन्कार गर्दै आएका छन्। एकल आमा, बेचविखनमा परेका पीडित, द्वन्द्वमा यौन हिंसामा परेका पीडित र वैदेशिक रोजगारमा जाने महिला कामदारले आफ्ना छोराछोरीमा नागरिकता हस्तान्तरण गर्न समस्या भोगिरहेका छन्।

---

१४ सिफारिशमा हेनुहोस्, “श्रोत जसले उनीहरूलाई कुशल रूपमा काम गर्न दिन्छ, त्यसलाई सुदृढ गर्न राष्ट्रिय महिला आयोग र दलित आयोगका कार्यलाई प्रोत्साहन गर्ने कार्य निरन्तर जारी राख्ने (बोलिभिया) (अनुच्छेद १०६.८ विअप्र नेपाल २०११; A/HRC/17/5)” र “राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगलाई आफ्ना आदेश प्रभावकारी रूपमा पालन गर्न पर्याप्त श्रोतहरू उपलब्ध गराउनु (सोभेनिया) (अनुच्छेद १०७.६ विअप्र नेपाल २०११; A/HRC/17/5)।”

१५ पिछडिएका तथा सीमान्तकृत समूह विशेष गरी दलित, मधेसी तथा आदिवासी समुदाय र विशेषतः यस समूह भित्रका महिलाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार बिना भेदभाव संरक्षण र पूर्ण प्रचलनका लागि प्रवर्धन गर्ने कार्यक्रमको कार्यान्वयन अनुगमन गर्न विशेष एकाई स्थापना गर्न समितिले थप सुझाव दिएको छ (अनुच्छेद ३२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिको निश्कर्ष सुझाव २००८; E/C.12/NPL/CO/2)

१६ सन् २००६ मा तत्कालिन राजा ज्ञानेन्द्रले नगरपालिकाको चुनाव गराएका थिए जुन प्रायः राजनीतिक पार्टीले बहिष्कार गरेका थिए र ठूलो परिणाममा धाँधली भएको थियो र जनताको इच्छा थोरै मात्र झल्किएको थियो।

१७ महिला कानुन र विकास मञ्च, अक्विजिसन अफ सिटिजनसिप सर्टिफिकेट इन नेपालः इष्टिमेटिङ प्रिभालेन्स, सन् २०१३, काठमाडौं

१८ सबिना दमाईको मुद्दा- सबिना दमाईले आफ्नो पिता यकिन गर्न सकेकी थिइनन्, आफ्नो आमा जो नेपालको नागरकि थिइन् उनको नामबाट लामीडाँडा गाउँ विकास समिति (गाविस), दोलखामा दुई पटक नागरिकता प्रमाणपत्र लिन गइन्। जिल्ला प्रशासन कार्यालय (जिप्रका)ले पटकपटक दिन इन्कार गरेपछि न्यायको लागि उनले सर्वोच्च अदालत प्रवेश गरिन्। सन् २०११ मा सर्वोच्च अदालतले यदि वंशजको आधारमा आमा वा बुवाले नेपालको नागरिकता प्राप्त गरेको छ भने उनीहरूको सन्तानलाई वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनुपर्ने ऐतिहासिक फैसला गरेको छ।

१९ एससी फेभर्स सिटिजनसिप थ्रु मदर, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=90222

**सिफारिश**

- आमाको नाममा नागरिकता प्राप्त गर्न सहज बनाउनका लागि कानुन कार्यान्वयन गर्न र सर्वोच्च अदालतको फैसलाको परिपत्र गर्न
- लैङ्गिक समानता कायम गर्ने अविभेदकारी कानुन र नीतिहरूमा पर्याप्त स्रोत छुट्टयाई प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न

१०. **दलित विरुद्धको विभेदः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व र जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय ऐन, २०६८) लागू भए तापनि दलितहरूले धेरै प्रकारका विभेदको सामना गर्नु परिरहेको छ। अझ पनि दलित विरुद्ध ३७ वटा विभेदकारी कानुनहरू विद्यमान छन्।[३०] निकै थोरै घटनाको मात्र अनुसन्धान भएको र विभेदकारी प्रावधानहरू खारेज गर्न कुनै पनि विस्तृत अध्ययन नभएबाट जातीय भेदभाव तथा छुवाछूत ऐनको कार्यान्वयन प्रभावकारी नभएको देखिन्छ।

मधेसी दलितहरू अझ बहिष्कृत, सीमान्तकृत हुनुका साथै भूमिहीन[३१] छन् र दलित तथा मधेसी समुदायबीच नै भेदभाव कायम छ। उनीहरूले नागरिकताको प्रमाणपत्र लिन पनि धेरै कष्ट भोग्नुपर्छ। दलित महिलाहरूले वर्ग, जात र लिङ्गको आधारमा विभेद सहनु परिरहेको छ। मधेसी, दलित र महिलाले थप क्षेत्रगत विभेदको सामना गर्नुपर्छ। वादी महिलाहरूले यौन शोषण भोगिरहेका छन्।

दलित युवा र बालबालिकाले विद्यालय, मन्दिर र सामाजिक तथा निजी क्षेत्रमा जातीय विभेद तथा छुवाछूतको सामना गर्नुपर्छ। उनीहरू शिक्षाबाट वञ्चित छन् भने कुपोषण, बालश्रम, बेचविखन र यौन हिंसाको सामना गरिरहेका छन्।

**सिफारिश**

- जातीय भेवभाव तथा छुवाछूत ऐनको प्रभावकारी कार्यान्वयनका लागि नीति, योजना, रणनीति, कार्यक्रम लागू गर्न र बजेट छुट्याउन[३२]
- सम्पूर्ण विभेदकारी कानुन, नियम, नियमावली, निर्देशिका, नीति तथा कार्यक्रम संशोधन गर्न
- सबै प्रकारका विभेद र जातको आधारमा हुने ज्यादतीलगायत यौन हिंसा, बेचविखन र दलित तथा वादी महिलाको यौन पेशा[३३] समेतलाई समेट्ने गरी कानुन लागू गर्न
- संविधानसभाको संविधान मस्यौदा समितिले मस्यौदा गरेको दलित अधिकारसम्बन्धी ११ बुँदा अब बन्ने संविधानमा सामेल हुने कुरा सुनिश्चित गर्न

---

३० अन्तर्राष्ट्रिय कानुनसँग मेल नभएका धेरै विभेदकारी कानुनी प्रावधान राज्यमा हालसम्म कायम छन्। राष्ट्रिय दलित आयोगको एक अध्ययनले २३ भन्दा बढी विभेदकारी प्रावधान रहेको देखाएको छ। (एनडीसी. २००५. स्टडी अफ दि डिस्क्रिमिनेटोरी एण्ड एमेण्डेबल लिगल प्रोभिजन एगेन्सट दलित कम्युनिटी. काठमाडौँ: दलित कमिसन)

३१ दिगो विकास मञ्च, ओनरसीप अफ दलित इन ल्याण्ड: अ स्टडी. काठमाडौँ: सस्टेनेबल डेभलपमेन्ट फोरम २००६

३२ अघिल्लो सिफारिश हेर्नुहोस्, "... जातको आधारमा हुने विभेद विरुद्ध लड्नलगायतका सरकारको प्राथमिकता, ग्रामीण तथा दुर्गम क्षेत्रमा स्थानीय निकाय समेतले नीतिहरू कार्यान्वयन गरेको यकिन गर्नुपर्ने (चेक गणतन्त्र) (अनुच्छेद १०६.२४ विआस नेपाल २०११; A/HRC/17/5); महिला, बालबालिका तथा दलित लगायत विरुद्ध हुने विभेद अन्य गर्न कानुनी तथा नीतिगत संयन्त्र लिनुपर्ने (नेदरल्याण्ड) (अनुच्छेद १०७.११ विआस नेपाल २०११; A/HRC/17/5); ... जातको आधारमा हुने विभेद अभिलेख, अनुसन्धान, पीडक विरुद्ध अभियोजन र यस प्रकारका हिंसाका पीडितलाई क्षतिपूर्ति दिनुपर्ने (चेक गणतन्त्र)" (अनुच्छेद १०८.१२ विआस नेपाल २०११; A/HRC/17/5)

३३ सिफारिश हेनुहोस्, "व्याप्त यौन हिंसा विशेष गरी दलित समुदायमा, र मानव ओसारपसार तथा वेश्यावृत्तिको चुरो कारण, गरिबी लगायत (अनुच्छेद २१ CEDAW को निष्कर्ष प्रतिवेदन २०११, CEDAW/C/NPL/CO/4-5)"

- अन्तर्जातीय विवाहका जोडीको सुरक्षा सुनिश्चित गर्न[३४]
- मधेसी दलितको नागरिकताको अधिकार र भूमिहीनताको मुद्दा निराकरण गर्न
- पहाडी तथा मधेसी दलित र दलित महिलाको सम्बन्धित जनसङ्ख्याको अनुपातमा अवसर, स्रोत र सेवा समानुपातिक वितरण भएको सुनिश्चित गर्न
- कानुन कार्यान्वयन गर्ने[३५] सबै संस्थालगायत राज्यको संरचनामा[३६] दलितको समानुपातिक सहभागिता सुनिश्चित गर्न
- महिला, दलित र मधेसीभित्र पनि मधेसी दलित र दलित महिलाको समान तथा समानुपातिक सहभागिता सुनिश्चित गर्न
- दलित तथा मधेसी दलित महिला विरुद्ध वर्ग, जात, लिङ्ग, भूगोलका आधारमा हुने विभेद अन्त्य गर्न आवश्यक नीति, कानुन, योजना तथा कार्यक्रमहरू तर्जुमा गर्न
- वादी महिलामाथि हुने यौन शोषण अन्त्य गर्न
- शिक्षा, पर्याप्त खाना, स्वास्थ्य सेवासम्बन्धी अधिकार लागू गर्न र बालश्रम, बेचविखन तथा यौन हिंसाबाट मुक्तिका उपाय कार्यान्वयन गर्न

११. **मुस्लिम तथा धार्मिक अल्पसङ्ख्यक:** नेपालमा दश प्रकार[३७]का धार्मिक समुदाय छन्। धर्म निरपेक्षताको प्रभावकारी कार्यान्वयन नै सबै धार्मिक अल्पसङ्ख्यको सरोकार भएको छ। मुस्लिम[३८] एक अत्यन्त सीमान्तकृत समूह हो र यसले आफूलाई धार्मिक अल्पसङ्ख्यकभन्दा पनि समुदायको रूपमा परिचय र स्थापित गराइरहेको छ।

१२. सांस्कृतिक तथा भाषाको अवरोधले गर्दा स्वास्थ्य, न्याय र शिक्षामा मुस्लिम महिलाको थोरै मात्र पहुँच छ। मुस्लिम समुदायमा पनि महिला र मुस्लिमका रूपमा उनीहरूले विभिन्न प्रकारका हिंसाको सामना गर्नु परिरहेको छ।

**सिफारिश**

- धर्म निरपेक्षतालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न
- धार्मिक, सांस्कृतिक धरोहर जोगाउन तथा धार्मिक संरचनाहरू निर्माण गर्नका लागि सबै धार्मिक समूहको स्रोतमा पहुँच सुनिश्चित गर्न
- धार्मिक, भौगोलिक तथा समुदायको आधारमा अविभेद र मुस्लिम समुदायको समावेशिता सुनिश्चित गर्न[३९]
- मदरशा शिक्षा प्रणालीलाई पहिचान दिन तथा मूलप्रवाहीकरण गर्न र मदरशा शिक्षा परिषद् गठन गर्न

---

३४ CERD को सिफारिश हेर्नुहोस्, "जातको आधारका समुदायले बाहिरी समुदायमा विवाह गर्न चाहेमा उनीहरूको विवाहको अधिकारको रक्षा गर्न संयन्त्र अपनाउनु पर्ने (अनुच्छेद ३२ CERD को सामान्य सिफारिश XXIX 2002; CERD/C/61/Misc.29/rev.1)", 2002)"

३५ अघिल्लो सिफारिश हेनुहोस्, "न्याय प्राप्तिको प्रयासमा रहेका पीडितले सामना गर्ने बाधालाई हटाउन खोज्नुपर्ने। प्रयास गर्नुपर्ने (कोरिया गणतन्त्र) (अनुच्छेद १०६.३७ विआस नेपाल २०११; A/HRC/17/5)"

३६ CERD को सिफारिश हेर्नुहोस्, "जातको आधारमा हुने विभेदलाई पूर्ण सम्बोधन गर्ने न्यायिक फैसला तथा आधिकारिक कारवाही सम्भव भएसम्म सुनिश्चित गर्ने (अनुच्छेद २२ CERD को सामान्य सिफारिश XXIX 2002; CERD/C/61/Misc.29/rev.1)"

३७ हिन्दूको बाहुल्य छ (८१.३%) भने बौद्ध, इस्लाम, किराँत, ईशाई, प्रकृति, बोन, जैन, बहाई र शिखहरू अल्पसङ्ख्यक रहेका छन्।

३८ राष्ट्रिय जनसङ्ख्याको ४.४% मुस्लिमले ओगटेका छन्।

३९ अघिल्लो सिफारिश हेनुहोस्, "धर्म, लिङ्ग, जात वा अन्य कुनै आधारमा हुने विभेद जस्ता जटिल समस्याबाट निस्कन प्रयासरत रहनुपर्ने (जापान); कानुन र व्यवहारमा धर्म, जात वा लिङ्गका आधारमा हुने विभेद अन्त्य गर्ने प्रयार निरन्तर गर्नुपर्ने (पाकिस्तान) (अनुच्छेद १०६.२१ विआस नेपाल २०११; A/HRC/17/5)"

- मुस्लिम बालबालिकालाई सांस्कृतिकरूपमा स्वीकार्य तरिकाले शिक्षामा पहुँच सुनिश्चित गर्न र पर्याप्त छात्रवृत्ति प्रदान गर्न
- सबै मातृभाषालाई राष्ट्रिय भाषाको रूपमा पहिचान दिन
- मुस्लिम तथा महिलामध्ये पनि मुस्लिम महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न

१३. **मधेसीः** मधेसीहरूलाई रङ्ग, भूगोल, भाषा र सामाजिक सांस्कृतिक पहिचानको आधारमा विभेद भइरहेको छ। सरकारले मधेसीहरूसँग गरेका विभिन्न सम्झौताहरू कार्यान्वयन गर्न आवश्यक छ।[30]

मधेसी महिलाहरूले बहु-विभेदको सामना गर्नुपरिरहेको छ र महिला तथा मधेसीको रूपमा बहिष्कृत हुनुपरेको छ। घरेलु हिंसा, हत्यालगायत दाइजोसम्बन्धी हिंसा, लिङ्ग पहिचानको आधारमा गर्भपतन र जबरजस्ती सम्बन्धविच्छेदको सामना गर्नुपरेको छ। मधेसी महिला तथा बालबालिका विशेषगरी दलित तथा अन्य पिछडिएका समुदाय विरुद्ध यौन हिंसा बढिरहेको छ।

**सिफारिश**

- राज्य संरचनामा महिलालगायत मधेसीहरूको समान तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न
- राष्ट्रिय मधेसी आयोगमा मधेसी महिला, मधेसी दलित तथा अन्य पिछडिएका समुदाय[31] समावेश हुने सुनिश्चित गर्न
- मधेसी महिलालगायत मधेसी विरुद्ध हुने सबै किसिमका पूर्वाग्रह, विभेद, बहिष्करण निर्मूल भएको सुनिश्चित गर्न
- तराई-मधेसको जनघनत्वको आधारमा स्रोतहरू समानरूपमा विनियोजन तथा वितरण गर्न

१४. **आदिवासी जनजाति** (IPs): नेपालले सन् २००७ मा आईएलओ १६९ अनुमोदन र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (UNDRIP) मा हस्ताक्षर गरेको छ। केही कानुनहरू[32] सन्धि दायित्वसँग मिल्ने छैनन् र स्वतन्त्र, पूर्व र सूचित मन्जुरीको सिद्धान्तको (FPIC) को प्रतिकूल छ। शुरुवातको तयारीमा रहेका जलविद्युत् आयोजनाले आदिवासी जनजातिको संस्कृति, स्रोत, वातावरण र समाजमा खतरा निम्त्याएको छ।[33]

**सिफारिश**

- विद्यमान कानुनहरूलाई आईएलओ १६९ र घोषणापत्रसङ्गत बनाउनुपर्छ।
- आदिवासी जनजातिको क्षेत्रमा अवस्थित परियोजनाहरूको योजनामा आदिवासी जनजातिलाई स्वतन्त्र, पूर्व र सूचित मन्जुरीको सिद्धान्त (FPIC) अनुरूप पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्नुपर्ने।

१५. भाषाका कारणले आदिवासी जनजातिहरूको न्याय, शिक्षा, सरकारी सेवा, सूचना र आर्थिक तथा सामाजिक अवसरहरूमा पहुँच सीमित छ।[34] धेरै जिल्लाहरूमा उनीहरूलाई कथित गौवध गरेकोमा पक्राउ गरिन्छ,

---

३० सरकारले मिति २०६४/५/१३ मा मधेसी जनधिकार फोरमसँग २२ बुँदे सम्झौता र मिति २०६४/११/११ मा संयुक्त प्रजातान्त्रिक मधेसी फन्टसँग ६ बुँदे सम्झौता गरेको छ।

३१ सरकारले २९ वटा पिछडिएका समुदायको पहिचान गरेको छ। ती हुन् कुशवाह, कुर्मी, कुमाल, कहर, केवट, कानु, कमार, कलवार, तेली, धानुक, नुनिया, बनिया, माली, मल्लाह, मुसलमान, बरैया, यादव, राजभार, रौनियार, लोहार, लोध, सुडी, सैनी, सोनार, हलुवाई, हजाम, अमत, मझगैया।

३२ वातावरण संरक्षण ऐन, २०५३, जग्गा प्राप्ति ऐन, २०३४, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

३३ हालसालै, सरकारले पिडिएमा हस्ताक्षर गरी दुई भारतीय कम्पनी सतलुज विद्युत र जेएमआरलाई काम गर्ने इजाजत पत्र दिएको छ।

३४ बहुभाषिक शिक्षा प्रणाली कार्यान्वयन गर्न सरकारले सन् २००९ मा बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका जारी गरेको छ। तर, पर्याप्त मानव श्रोत तथा आर्थिक श्रोतको अभावले प्रभावकारीरूपमा कार्यान्वयन भएको छैन। मुलुकका ७,५०० विद्यालयमध्ये २४ वटामा मात्र दुई भाषामा शिक्षा कार्यान्वयन भएको छ।

जबकि प्राय: उनीहरूको चलनमा गाई/गोरुको मासु खाने गरिन्छ।[३५] सरकारले सबै आदिवासी जनजाति समुदायहरूलाई सरकारी अनुसूचीमा मान्यता दिएको छैन।[३६] सरकारले हालसम्म पनि कार्यदलका सिफारिशहरू[३७] कार्यान्वयन गरेको छैन।

१६. आदिवासी जनजाति महिलाले विभिन्न प्रकारका बहिष्कार र विभेदको सामना गर्नु परेको छ। अरु महिलाहरूको तुलनामा उनीहरूको सार्वजनिक र सामाजिक सेवा, न्याय र शिक्षामा पर्याप्त पहुँच छैन र जमीन, जल, वन र अन्य प्राकृतिक स्रोतहरूमा सीमित पहुँच छ।

**सिफारिश**

- आदिवासी जनजातिको भाषाहरूलाई नेपाली भाषासरह राज्यको कामकाजी भाषाको रूपमा मान्यता दिनुपर्ने।
- आदिवासी जनजातिको पूर्ण सहभागितामा सामाजिक-आर्थिक विकासका लागि विनियोजित बजेट अनिवार्यरूपमा खर्च हुने प्रावधान राख्नुपर्ने।
- आदिवासी जनजातिको सामाजिक-आर्थिक र सांस्कृतिक अधिकारको संरक्षण र प्रवर्धन संस्कृतिमैत्री तवरले सम्पन्न भएको पूर्ण सुनिश्चित गर्नुपर्ने।
- कार्यदल सन् २००९ का सिफारिशहरू कार्यान्वयन र अन्य सबै आदिवासी जनजाति समूहको पहिचान गर्नुपर्ने।
- निर्णायक तहमा र राज्य तहमा आदिवासी जनजाति महिलाहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने।
- आदिवासी जनजाति महिलाहरूको अवस्था, विभेदको प्रकार र तह पत्ता लगाई त्यसअनुरूप उनीहरूको वहिष्करणलाई सम्बोधन गर्ने नीति र योजनाहरूमा तर्जुमा गर्न समष्टीकृत तथ्याङ्क सङ्कलन गर्नुपर्ने।

१७. **अपाङ्गता भएका व्यक्तिहरू** (PWDs): अपाङ्गता भएका व्यक्तिले सरकारी र सार्वजनिक भवनहरू, बाटो, निवास र यातायातमा पहुँच र व्यक्तिगत सहयोगको अधिकारमा समानतापूर्वक अधिकार उपभोग गर्दा विभेदको सामना गर्नुपर्छ। उनीहरूलाई प्रदान गरिएका सेवाहरू मानवअधिकारको दृष्टिकोणमा आधारित छैन। सरकारले गरेको अपाङ्गताको वर्गीकरणले सामाजिक उत्पत्तिलाई अस्वीकार गर्दछ। आदिवासी, जनजाति, दलित र जोखिममा रहेका समूहहरूका अपाङ्गता भएका व्यक्तिहरूले थप विभेद भोग्नुपर्ने अवस्था छ।[३८]

---

३५ मुलुकी ऐन, २०२० मा गाई/गोरुलाई काटेमा, मारेमा, विष खुवाएमा वा कुटपिट गरेमा वा सो को उद्योग गरेमा १२ वर्षसम्मको कैद सजाय हुन्छ। मिति २०७१ जेठ २२ मा प्रहरीले कुमार तुम्बापो, बलबहादुर तुम्बापो र जगत राईलाई गैरकानुनी रूपमा गोरु काटेको कसुरमा पक्राउ गऱ्यो। गौवंश संरक्षण मञ्चले जिल्ला अदालतमा फिराद दायर गऱ्यो। उनीहरूलाई थुनामा हैरानी र यातना दिइयो। नेपाली आदिवासी जनजातिका लागि मानवअधिकारको लागि कानुन व्यवसायीको सङ्गठनको एक प्रतिवेदनले यस किसिमका कम्तिमा ८ वटा मुद्दाहरू अभिलेखीकरण भएको देखाउँछ। http://recordnepal.com/wire/wrong-side-thin-blue-line#sthash.4b73Qj47.dpuf

३६ आधिकारिक सूचीमा मात्र ५९ वटा आदिवासी जनजाति समुदाय समावेश गरिएको छ।

३७ सरकारले सन् २००९ मा सूची पुनरावलोकन गर्न उच्चस्तरीय कार्यदल गठन गरेको छ, र कार्यदलले ८१ वटा विभिन्न आदिवासी/जनजातिलाई सूचिकृत गर्न सिफारिश गरेको छ। सरकारलाई पेश गरेको उच्च स्तरीय कार्यदल प्रतिवेदन सन् २०१०

३८ एक अध्ययनका अनुसार, जस्तै, लिङ्ग तथा अपाङ्गताका कारणले मात्र अपाङ्गता भएका महिलाले शिक्षा तथा अन्य सेवाहरूमा पहुँचमा बाधा हुने नभई उनीहरूको अपाङ्गताको प्रकार, परिवारको सामाजिक आर्थिक हैसियत, उनीहरूको जातजाति, शहरी वा ग्रामीण क्षेत्रमा बसोबास तथा अन्य विभिन्न कारणले पनि असर पारेको हुन्छ। अपाङ्ताका र लिङ्गका साथै, आदिवासी, दलित वा भौगोलिक रूपमा पिछडिएका जस्ता पहिचानको आधारमा अपाङ्गता भएका व्यक्तिको अधिकार हनन भएको हुन्छ। ९०.९% अपाङ्गता भएका महिलाका अनुसार अन्तरसमूह विभेदले उनीहरूलाई सूचना प्राप्त गर्न र सेवामा पहुँचमा पाउन रोकिरहेको हुन्छ। राज्य तथा राष्ट्रिय अपाङ्ग महासङ्घले नेपालमा अपाङ्गता भएका आदिवासी जनजातिको मानवअधिकारको विषयमा सम्बोधन गरेको छैन। हाल कायम रहेका राष्ट्रिय अपाङ्ग महासङ्घको कार्यसमितिमा जोखिममा रहेका अपाङ्गता भएका आदिवासी जनजाति विभेदकारी छ। http://www.socialinclusion.org/np/newfile/pratimagurung

१८. अपाङ्गता भएका व्यक्तिले परिवारमा समेत विभेदको सामना गर्नुपर्छ। अपाङ्गता भएका पुरुषको अनुपातमा महिलाले बढी भेदभावको अनुभव गर्दै आएका छन्।[३९] शिक्षा, रोजगार, खाद्य, स्वास्थ्य, न्याय, पैतृक सम्पत्ति र पुनस्थापना योजनाहरूमा उनीहरूको पहुँच कम छ। साथी छान्ने, विवाह गर्ने र बच्चा जन्माउने अधिकारहरू प्राय उल्लङ्घन भएका छन्। उनीहरू घरेलु हिंसा, दुर्व्यवहार र लापरवाहीबाट पीडित भएका छन्।

१९. विद्यमान स्वास्थ्य सुविधाहरूले अपाङ्गता भएका महिलाहरूको यौनिक र प्रजनन स्वास्थ्यको सम्बोधन गर्दैन। जबरजस्ती करणी र यौन हिंसाबाट पीडित अपाङ्गता भएका व्यक्तिको लागि साङ्केतिक भाषा जस्तो अत्यावश्यक सेवालगायत न्याय प्राप्त गर्ने उपायको समेत अभाव छ। बौद्धिक तथा अति अशक्त अपाङ्गता भएका महिलाहरूलाई उनीहरूको आमाबाबुबाट नै बन्ध्याकरण गर्न बाध्य गरिन्छ।[४०]

**सिफारिश**

- अपाङ्गता भएका व्यक्तिविरुद्ध भेदभावरहित कानुनको पुनरावलोकन र कार्यान्वयन गर्नुपर्ने।
- अति अशक्त अपाङ्गता तथा सामाजिक उत्पत्तिको आधारमा समष्टीकृत तथ्याङ्क सङ्कलन गरिसकेपछि अपाङ्गता भएका व्यक्तिसम्बन्धी योजना र नीतिहरू तर्जुमा गर्नुपर्ने।
- सामाजिक सुरक्षा प्रबन्धको आधारमा सरकारी र सार्वजनिक पूर्वाधार, यातायात, शिक्षा, रोजगार, स्वास्थ्य सेवा र सामाजिक सुरक्षाको प्रत्याभूति रहेको निश्चितरूपले उपलब्धता सुनिश्चित गर्नुपर्ने।
- उपलब्ध साङ्केतिक भाषाका लागि भाषान्तरण सेवा उपलब्ध गराउनुपर्ने।
- अपाङ्गता भएका व्यक्तिहरूको राज्य संरचना, सार्वजनिक क्षेत्र र निजामती नागरिक सेवाहरूमा सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने।
- अपाङ्गता भएका व्यक्तिहरूलाई पूर्वआवश्यक सेवाहरू प्रदान गर्ने औपचारिक न्याय प्रणालीको सुनिश्चित गर्नुपर्ने।
- अपाङ्गता भएका महिलाहरूको यौनिक र प्रजनन स्वास्थ्यलाई समेट्ने विशेष आवश्यकताहरूको सुनिश्चित गर्नुपर्ने।

२०. **यौनिक र लैङ्गिक अल्पसङ्ख्यकः** सरकारको नीति र योजनाले यौनिक र लैङ्गिक अल्पसङ्ख्यकहरूको केही हदसम्म पहिचान गरेको छ।[४१] तर पनि परिचयसहितको नागरिकता प्रमाणपत्र पूर्वलक्ष्यअनुरूप प्रदान भएको छैन। देवानी र फौजदारी संहिता विधेयकले लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार विरुद्धका प्रावधानहरू समावेश गरेका छन्।[४२] सुरक्षा चेकपोस्ट र सार्वजनिक शौचालयसहितका सरकारी सुविधाहरू लैङ्गिक अल्पसङ्ख्यकमैत्री छैनन्, न त यस समुदायको लाभका लागि कुनै बजेट विनियोजन नै गरेको छ।

**सिफारिश**

- सबै सरकारी कागजातहरूमा यौनिक र लिङ्गको परिचयको पहिचान गर्नुपर्ने।
- समलिङ्गी विवाह समितिको प्रतिवेदनका सिफारिशहरूको कार्यावन्यन गर्नुपर्ने।

---

३९ नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकार अनुगमन, (अन्तर्राष्ट्रिय अपा ता अधिकार प्रवर्धन) र योर्क विश्वविद्यालयको सहयोगमा राष्ट्रिय अपाङ्ग महासङ्घ–नेपाल, क्यानाडा २०७० https://ia902600.us.archive.org/4/items/nfdnepal/Nepal-CMP-Disability-Rights-Holistic-Report-Final%28PrintingVersion%29.pdf

४० संयुक्त राष्ट्रसङ्घ आर्थिक तथा सामाजिक परिषद् आदिवासी जनजाति विषयक मञ्च १२ औं सत्र E/c.19/2013/6.

४१ २०६४ मा सर्वोच्च अदालतले अविभेदको एक प्रकार यौनिक लैङ्गिक अल्पसङ्ख्यक रहेको पहिचान गरिसकेको छ। संविधानको मस्यौदाले सर्वोच्च अदालतको फैसलाको अनुशरण गरेको छ। सरकारले क्रमशः २०७० र २०७१ मा नागरिकता र राहदानीमा समान तथा अविभेदको नीति अङ्गीकार गरिसकेको छ।

४२ छलफलको क्रममा, नील हिरा समाजका कार्यकारी निर्देशकले देवानी तथा फौजदारी संहिताको मस्यौदामा २८६ प्रावधान तेस्रो लिङ्गीको अधिकार विपरीत भएको जानकारी गराए। http://www.hrw.org/world-report-2012/world-report-2012-nepal

- सर्वोच्च अदालतको निर्णय अनुसार देवानी र फौजदारी संहिता विधेयकको पुन: पुनरावलोकन गर्नुपर्ने।

२१. **पूर्व बँधुवा मजदूर**: पहाडी आप्रवासीहरूका लागि थारूहरू कमैया[४३] र कमलरी[४४] बने र आफ्नो परम्परागत जीवन जारी राख्न असमर्थ भए।[४५] नेपाल सरकारले २०५८ सालमा कमैया प्रथा उन्मूलन गरे तापनि[४६] तापनि बँधुवा मजदूर प्रणाली नेपालको विभिन्न स्थानमा विद्यमान छ। ऐनलाई प्रभावकारी ढङ्गले कार्यावन्यन गर्न सरकार असमर्थ रहेको छ।[४७]

२२. धेरैजसो हलियाहरू दलित रहेका छन्, जो बँधुवा मजदूर भई जमिन्दारहरूकहाँ पुस्तौंदेखि काम गर्दै आएका छन्। उनीहरू परम्परागतरूपमा जमिन्दारहरूबाट सामाजिक, सांस्कृतिक र आर्थिक तवरले शोषित र विभेदित छन्।[४८] हरूवा, चरुवा र बालीघरे प्रथाहरू ऋणका आधारमा हुने अन्य प्रकारका बँधुवा मजदुरी हुन्।[४९]

**सिफारिश**

- सरकारसँग उक्त समुदायको सम्झौताबमोजिम आवास, रोजगार, पोषण, शिक्षा र स्वास्थ्य सुविधाहरू प्रदान गर्नुपर्ने।
- मुक्त बँधुवा मजदुरहरूले भूमिसम्बन्धी अधिकारहरू सुरक्षित र समतामूलक तवरले उपभोग गर्ने सुनिश्चित गर्नुपर्ने।
- मुक्त र बँधुआ मजदुरहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न आरक्षण प्रणाली अपनाउनुपर्ने।
- मुक्त बँधुवा मजदुरहरूको अधिकार संरक्षण र प्रवर्धन गर्न जिम्मेवार उच्चस्तरीय आयोगको स्थापना गर्नुपर्ने।
- मुक्त र बँधुवा मजदुरहरूको पूर्ण र प्रभावकारी सहभागिताका लागि पुनर्वास योजना संशोधन गर्नुपर्ने।

---

४३ पहिले थारूको भोगमा रहेका धेरै जसो जग्गा बसाई सरेर आएकाको हातमा परेको छ। बसाइ-सराइ गरेका धेरै जसोले आफ्नो शिक्षा र जात तथा जातिय भावनाको आधारमा थारूको जग्गा हात पार्न स्थानीय सरकारको कार्यक्रममा समेत प्रभाव पारे। अर्जन गुणरत्ने (१९९८:७५९ पादटीप्पणीमा): एक उदाहरणले अपनाइएको विधिको जानकारी दिन्छ। औलो उन्मूलन कार्यक्रम लागू भएपछि चितवन आएको एक ब्राहम्ण जग्गा दाबी गर्ने तरिकाका कारण वरिपरिका गाउँमा कुख्यात भयो। थारूलाई सजिलै ऋण दिने तर यदि उनीहरूले सो रकम पैसा भाखाभित्र तिर्न नसक्ने भएमा उसले सो भाखा बढाइदिन्छ तर त्यसको बदलामा तमसुकमा लेखिएको रकममा एउटा शून्य थप गर्न राजी गराउछ। अशिक्षित तथा लिखतका विषयमा अनविज्ञ रहेकाले थारूले यसको परिणाम बुझ्न सक्दैनन् र राजी हुन्छन्। अन्तत: साहुले ऋणीले शुरुमा लिएको ऋणभन्दा धेरै बढी जुन उसले तिर्न सक्ने क्षमता हुँदैन सो रकमको तमसुकको आधारमा ऋण तिर्न उसले पूरै वा केही जग्गा गुमाउनु पर्छ। हेनुहोस् अर्जन गुणरत्ने, मोर्डनाइजेस, दि स्टेट एण्ड दि कन्स्ट्रक्सन अफ ए थारू आइडेन्टिटी इन नेपाल १९९८, पेज ७५९

४४ किशोरी तथा महिला, विशेष गरी थारू समुदायका जमिनदारको घरमा बधुँवा मजदुरका रूपमा छन्।

४५ "दाङमा, जग्गा, ठूलो परिणाममा बसाई सराई र गरिबीले गर्दा .... (आर्थिक अभावको कारणले कतिपय प्रमुख चाड जुन पहिले वार्षिक रूपमा मनाइन्थ्यो आज केही पनि मनाइदैन"। चितवनमा, मलेरिया उन्मूलन परियोजनाको उपलब्धिपछि बस्ती बसाल्नेले जङ्गल सखाप पार्दा जङ्गलमा बसोबास गर्ने देवताको पनि क्षति हुँदा परम्परागत पात्रोबाट समेत हराउन गयो। चितवनका थारूले आफ्ना देवताको सम्बन्ध सिधै जङ्गलसँग रहेको विश्वास गर्छन्; तर जब जङ्गलहरू सखाप भए, उनीहरूले उक्त स्थान देवताले समेत छोडेको विश्वास गरे। जब परम्पराहरू मनाईदैन, नयाँ पिढी ती परम्पराको विषयमा जानकार हुन सक्दैन र त्यो स्थानीयको ज्ञानबाट समेत हराउँछ। अर्जन गुणरत्ने मोर्डनाइजेस, दि स्टेट एण्ड दि कन्स्ट्रक्सन अफ ए थारू आइडेन्टिटी इन नेपाल १९९८

४६ छलफलको क्रममा, मुक्त कमैया तथा कमलरीका प्रतिनिधिले हालसम्म पनि उनीहरूका केही साथी कमैयाको रूपमा काम गरिरहेको बताए। ४१२ भन्दा बढी कमलरी हालसम्म पनि विभिन्न जिल्लामा बधुँवा मजदुरको रूपमा काम गरिरहेका छन्। दाङ, बर्दिया, कैलाली, कञ्चनपुर र बाँकेमा कम्तीमा पनि ५००० मुक्त कमैया पहिचान गर्न बाँकी छ।

४७ छलफलको क्रममा, मुक्त कमैया तथा कमलरीका प्रतिनिधिले हालसम्म पनि उनीहरूका केही साथी कमैयाको रूपमा काम गरिरहेको बताए। ४१२ भन्दा बढी कमलरी हालसम्म पनि विभिन्न जिल्लामा बधुँवा मजदुरको रूपमा काम गरिरहेका छन्।

४८ पुनर्स्थापनाको संयन्त्रमा घर निर्माण गर्न रु. १०,००० भत्ता, ७५ क्यू.फि. काठ, जग्गा वितरण र अन्य सहयोगका संयन्त्रका प्रावधान आंशिकरूपमा मात्र कार्यान्वयन भएका छन्। सरकारको मुक्त कमैया र कमलरीलाई नि:शुल्क उच्च शिक्षाको प्रतिबद्धता विपरीत विद्यालयहरूले विभिन्न शीर्षकमा शुल्क लिइरहेका छन्।

४९ जमिन्दारले पैसा सापटी दिन्छन् जब उक्त पैसा भाखाभित्र तिर्न सक्दैनन् जमिन्दारले उक्त भाखा बडाइदिन्छन् र अन्तत: साँहुले ऋणीले शुरुमा लिएको ऋणभन्दा धेरै बढी रकमको तमसुकमा बाध्छ। सहीछाप गराउँछ, र आफ्नो क्षमता भन्दा बाहिर हुन्छ र ऋणीमा बधुँवा हुनपुग्छ।

(ख) **व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार**

२३. **गैरन्यायिक हत्या**[५०]: सन् २०१० देखि २०१४ सम्मको प्रतिवेदन अनुसार ६९ व्यक्तिहरूको गैरन्यायिक हत्या भएको छ।[५१] धेरैजसो पीडितलाई गिरफ्तारीपछि हत्या गरिएको तथ्य प्रत्यक्षदर्शी र मृतकका परिवारले खुलाएका छन्।[५२] यस किसिमका हत्याको सङ्ख्या जारी रहेको र त्यस्ता हत्याहरूमाथि अनुसन्धानको मागको सुनुवाइ भएको छैन।

**सिफारिश**

- पक्राउ पूर्जीबिना पक्राउ, यातना, गैरन्यायिक हत्या र अन्य कुकृत्य रोक्न संयन्त्रहरू निर्माण गर्नुपर्ने।[५३]

२४. **यातना र फौजदारी संहिता विधेयक**[५४]: फौजदारी संहिता विधेयक तथा यातना विधेयकले यातनाविरुद्धको महासन्धिको यातनाको परिभाषा समेटेको छैन। पाँच वर्ष मात्र सम्मको दण्ड सजाय र यातनाका क्रियाकलाप पश्चदर्शीरूपमा अस्वीकार्य भएको प्रावधान, विगत र वर्तमान दोषीहरूका लागि उन्मुक्तिजस्ता प्रावधान विधेयकमा छन्।

**सिफारिश**

- यातनाविरुद्धको महासन्धिको प्रावधान अनुरूप बनाउन यातना विधेयकलाई संशोधन गर्नुपर्ने।
- अन्तर्राष्ट्रिय उत्तरदायित्व अनुरूप फौजदारी संहिता विधेयकमा बलात् बेपत्ताको प्रावधान संशोधन गर्नुपर्ने।
- यातनापीडितका लागि पुन:स्थापना र हानिपूरणको लागि उचित संयन्त्र सुनिश्चित गर्नुपर्ने।
- प्रहरीको कार्यक्षमता बढाउन र उनीहरूविरुद्ध लाग्ने यातना र क्रूर, अमानववीय तथा अपमानजनक व्यवहार वा दण्डको आरोपहरूको अनुसन्धानका लागि उचित संयन्त्र निर्माण गर्न।

२५. **महिला विरुद्धको हिंसा**: बढ्दो घटनाहरूको प्रतिवेदनसँगै महिला विरुद्धका हिंसा अझै पनि प्रमुख चुनौती रहेको छ।[५५] सन् २०१४ मा २३८ महिला र ५२५ किशोरी बलात्कृत भएका थिए[५६]। सन् २०१५ फेब्रुअरीमा दुई

---

५० सिफारिश नं. १०६.३६, १०७.१५, १०८.१७, १८, १९ र १०९.१४

५१ नेपाल मानवअधिकार वर्षपुस्तक, २०११–२०१५: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाडौं, नेपाल

५२ २०६६ माघ २२ गते तराईका सशत्र समूहका सदस्य जिल्ला सिराहा राघोपुर गाविस-९ का ३० वर्षे नवलकुमार यादव जनकपुर नगरपालिका-६, धनुषामा प्रहरीसँगको मुडभेडमा मारिए भनिए भनियो तर स्थानीयका अनुसार उनलाई पक्राउ गरेपछि मात्र मारिएको हो। तराई बढ्दो आपराधिक गतिविधि नियन्त्रण गर्ने नाममा, सरकार स्वेच्छाचारी हत्यामा संलग्न देखिन्छ। आरोपितलाई सजाय पनि भएन र यस किसिमका घटनाको अनुसन्धान पनि भएन। नेपाल मानवअधिकार वर्षपुस्तक, २०११: पृ. १५, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाडौं, नेपाल, २०११

५३ अघिल्लो सिफारिश हेनुहोस्, "पक्राउ पुर्जी बिना पक्राउ गर्ने, यातना, गैरन्यायिक हत्या तथा अन्य दुर्व्यवहारलाई रोक्न आवश्यक संयन्त्र अपनाउन र कानुन कार्यान्वयन गर्ने निकायका कथित दुर्व्यवहार शिघ्र तथा निष्पक्ष छानबिन हुने सुनिश्चित गर्न (जापान); जबरजस्ती बेपत्ता, यातनाका घटना, पक्राउ पुर्जी बिनाका पक्राउ तथा प्रहरी तथा नेपाल सैनिकका गैरन्यायिक हत्या जस्ता दुर्व्यवहार तथा दुरुपयोगका सम्पूर्ण घटनाहरू अनुसन्धान गर्न र यस प्रकारका गम्भीर मानवअधिकारको हननमा न्याय दिने सुनिश्चित गर्न (हंगेरी) (अनुच्छेद १०७.१५ UPR Nepal 2011; A/HRC/17/5); गैरन्यायिक हत्याको आरोपमा अनुसन्धान गर्न र सुरक्षा निकायको गतिविधिका लागि एक स्वतन्त्र उजुरी संयन्त्र विकास गर्न (डेनमार्क) (अनुच्छेद १०८.१८ UPR Nepal 2011; A/HRC/17/5); तथा गैरन्यायिक हत्या तथा स्वेच्छाचारी कार्यान्वयनका सम्पूर्ण आरोपहरू निश्पक्ष अनुसन्धान गर्न, जिम्मेवारका विरुद्ध मुद्दा चलाउन, र गैरन्यायिक हत्या, स्वेच्छाचारी कार्यान्वयन, र जबरजस्ती वा अनैच्छिक बेपत्ताविरुद्धको कार्य समूहको भ्रमणको आग्रह स्वीकार गर्न (इटाली) (अनुच्छेद १०८.१९ UPR Nepal 2011; A/HRC/17/5)"

५४ सिफारिश नं. १०६.३, १०७.१, १५, १६, १७, १०९.१, १३, १५

५५ सन् २०११ देखि २०१४ सम्मको अभिलेखले क्रमश: १५६९, १५८१, १७०३, २२२५ महिला विरुद्धको हिंसाका घटना।मुद्दा गरी बढ्दो क्रममा रहेको देखाउँछ। (ओरेकको अभिलेख)

५६ नेपाल मानवअधिकार वर्षपुस्तक, २०१५, इन्सेक, पृ. ३४९–३५०

स्कूले बालिका विरुद्ध तेजाब आक्रमणको एक घटना रिपोर्ट भएको थियो। सन् २०१५ मार्चमा एक ६ वर्षीया बलात्कारपीडित बालिकाको यौन र शारीरिक हिंसाको कारण मृत्यु भएको थियो।

२६. घरेलु हिंसा, बोक्सी आरोप, दाइजो[५७], यौन र लिङ्गका आधारमा हुने हिंसा, बेचविखन, बहुविवाह, छाउपडी र कन्यादानलगायत परम्परागत विकृत प्रचलनहरू, आत्महत्या र बालिका बालश्रम सबैभन्दा निकृष्ट प्रकारका महिला विरुद्धका हिंसा हुन्। दर्ता भएका महिला विरुद्धका घटनामध्ये घरेलु हिंसाको सङ्ख्या बढिरहेको प्रतिवेदनले देखाएको छ।[५८] जबरजस्ती करणी मुद्दामा ३५ दिने कानुनी हदम्याद र घरेलु हिंसाको अपर्याप्त परिभाषा र घरेलु हिंसा ऐनमा मेलमिलापको प्रावधानबाट कानुनी कारबाही प्रभावहीन परिणाम प्राप्त गर्छ।

**सिफारिश**

- सर्वोच्च अदालतले २०६६ र २०७० सम्ममा गरेका घरेलु हिंसा ऐनमा संशोधन र महिला विरुद्धका हिंसाका मुद्दाहरूमा द्रुत न्यायको प्रावधानसम्बन्धी फैसलाहरूको कार्यान्वयन गर्नुपर्ने।
- सबै जिल्लाहरूमा सुधारिएको र व्यवसायिक कुशलतापूर्वक संरक्षण केन्द्रको स्थापना गर्नुपर्ने।
- आत्महत्या गर्न उक्साउने कार्य अपराध ठहऱ्याउँदै यस विरुद्ध कानुनी संरक्षण सुनिश्चित गर्नुपर्ने।

२७. **मानवअधिकार रक्षकः** पत्रकारलगायत मानवअधिकार रक्षकहरूले गम्भीर धम्की र शारीरिक नोक्सानीको सामना गर्नुपर्छ, त्यस कारण आफ्नो कामलाई सीमित गर्न बाध्य हुन्छन्[५९]। महिला मानवअधिकार रक्षकले समान दायित्व बहन गर्छन्। तर, उच्च तहको जोखिमको सामना गर्नुपर्छ। यौन तथा प्रजनन अधिकार र यौन तथा घरेलु हिंसाविरुद्धको वकालत गर्ने महिला मानवअधिकार रक्षकहरूले ती कार्य सम्पादनका क्रममा निरन्तर धम्की पाइरहेका छन्[६०]।

**सिफारिश**

- नयाँ कानुनी, नीतिगत र कार्यक्रमिक हस्तक्षेपलगायत मानवअधिकार रक्षक तथा महिला मानवअधिकार रक्षकको पहिचान, सहयोग र सुरक्षा सुनिश्चित गर्नुपर्ने।
- पूर्ण अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गर्न तत्काल कदम चाल्नुपर्ने।
- मानवअधिकार रक्षक विरुद्ध त्रास, धम्की, शारीरिक नोक्सानी, आक्रमणको प्रणालीबद्ध अनुसन्धानका उपायहरू अपनाउनुपर्ने।
- अन्तर्राष्ट्रिय मापदण्ड अनुसार राष्ट्रिय सुरक्षा, अपशब्द भाषण, गोपनीयता, अदालतको अपहेलना र अश्लीलताका आधारमा अभिव्यक्तिको स्वतन्त्रता प्रतिबन्ध परिभाषित गर्नुपर्ने।

२८. **बेचविखन[६१]**: उदीयमान प्रवृतिको रूपमा रहेको श्रम आप्रवासनमा बेचविखनको समस्याको बेवास्ता भइरहेको छ। महिला वैदेखिक कामदारका लागि सरकारले ३० वर्ष उमेर सीमाको नीतिले महिलाको बेचविखनमा अवैध र अनौपचारिक माध्यमलाई निरन्तरता दिइराखेको छ। आन्तरिक बेचविखनको रूपमा मनोरञ्जन क्षेत्रमा बेचिएका महिला र किशोरीहरू केही निकृष्ट प्रकारका श्रम शोषणका शिकार भइरहेका छन्। वर्तमान कानुन

---

५७ सन् २०१४ मा ९ महिलाले दाइजो सम्बन्धी हिंसामा आफ्नो ज्यान गुमाए। नेपाल मानवअधिकार वर्षपुस्तक, २०१५, इन्सेक

५८ सन् २०११ मा ओरेकमा दर्ता भएका घरेलु हिंसाका घटना/मुद्दाको सङ्ख्या १००२ (अभिलेख भएका कूल मुद्दाको ६४%), सन् २०१२ मा १०१९ (अभिलेख भएका कूल मुद्दाको ६४%) र २०१३ मा १०४० (६१%) र २०१४ मा १५०३ (६७.६%)।

५९ फ्रि द प्रेस, http://www.ekantipur.com/the-kathmandu-post/2014/05/01/oped/free-the-   press/262316.html

६० नेपाल मानवअधिकार वर्षपुस्तक २४६, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाडौँ

६१ सिफारिश नं. १०६.४,३१, १०८.२० र २१

र नीतिको रूपरेखाले यस विषयमा पर्याप्त बोलेको छैन। दलित र जनजाति किशोरीहरू बेचविखनका दृष्टिकोणबाट धेरै जोखिममा रहेका छन्।[६२]

**सिफारिश**

- विद्यमान कानुनहरूलाई सशक्त बनाउन बृहत् कानुन निर्माण गर्नुपर्ने र उद्धार गरिएकाको पुन:स्थापनाका लागि ठोस कदमहरू चाल्नुपर्ने।
- मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को पूर्ण कार्यान्वयन गर्नुपर्ने।

**(ग) दण्डहीनतालगायत न्याय प्रशासन र कानुनी शासन**

२९. **स्वच्छ सुनुवाइको अधिकार**[६३]: फौजदारी न्याय प्रणालीमा उपयुक्त कानुनी रूपरेखा र पर्याप्त स्रोतको अभाव छ। यहाँ अनुसन्धान, अभियोजन र कानुनी प्रकृयाका बीच प्रभावकारी समन्वयको कमी छ। धेरै बन्दीले यातना तथा अमानवीय व्यवहार भोगिरहेका छन् र स्वच्छ सुनुवाइबाट वञ्चित छन्।[६४] पीडित र साक्षीको सुरक्षा अस्थायी र निस्प्रभावी छ। जेलको क्षमता लगभग ८,९८५ मात्र भएकोमा १७,१४६ जना हिरासतमा रहेका छन्[६५]।

**सिफारिश**

- स्वच्छ सुनुवाइ सुनिश्चित गर्न कानुन, पूर्वाधारको विकास र फौजदारी न्याय संयन्त्रहरूमा लगानी गर्नुपर्ने।
- फौजदारी न्याय संस्थानहरूजस्ता औपचारिक संयन्त्रबीच समन्वय कायम गर्न फौजदारी न्याय समन्वय समितिको स्थापना गर्नुपर्ने।
- साक्षी र पीडितको संरक्षणसम्बन्धी विस्तृत कानुनको निर्माण गर्नुपर्ने।

३०. **न्यायमा पहुँच तथा प्रभावकारी उपचार**[६६]: मुद्दामा ढिलासुस्ती सामान्य समस्या हो।[६७] न्यायिक प्रकृया महङ्गो तथा ढिलो छ र स्वीकारोक्तिको प्रयोगले न्याय प्रशासनलाई सन्देहपूर्ण बनाएको छ। महिलालगायत आदिवासी जनजातिमा कानुनी सहायता पहुँच मुश्किल छ। राजनीतिक, सामाजिक र कानुनी सीमाका कारण धेरै महिलाका लागि औपचारिक न्याय अझै पनि चुनौती बनेको छ। फौजदारी संहिता विधेयकले बलात्कार र यौन हिंसाको हदम्यादको सीमामा वृद्धि गरेको छ तर अझै पनि पर्याप्त छैन। यौन हिंसा र जातिका आधारमा विभेदका लगायतका हिंसाका पीडित महिलालाई कानुनी उपचारभन्दा जबरजस्ती मेलमिलापका लागि बाध्य गराइन्छ।

---

६२ उद्धार गरिएका ८२१ महिला मध्ये ७६ प्रतिशत महिला आदिवासी समुदाय र दलित (१२%) र बाहुन तथा क्षत्री (१२%) रहेको एक अध्ययनले देखाउँछ। http://www.indigenousvoice.com/7-out-of-every-10-victims-of-trafficking-in-person-are-indigenous-women-and-girls-in-nepal.html#sthash.oRTS5TL2.dpuf

६३ सिफारिश नं. १०६.३५ र १०७.१५

६४ ४६.७% मुद्दाको सुनुवाइ समयमा हुँदैन, ४०% बिना पक्राउ पुर्जी पक्राउ पर्छन्, ६०% लाई २४ घण्टाभित्र अदालतमा पेश गरिँदैन, ४५% लाई हत्कडी लगाइएको हुन्छ, ७३% सँग जबरजस्ती बयान लिएको हुन्छ, ६.७% लाई पक्राउको कारण जानकारी हुँदैन, ५५% लाई जिल्ला न्यायाधिवक्ताले सोधपुछ गर्छन्, थुनछेकको बहसमा ३३% लाई न्यायाधीशले सोधपुछ गर्छन्, ६०% ले कानुन व्यवसायीसँग सल्लाह लिन पाएका हुँदैनन्, ५३.३% लाई थुनामा मानवीय व्यवहार गरिएको हुँदैन: स्वच्छ सुनुवाईसम्बन्धी अनुसन्धानमुलक एक अध्ययन, राष्ट्रिय न्यायिक प्रतिष्ठान र इन्सेक, कात्तिक, २०६९, पृ. १५७–१८५।

६५ नेपाल मानवअधिकार वर्षपुस्तक, २०१५, इन्सेक, पृ. ३५७

६६ सिफारिश नं. १०६.५, २३, ३७, ३८, १०७.१५, २३, १०८.२२, २६

६७ सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार जिल्ला अदालतमा १,२३७ र पुनरावेदन अदालतमा ३७८ मुद्दाहरू २ वर्ष नाघेका छन्।

**सिफारिश**

- अदालतमा शीघ्र कारवाही अदालत र मुद्दाको प्रभावकारी निरन्तर सुनुवाइजस्ता संयन्त्रहरू अपनाई न्यायमा पहुँचको सुनिश्चित गर्नुपर्ने।
- न्यायिक र अर्धन्यायिक निकायहरूका लागि पर्याप्त मानव र आर्थिक स्रोतहरू बाँडफाड गर्नुपर्ने।
- प्रजातान्त्रिक सिद्धान्त र मानवअधिकारमैत्री नीतिहरूसहित नयाँ नेपाल प्रहरी ऐन बनाउनुपर्ने।

३१. **सङ्क्रमणकालीन न्याय**[६८]: मानवअधिकार समुदाय र पीडितहरू[६९]ले केही प्रावधानहरू[७०]को आलोचना गरे तापनि सत्य निरूपण तथा मेलमिलाप ऐन लागू भयो। हालै सर्वोच्च अदालतको फैसला[७१]ले ऐनका केही प्रावधानहरूलाई अमान्य ठहर गरेको छ। राजनीतिक प्रभावमा आयुक्तहरूको नियुक्तिले आयोगको सत्य, न्याय, हर्जाना र संस्थागत सुधारका उद्देश्यहरूलाई कमजोर बनाउन सक्छ। सरकारले प्रदान गरेको राहतको प्रभावकारिता सार्वजनिक भएको छैन[७२]।

३२. महिला द्वन्द्वपीडितहरू सङ्क्रमणकालीन न्याय प्रक्रियामा पछाडि परेका छन्। उनीहरूको अनुभवमा सरकारले भौतिक पुन:निर्माण र सङ्क्रमणकालीन न्याय संयन्त्रको स्थापनामा मात्र ध्यान दिई द्वन्द्वको आर्थिक, सामाजिक, सांस्कृतिक र शारीरिक प्रभावलाई बेवास्ता गरेको छ। द्वन्द्वमा बाँचेका यौन हिंसा पीडितलाई द्वन्द्वपीडितको रूपमा स्वीकार गरिएको छैन। अन्तरिम राहत कार्यक्रमले यौन हिंसाका पीडितलाई द्वन्द्वप्रभावित व्यक्तिको रूपमा पहिचान गरेको छैन। यहाँ द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितहरूको सरकारी तथ्याङ्क छैन। द्वन्द्वको समयमा भएका यौन हिंसाका घटनाहरू अझै पनि छानबिन गर्नु बाँकी नै छ।

३३. प्रक्रियामा सङ्क्रमणकालीन न्यायिक प्रक्रियामा भेटिङ (उचित जाँचबुझ) समावेश गरिएको छैन। सुरक्षा निकायसँग जाँचबुझका केही प्रावधान[७३] भए तापनि संयुक्त राष्ट्रिय शान्ति सेनामा मात्र केन्द्रित छ। कङ्गोबाट मेजर निरन्जन बस्नेतको प्रत्यावर्तन[७४] र बेलायत सरकारले कुमार लामालाई थुनामा राखेको[७५] जस्ता उदाहरणले द्वन्द्वसम्बन्धी मुद्दाहरूमा अभियोग दायर गर्न सफल नभएको देखाउँछ।

---

६८ सिफारिश नं. १०६.१३, १८, २७, ३३, ३४, ३६, १०७.२५, १०८.२२, २४, २५, ३०

६९ सत्य निरूपण आयोग ऐन, दफा २(ङ), २२, २५ २(क), २६

७० सत्य निरूपण आयोग र बेपत्ता छानबिन आयोगको मस्यौदा पारित गर्न मिति २०६९/५/११ मा राष्ट्रपतिसमक्ष पेश भएको थियो तर यसका केही प्रावधान पीडकको पक्षमा भएकोले पीडितले सर्वोच्च अदालत प्रवेश गरे। २०७० पुस १८ गते। महिनामा सर्वोच्च अदालतले मानवअधिकारको अन्तर्राष्ट्रिय मापनसँग बाझिएका सत्य निरोपण आयोगका प्रावधान अमान्य घोषित गर्‍यो र संशोधनको आदेश दियो। यसका बाबजुत, सरकारले सोही मस्यौदामा सामान्य फेरबदल गरी मस्यौदा टेबल गर्ने प्रकृयामा गयो।

७१ मिति २०७१/११/१४ को सर्वोच्च अदालतको फैसलाले कारवाहीको क्रममा रहेका मुद्दाहरू सत्य निरूपण आयोग तथा बेपत्ता छानबिन आयोगको विषय भित्र नपर्ने प्रष्ट गरेको छ। मेलमिलापको प्रयोजनको लागि पीडितको पूर्ण सहमति आवश्यक छ। बलात्कार र अन्य गम्भीर अपराधजस्तै यातना, जबरजस्ती बेपत्ता र गैरन्यायिक हत्यामा कुनै प्रकारको दण्डहीनता हुने छैन। आयोगले महान्यायधिवक्ताको कार्यालयलाई मुद्दा चलाउन सिधै सिफारिश गरेर पठाउन सक्ने छ। सर्वोच्च अदालतले आयोगलाई आफ्नो काम कारवाहीमा सर्वोच्च अदालतका पूर्व फैसलाहरू निर्देशिकाको रूपमा प्रयोग गर्न समेत आदेश दिएको छ।

७२ नेपाल प्रहरी, नेपाल सैनिक र सशस्त्र प्रहरी बल http://advocacyforum.org/downloads/pdf/publications/Discriminations_and_Irregularities_A_painful_tale_of_Interim_Relief_in_Nepal.pdf

७३ अलेकजेन्डर मेयर-रिक, बिल्डिङ ट्रष्ट एण्ड स्ट्रेनथनिङ दि रुल अफ ल भेटिङ दि सेक्युरिटी सेक्टर इन नेपाल, आईसीटीजे ब्रिफिङ अप्रिल २०१२।
http://www.ictj.org/sites/default/files/Nepal%20Building%20Trust%20and%20Strengthening%20the%20Rule%20of%20Law%20August%20final2012.pdf.

७४ मैना सुनारको गैरन्यायिक हत्या: ए केस स्टडी http://www.inseconline.org/pics/1272358753.pdf

७५ एडभोकेसी फोरम नेपाल, भेटिङ इन नेपाल च्यालेञ्ज एण्ड इस्युज् (काठमाडौं: २०१४) http://www.achrweb.org/reports/DPKO-Nepal.pdf.

**सिफारिश**

- गम्भीर मानवअधिकारका उल्लङ्घनलाई सम्बोधन गर्न सर्वोच्च अदालतका फैसला[७६]को सम्मान गर्नुपर्ने।
- द्वन्द्वको समयमा भएका यौन हिंसाका पीडितलाई द्वन्द्वपीडितको रूपमा पहिचान गर्ने र उनीहरूलाई अन्तरिम राहत कार्यक्रमसहित सबै सहायताका कार्यक्रमहरूमा समावेश गर्नु पर्ने।
- चिकित्सा, मनोसामाजिक, कानुनी र जीविकोपार्जनमा सहयोगलगायतका सेवाहरू उत्तरजीवीलाई तत्काल उपलब्ध गराउनु पर्ने।
- सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको सम्पर्कमा आउने तथा पीडित र साक्षीहरूको सुरक्षा सुनिश्चित गर्नु पर्ने।
- सङ्क्रमणकालीन न्यायको प्रक्रियामा भेटिङ (जाँचबुझ) दृष्टिकोण प्रयोग गर्ने र कानुन तथा संस्था सुधार सुनिश्चित गर्नुपर्ने।

३४. **दण्डहीनता**[७७]: गम्भीर अपराधहरू जस्तै यातना दिने र बेपत्ता पार्ने कार्यलाई कानुनमा पर्याप्तरूपमा परिभाषित गरिएको छैन। अझै पनि केही जाहेरी दर्ता गर्न इन्कार गरिएको छ। गैरन्यायिक हत्याको सही तरिकाले अनुसन्धान गरिएको छैन। राजनीतिक आबद्धताका कारण केही मुद्दाहरूमा दोषीहरूलाई पक्राउ गरिएको छैन[७८]।

**सिफारिश**

- प्रहरीलाई जाहेरी दर्ता गर्न जिम्मेवार र जवाफदेही बनाउनुपर्ने।
- कानुनको समानता र कानुनी राज्य कायम राख्न दण्डहीनता विरुद्ध योजना बनाउनुपर्ने।

३५. **भ्रष्टाचारः** ट्रान्सपरेन्सी इन्टरनेशनलको सूची[७९]ले सार्वजनिक भ्रष्टाचार व्याप्त रहेको देखाएको छ। प्रधानमन्त्री सुशील कोइरालाले पनि उच्च तहको भ्रष्टाचार स्वीकारेका छन्।[८०] केवल घूस लेनदेनविरुद्धको कामले सकरात्मक परिणाम बनाउन सक्दैन।[८१] सम्पत्ति शुद्धीकरणको जोखिममा नेपाल दक्षिण एसियाली राष्ट्रमा दोस्रो स्थानमा रहेको छ।[८२] अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सक्रियता साना दर्जाका पदाधिकारीहरूलाई पक्रनुमा सीमित छ।

---

७६ क्षमादानको प्रावधानलाई शून्य बनाउने सर्वोच्च अदालतको फैसलाले जबरजस्ती मिलापत्रलाई सदर गरेको छ।

७७ सिफारिश नं. १०६.३१, ३८, १०७.२, ३

७८ http://www.ekantipur.com/the-kathmandu-post/2011/05/17/top-story/impunity-watch-cases-against-maoists-beingfast-withdrawn/221795.html:
एडभोकेसी फोरम, इभेडिङ एकाउण्टेबिलिटी बाई हुक अर ऋुक: दि इस्यु अफ एम्नेस्टिज् इन पोस्ट-कन्फ्लिक्ट नेपाल. (काठमाण्डौं: २०११) पृ. २, ८, प्राप्त हुने: http://www.advocacyforum.org/downloads/pdf/publications/evadingaccountability-by-hook-or-by-crook.pdf तथा रिपब्लिका, “भिक्टिम्स किन कन्डेम्स् प्रपोजल टु पार्डन माओइस्ट लमेकर”, २०६८ असोज १६ गते, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=36828; किरण चापागाईं, “पीएम, एजी सोलिसिट प्रेसिडेन्ट टु पार्डन ढुङ्गेल”, २०६८ कात्तिक २८ गते, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=37996.

७९ ट्रान्स्परेन्सी इन्टरनेशनलको वार्षिक सर्भेक्षण अनुसार १७५ मुलुकमध्ये २९ अङ्कका साथ नेपाल १२६ औं स्थान परेको छ। गत वर्ष १७६ मुलुक मध्ये ११६ औं स्थानमा रहेको थियो।

८० http://www.tinepal.org/?p=161986

८१ http://www.ekantipur.com/2014/12/04/top-story/nepal-slips-on-ti-corruption-index/398522.html

८२ http://www.ekantipur.com/2014/08/25/capital/anti-money-laundering-report-nepal-is-second-riskiest-in-sasia/394062.html

**सिफारिश**

- भ्रष्टाचार रहेको नियन्त्रण गर्न सख्त कदमहरू र भ्रष्टाचारका मुद्दाहरू छिटो छिनोफानो गर्ने संस्थागत नीति बनाउनुपर्ने।
- सजाय र जरिवानामा वृद्धि गर्नुपर्ने र उच्च तहका पदाधिकारीहरूको जवाफदेहिता सुनिश्चित गर्नुपर्ने।
- उजुरी प्रकृया, अनुसन्धान र कानुनी कारवाहीमा पारदर्शिता तथा सामान्य पहुँच सुनिश्चित गर्नुपर्ने।

३६. **गरिबी निवारण**[८३]: नेपालमा गरिबी एक प्रमुख समस्या हो। सरकारले गरिबी निवारणका धेरै कार्यक्रमहरू घोषणा गरे तापनि प्रभावकारी ढङ्गले कार्यान्वयन भएका छैनन्। अधिकांश गरिबी निवारण कोषहरू दुरूपयोग भएका छन्।

**सिफारिश**

- प्रभावकारी योजना र नीतिहरू तर्जुमा गर्ने तथा उचित कार्यान्वयनका साथै कार्यान्वयन निकायहरूको अनुगमन गर्नुपर्ने।
- गरिबी निवारण कार्यक्रमका कोषहरू पारदर्शीरूपले सञ्चालन प्रयोग भएको सुनिश्चित गर्नुपर्ने।
- सरोकारवालाहरूसँग परामर्श तथा मन्त्रालयहरूबीच समन्वय हुनुपर्ने।
- गरिबी निवारणसम्बन्धी योजना र नीतिहरूको प्रभावको मूल्याङ्कन गर्नुपर्ने।

**(घ) गोपनीयताको अधिकार, विवाह र पारिवारिक जीवन**

३७. **बाल विवाह**ः बाल विवाह अझै पनि व्याप्त छ[८४]। देशको विभिन्न क्षेत्रमा रहेका धेरै समुदायहरूमा विवाहका लागि केटीहरूको अपहरण पनि हुन्छ।[८५] विद्यमान कानुनी प्रावधानहरूको कार्यान्वयनको अभाव एक समस्या भएको छ। बाल विवाह[८६]ले आङ्ग खस्ने तथा किशोर अवस्थामा गर्भाधारणको जोखिम उच्च दरले बढाउने गर्छ।

**सिफारिश**

- विवाहको न्यूनतम कानुनी उमेरको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने।
- किशोरीहरूलाई हुन सक्ने यौन शोषण तथा हिंसा र प्रजनन स्वास्थ्यमा हानि तथा यससम्बन्धी उल्लङ्घनहरूबाट संरक्षण गर्नुपर्ने।

**(ङ) कामको अधिकार र न्यायिक तथा कामको अनुकूल अवस्था**

३८. **अनुकूल वातावरणमा काम गर्ने अधिकार**[८७]: मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको काम र योगदान[८८]को मान्यता छैन र श्रम कानुनले पनि नियमन गरेको छैन। फलस्वरूप असमान तथा न्यून तलब, अनिश्चित कार्य अवधि, नोकरीको असुरक्षा, कार्यस्थलमा उत्पीडन तथा हिंसा र स्वेच्छाचारी गिरफ्तारीलगायतका दुरूपयोग र कलङ्क भोग्ने गरेका छन्।

---

८३ सिफारिश नं. १०६.४३, ४४, ४५, ४८

८४ १५–१९ उमेर समूहमा २३.०९% महिला र ७.०५% पुरुष विवाहित भएबाट बालिकाहरूमा बालविवाह व्याप्त रहेको देखाउँछ। केन्द्रीय तथ्याङ्क विभाग, प्रथम संस्करण, २०१४, पृ. ७८)

८५ किडन्यापड एट १३: नेपाल्स् दलित चाइल्ड ब्राइड, http://news.yahoo.com/kidnapped-13-nepals-dalit-child-brides-044202169.html

८६ सन् २०११ को राष्ट्रिय सर्भेक्षणले १५–१९ वर्षका २९% बालिका विवाहित रहेको देखाउँछ।

८७ सिफारिश नं. १०६.४०, ४६, १०७.२०, १०८.३१, ३२, ३५

८८ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको तथ्याङ्कमा ४०,००० र गैसस (नेपालमा महिलाको लागि महिला मञ्च)को तथ्याङ्कमा काठमाडौँमा मात्र ५०,००० देखाउँछ।

**सिफारिश**

- रेस्टुरेन्ट, बार र अन्य मनोरञ्जन क्षेत्रहरूका महिला कामलाई अनुकूल वातावरण सिर्जना गर्ने गरी श्रम कानुनअन्तर्गत ल्याउनुपर्ने।
- मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाको संरक्षण, काम गर्ने अवस्थामा सुधार तथा नोकरी सुरक्षा सुनिश्चित गर्ने र उजुरी संयन्त्रको स्थापना गर्नुपर्ने।

३९. **खाद्य अधिकार**[८९]: त्रिचालीस जिल्लामा पर्याप्त खाद्य वितरणमा अभाव छ।[९०] तीमध्ये तेईस जिल्लामा अपर्याप्त खाद्यको समस्या छ। महिला, दलित, बालबालिका[९१], आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, हरूवा, चरुवा, बालीघरे र मुक्त कमैया र मुक्त हलियाहरूलगायतका अल्पसङ्ख्यक समुदायहरू खाद्य अभावका कारणले थप जोखिममा छन्। नेपालको अन्तरिम संविधान[९२] अन्तर्गत खाद्य सम्प्रभुता सुरक्षित छ र साथै सर्वोच्च अदालतले खाद्य वस्तुमा जनताको सरल पहुँच सुनिश्चित गर्न सरकार जिम्मेवार रहेको निर्णय गरेको छ।[९३] खाद्य सम्प्रभुत्ताको विषयमा यसको पहुँच, पर्याप्तता, उपलब्धता र गुण ठूलो चासोको विषय हो। गर्भावस्थाको समयमा र प्रसवपछि महिलाहरू पौष्टिक खानाबाट वञ्चित छन्।

**सिफारिश**

- नयाँ संविधानमा खाद्य सम्प्रभुतालाई सुनिश्चित तवरले मौलिक अधिकारमा समावेश गर्ने।
- अल्पसङ्ख्यक र पिछडिएका समुदायलाई लक्षित गरी सुरक्षित खाद्य सम्प्रभुताको अधिकारसम्बन्धी कानुन, नीति र नियमहरू तर्जुमा गर्नुपर्ने।
- जमिन सम्बन्धित कानुनलगायत कृषिलाई आधुनिकीकरण गर्ने र विकासका परियोजनामा प्रभावित व्यक्तिको अधिकारहरू सुनिश्चित गर्नुपर्ने।

४०. **सामाजिक सुरक्षाः** सरकारले वरिष्ठ नागरिक, एकल महिला, बालबालिका, दलित तथा लोपोन्मुख जातीय समूहहरूलाई भत्ता प्रदान गर्दै आएको छ। तथापि नागरिकता प्रमाणपत्र नहुनाले धेरै वरिष्ठ नागरिकहरूले सजिलै भत्ता प्राप्त गर्न सक्दैनन्[९४]।

**सिफारिश**

- सामाजिक सुरक्षा कार्यक्रमले भत्ताका साथै अन्य कार्यक्रम ल्याउनुपर्ने।
- गरिबीको रेखामुनि रहेका हिंसापीडित सबै एकल र घरमूली महिलाले भत्ता प्राप्त गर्नुपर्ने।

---

८९ सिफारिश नं. १०६.४६,४९, ५०

९० http://www.usaid.gov/sites/default/files/documents/1866/Nepal%20CSI%20FY%202014.pdf

९१ http://www.fao.org/fileadmin/templates/righttofood/documents/project_b/Nepal-GCPGLO324NOR-ConceptNote.pdf

९२ नेपालको अन्तरिम संविधान, २०६३, धारा १८(३)

९३ प्रकाशमणि शर्मा समेत ने.का.प. २०६५ (२००८) पृ.१४९

९४ नागरिकता प्रमाणपत्रमा भुलवश उमेर घटाइएको छ

४१. **स्वास्थ्यसम्बन्धी अधिकार**[९५]: सरकारले केही नयाँ योजना र नीतिहरू[९६] ल्याए पनि स्वास्थ्य बिमा र स्वास्थ्य सामाजिक सुरक्षामा नयाँ योजनाहरू ल्याउन सरकार असफल रहेको छ। सरकारका संयन्त्रहरू निष्प्रभावी रहेको तथ्य उच्च मातृ मृत्युदर[९७] जस्ता समस्या, चिकित्सकको सङ्ख्या[९८] र सुरक्षित गर्भपतनमा पहुँचले देखाउँछ। यौन र प्रजनन स्वास्थ्यको जानकारीलाई मौलिक अधिकारको रूपमा प्रचार गर्न आवश्यक छ[९९]।

४२. पाठेघर खस्ने तथा फिस्टुलाका समस्याका कारण महिला थप विभेद र बढ्दो हिंसाका विषय भएका छन्।[१००] किशोरीहरूको (१५-१९ वर्ष) यौन तथा प्रजनन स्वास्थ्य र सम्बन्धित सेवाको सूचनाको पहुँचमा कमजोरी छ।[१०१]

**सिफारिश**

- स्वास्थ्य सुविधामा स्रोतहरूको समानुपातिक वितरण सुनिश्चित गर्नुपर्ने।
- सबैका लागि स्वास्थ्य बिमाको सिर्जना र प्राथमिक स्वास्थ्य सुविधा नि:शुल्क र सुलभ बनाउनुपर्ने।
- सरुवा रोगहरूको प्रभावकारी निगरानी तथा संगरोधका (Quarantine) लागि राम्रो प्रबन्ध बनाउनुपर्ने।
- यौन तथा प्रजनन स्वास्थ्य, सूचना र सुविधाहरूमा विशेष गरी सामाजिक-आर्थिक सीमान्तकृत महिला र किशोरीहरू पहुँच सुनिश्चित गर्नुपर्ने।
- सर्वोच्च अदालतको फैसला अनुसार सुरक्षित गर्भपतनमा विस्तृत कानुन बनाउनुपर्ने[१०२]।

४३. **शिक्षाको अधिकार**[१०३]: बीचैमा पढाइ छोड्ने प्रवृत्ति शिक्षा क्षेत्रको प्रमुख चिन्ताको विषय हो।[१०४] सरकारको अनिवार्य र नि:शुल्क शिक्षा नीति[१०५] प्रभावकारी छैन। सार्वजनिक विद्यालय र ग्रामीण जिल्लाहरूमा पाठ्यपुस्तक, स्टेशनरी र विद्यालय पोशाक समयमा पुग्दैनन्। शिक्षक र विद्यार्थी तहमा राजनीतिकरण र शैक्षिक क्षेत्रमा भ्रष्टाचार ठूलो चिन्ताको विषय हो।[१०६] निजी र सार्वजनिक विद्यालयमा शिक्षाको गुणस्तरमा विशाल भिन्नता समेत छ। लैङ्गिक असमानता हालसम्म पनि अस्तित्वमा छ र शिक्षा प्रणाली अपाङ्ग बालबालिका प्रति प्रतिकूल रहेको छ।

---

९५ सिफारिश नं. १०६.४१, ४६, ५२, १०८.३५

९६ नेपाल सरकारले २० वर्षे दोस्रो दीर्घकालीन योजना तर्जमा गरेको छ, २०५४–७४ (१९९७–२०१७), नेपाल स्वास्थ्य क्षेत्र योजना र हालसालै, नयाँ राष्ट्रिय स्वास्थ्य नीति २०१४।

९७ हजारमा मातृमृत्यु दर २२९ र शिशु मृत्युदर ४६ छ।

९८ ५६१ जना डाक्टरले ग्रामीण क्षेत्रमा काम गर्नुपर्नेमा ३१४ मात्रले गरिरहेका छन्।

९९ ३ मध्ये १ महिलालाई मात्र गर्भपतन कानुनी भएको र २ मध्ये १ लाई मात्र उक्त सेवाको विषयमा ज्ञान छ।

१०० प्रजनन स्वास्थ्यको लागि नेपाल राष्ट्रिय चिकित्सकीय स्तर, भाग २: प्रजनन स्वास्थ्यसम्बन्धी अन्य समस्या, पारिवारिक स्वास्थ्य शाखा, २००३, भाग ६, प्रजनन आङ्ग खस्नु। यसका अतिरिक्त पाठेघर खस्ने समस्याबाट पीडित महिलाहरूले पहिलेकै अनुसार र अवस्थामा आफ्नो काम गर्न सकिरहेका हुँदैनन्। महिलाहरूले एम्नेस्टी इन्टरनेशनललाई बताए कि परिवारका सदस्य। एम्नेस्टी इन्टरनेशनल (AI-Index: ASA ३१।००६।२०१४) र नेशनल अलाएन्स फर पेल्भिक अर्गान प्रोल्याप्स मेनेजमेन्ट नेपाल, २०७१।

१०१ आवश्यकता पूरा गर्न नसकिएको गर्भनिरोधकको सूचना तथा सेवा १५–१९ वर्ष समूहका किशोरीहरूमा ४२% र २०-२४ वर्ष समूहका महिलामा ३७.५% छ। सेवा र सूचनाको अभावमा २५% प्रजनन उमेरका महिलाहरूले अनावश्यक तथा किरोरावस्थामा गर्भवती भइरहेका छन्।

१०२ लक्ष्मीसमेत वि. नेपाल सरकार, २०६६

१०३ सिफारिश नं. १०६.१२, १७,४१,४६, ५२, ५३, ५४ १०७. १८, २६, १०८.४, ३३, ३४, ३५, ३६

१०४ ८६.३% ले विद्यालयको प्राथमिक स्तरमा भर्ना भएकोमा ३३.३% ले मात्र निम्न माध्यमिकमा भर्ना भए

१०५ इन्सुरिङ फ्रि एण्ड कम्पल्सरी बेसिक इजुकेसन अफ डिसएडभान्टेज ग्रुप्स इन दि कन्टेक्स अफ इजुकेसन अफ अल, रिर्सच सेन्टर फर इजुकेसलन इनोभेसन एण्ड डेभलपमेन्ट (सीईआरआईडी), २०६६

१०६ तराईका ८ जिल्लामा मात्र ६०० किर्ते विद्यालय छन् जसले विद्यालयसम्बन्धी कागजी कार्यक्रमबाट वार्षिक रूपमा एक अरब रकम हिनामिना गर्दै आएको छ। http://www.tinepal.org/?p=10032

**सिफारिश**

- निःशुल्क शिक्षा योजना प्रभावकारी बनाउनु, प्राथमिक तहमा अनिवार्य शिक्षा साकार पार्ने संयन्त्रहरू अपनाउनुपर्ने।
- विशेष गरी किशोरी[१०७], दलित[१०८] र बालबालिकाको लागि निःशुल्क शिक्षा र छात्रवृतिको माध्यमद्वारा शिक्षामा पहुँच तथा गुणस्तर वृद्धि गर्नुपर्ने।[१०९]
- स्कूल बीचैमा छोड्ने समस्या नियन्त्रण गर्न रणनीतिहरू कार्यावन्यन गर्नुपर्ने।
- ग्रामीण क्षेत्रमा पाठ्यपुस्तक र शिक्षकको उपलब्धता सुनिश्चित गर्नुपर्ने।
- प्राथमिकदेखि उच्च तहसम्म बहु-भाषिक शिक्षाको लागि विद्यमान योजनाहरू लागू गर्नुपर्ने।
- सीमान्तकृत समुदायका बालबालिकालगायत सबैका लागि प्राविधिक र व्यावसायिक शिक्षामा पहुँच वृद्धि गर्नुपर्ने।

४४. **सूचनाको हक**: सूचनाको हक निरपेक्ष अधिकार[११०] होइन र सरकारले सरकारी गोपनीयतालाई प्रोत्साहन गर्दछ। सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्न समर्पित सरकारी निकायको अभाव छ। सूचना प्रसारको लागि बजेट विनियोजन हुँदैन।

**सिफारिश**

- सरोकारवालाको ज्ञान र क्षमताको विकास गर्नुपर्ने।
- राष्ट्रिय सूचना आयोग (NIC) को प्रभावकारी भूमिका प्रवर्धन र यसका सिफारिशहरू कार्यान्वयन गर्नुपर्ने।
- सूचना सञ्चय र प्राप्तिका लागि डिजिटल प्रविधिको प्रयोगलाई मान्यता दिनुपर्ने।
- सरकार र अन्य सार्वजनिक सङ्गठनहरूमा 'नोडल' एजेन्सी बनाउनुपर्ने।[१११]

४५. **आप्रवासी कामदारहरू**[११२]: नेपालमा अवसरको अभावले युवा तथा महिला[११३] रोजगारीका लागि विदेशी मुलुकमा जाने गर्दछन्[११४]। उचित सूचनाको अभावमा आप्रवासी कामदारहरूले सुसूचित निर्णयमा पुग्न सक्दैनन्। विप्रेषणमा महिलाहरूले ११ प्रतिशत योगदान गरेका छन्, तथापि उनीहरूको आप्रवासन हालसम्म सार्वजनिक निगरानीमा छ। रकम कमाउन असफल रहेमा उनीहरू परिवार र समाजबाट कलङ्कित हुन्छन् र परम्परागत मूल्यलाई परिपालन गर्न असमर्थ रहेको भनी आलोचित हुन्छन्।

---

१०७ अघिल्लो सिफारिश हेर्नुहोस्, "सम्पूर्ण बालिका, दलित बालबालिका र आदिवासी अल्पसंख्यकका बालबालिकाको गुणस्तरिय शिक्षामा समान पहुँच भएको सुनिश्चित गर्नुपर्ने (फिनल्याण्ड) (अनुच्छेद १०६.५३ UPR Nepal 2011; A/HRC/17/5)"

१०८ अघिल्लो सिफारिश हेर्नुहोस्, "सम्पूर्ण बालिका, दलित बालबालिका र आदिवासी अल्पसङ्ख्यकका बालबालिकाको गुणस्तरिय शिक्षामा समान पहुँच भएको सुनिश्चित गर्नुपर्ने (फिनल्याण्ड) (अनुच्छेद १०६.५३ UPR Nepal 2011; A/HRC/17/5)"

१०९ अघिल्लो सिफारिश हेर्नुहोस्, "सम्पूर्ण बालिका, दलित बालबालिका र आदिवासी अल्पसङ्ख्यकका बालबालिकाको गुणस्तरिय शिक्षामा समान पहुँच भएको सुनिश्चित गर्नुपर्ने (फिनल्याण्ड) (अनुच्छेद १०६.५३ UPR Nepal 2011; A/HRC/17/5)"

११० सूचनासम्बन्धी अधिकार, ऐन दफा ३(३)(क): सूचना दिन बाध्य नहुने अवस्था समेटेको छ।

१११ नेपालमा सूचनासम्बन्धी अधिकारको कार्यान्वयन: हालको अवस्थाको प्रतिवेदन तथा सिफारिश, दि वर्ल्ड ब्याङ्क, सन् २०११, पृ ३.

११२ सिफारिश नं. १०६.४०

११३ नेपालको जिल्ला तथा गाविस प्रोफाइल २०७१/७२

११४ सन् २०११ को जनगणनाले ७.२०% जनसङ्ख्या विदेशमा रहेको देखाएको छह जसमध्ये प्रायः वैदेशिक रोजगारीमा गएका छन्।

४६. श्रम सहचारी सबै कूटनीतिक मिसनहरूमा नियुक्त गरिँदैन। मानव तस्करी र बेचविखनको सम्भावनाले आप्रवासी कामदारहरू पीडित हुने सम्भावना थपेको छ। सरकारले मृतक आप्रवासी नागरिकहरूको बिमा र मृत शरीरलाई घर फिर्ता ल्याउने व्यवस्था सुनिश्चित गर्नुपर्छ।[११५]

**सिफारिश**

- म्यानपावर एजेन्सीहरूको अनुगमन गरिनु पर्ने र क्षतिपूति प्रक्रिया सरल बनाउनुपर्ने।
- श्रम आप्रवासनसम्बन्धी सुविधा र जानकारी सम्भावित वैदेशिक कामदारहरूसम्म पुग्नुपर्ने।
- श्रमिकहरूको गन्तव्य राष्ट्रहरूसँग श्रम र रोजगार सम्झौता र नेपाली नागरिकहरूको कूटनीतिक सुरक्षा विस्तारित गर्नुपर्ने।
- सम्भावित वैदेशिक कामदारहरूलाई सीप र भाषा प्रशिक्षण प्रदान गर्नुपर्ने।
- गन्तव्य राष्ट्रहरूबाट मजदूरहरूको सुरक्षित फिर्ती र उनीहरूको उचित पुन:स्थापना सुनिश्चित गर्नुपर्ने।
- हिरासतमा रहेका वैदेशिक कामदारहरूलाई सहयोग र उनीहरूको अधिकार सुरक्षित रहेको सुनिश्चित गर्नुपर्ने।
- विप्रेषणको पुँजी वैदेशिक कामदारहरूको विकास र भलाइमा प्रयोग गर्नुपर्ने।
- आप्रवासी महिला कामदारमाथि प्रतिबन्ध हटाउनुको साथै उनीहरूको संरक्षण गर्नुपर्ने र गन्तव्य देशहरूसँग द्विपक्षीय सम्झौताको माध्यमबाट अनौपचारिक र घरेलु श्रम क्षेत्रमा काम गर्ने महिलाहरूको सुरक्षा सुनिश्चित गर्नुपर्ने।

४७. **शरणार्थी**[११६]: नेपालले सामान्यतया शरणार्थीलाई खतरा हुने गरी फिर्ता नपठाउने (Non–Refoulment) को सिद्धान्त अङ्गीकार गर्दछ। देशमा शरणार्थी कानुन जारी गर्ने र सन् १९५१ को शरणार्थी महासन्धि र यसको सन् १९६७ को आलेखको अनुमोदन गर्ने भन्ने सर्वोच्च अदालतको फैसला[११७] पालना भएको छैन। शरणार्थीले जरिवाना र कैदलगायत अध्यागमन कानुनको प्रयोगको गुनासो गर्ने गरेका छन्[११८]। मुख्यत: तिब्बती शरणार्थीहरूलाई भेला हुने र शान्तिपूर्ण सभा गर्ने स्वतन्त्रताबाट वञ्चित गरिएको छ[११९]।

**सिफारिश**

- शान्तिपूर्ण सभाको अधिकार र अभिव्यक्तिका साथै स्वेच्छाचारी थुना विरुद्धको अधिकारलगायतका अधिकारहरू सुनिश्चित गर्नुपर्ने।
- शरणार्थी संरक्षण कानुन जारी गर्ने र शरणार्थीसम्बन्धी महासन्धि, १९५१ र यसको प्रोटोकल, १९६७ को अनुमोदनमा तर्फ विचार गर्नुपर्ने।

४८. **आन्तरिकरूपमा विस्थापित व्यक्तिहरू**: आन्तरिक विस्थापन नीति, २००७, नागरिक राहत र स्थानीय शान्ति समितिसम्बन्धी निर्देशिका तथा मनोसामाजिक परामर्श सेवा, २०१३ का तीन निर्देशिकाद्वारा द्वन्द्वसम्बन्धी आन्तरिक विस्थापित व्यक्तिका विषयको समाधान गर्न सरकार प्रयासरत् छ। तर, उनीहरूको कब्जा गरिएका

---

११५ http://nhrcnepal.org/nhrc_new/doc/newsletter/HR%20situation%20of%20Nepalese%20Migrant%20Worker%20Report%20Aug30-Sept7-2013.pdf

११६ सिफारिश नं. १०८. ३६, १०९.७, ८, ९, १०

११७ मोहमुद रसिद वि. नेपाल सरकार, गृह मन्त्रालय समेत सम्वत् २०६४ सालको रिट नं. ००४० निर्णय मिति २०६४ असोज ७ गते

११८ युएनएचसिहार-नेपालबाट अस्थायी सुरक्षा प्राप्त गरेका व्यक्तिलाई पनि बढी बसोबास गरेमा जरिवाना गर्ने कानुनी प्रावधान र व्यवहारमा समेत छ। सिद्धान्त: एक पटक शरणार्थीको पहिचान पाइसकेका व्यक्तिलाई कुनै जरिवाना गर्न पाइँदैन।

११९ हेर्नुस्: ह्युमन राइटस् वाच, अण्डर चाइनाज् स्याडो मिसट्रिटमेन्ट अफ टिबेटन्स् इन नेपाल, http://www.hrw.org/sites/default/files/reports/nepal0314_ForUpload_2.pdf मा उपलब्ध. पृ ४६

जमिन र सम्पत्ति अझै पनि फिर्ता भएका छैनन् र धेरैजसो आफ्नो पुर्ख्यौली स्थानमा फिर्ता जान सकेका छैनन्[१३०]।

**सिफारिश**

- आन्तरिक विस्थापितहरूको सम्पत्ति फिर्ता सुनिश्चित गर्नुपर्ने।
- क्षति भएका सम्पत्तिहरूको उचित क्षतिपूर्ति प्रदान गर्नुपर्ने।
- फिर्ता हुन इच्छुक आन्तरिक विस्थापितहरूको सुरक्षित फिर्ती र पुन:स्थापना सुनिश्चित गर्नुपर्ने।

४९. **विकासको अधिकार र वातावरणीय समस्या**[१३१]: जलवायु परिवर्तनबाट सबैभन्दा जोखिममा रहेका राष्ट्रहरूमध्ये नेपाल पर्दछ। हरितगृह ग्याँसहरूको विश्वव्यापी उत्सर्जनमा नेपालको भाग नगण्य छ (०.१३)[१३२]। महत्वपूर्ण हिमनदी घट्ने क्रम वन विनाश, भू-क्षय तथा कृषि-जैविक विविधतामा सङ्कटका साथै हालका दशकमा अनेकन हिमतालको विस्तारले तापक्रममा वृद्धि हुने सम्भावना बढाएको अभिलेखीकरण गरिएको छ।[१३३] महिलाहरू प्राकृतिक स्रोतमा निर्भर हुने भएकोले जलवायु परिवर्तनको थप भार उनीहरूमा प्रत्यक्ष देखिन्छ। जलवायु परिवर्तनका कारण उत्पादकत्वमा ह्रास आएपछि कडा कीटनाशक औषधिको प्रयोग गर्दा उनीहरूको स्वास्थ्यमा असर पारिरहेको छ।[१३४] दिगो विकासको लक्ष्यलाई सहयोग गर्न नेपाल प्रतिबद्ध छ तर दिगो विकासको लक्ष्य (SDG)सम्बन्धी सूचना सम्बन्धमा सरोकारवालासँग कुनै परामर्श तथा प्रचारप्रसार गरेको छैन।

**सिफारिश**

- जलवायु परिवर्तन संवोधनलगायत वातावरणीय कानुन तथा नीतिको सही कार्यान्वयन सुनिश्चित गर्नुपर्ने।
- कार्बन उत्सर्जन कमीको सख्त मापदण्ड सुनिश्चित तथा जलवायु कोषको उचित प्रयोगको प्रबन्ध पर्ने।
- प्राकृतिक स्रोत र प्रकोपको पूर्वतयारीको उचित व्यवस्थापन सुनिश्चित गर्नुपर्ने।
- विकासका लागि अधिकारमुखी दृष्टिकोण (Right Based Approach) अपनाउँदै आदिवासी जनजातिको अधिकारको सुनिश्चित गरी परियोजनाहरू निर्माण गर्नुपर्ने।

५०. **आवासको अधिकार**: सरकारले निष्कासन प्रक्रियामा अन्तर्राष्ट्रिय मापदण्ड अवलम्बन गरेको छैन, निष्कासन प्राय: जबरजस्ती भइरहेका छन् जसले गर्भवती र सुत्केरीलगायतका महिलालाई बढी असुरक्षित परिस्थितिमा राखेको छ। सरकारले भूमिहीन सुकुमबासीलाई कुनै विकल्प प्रदान नगरी निष्कासन गरिरहेको छ। घरेलु हिंसा कारण परिवारबाट निष्काषित र एचआईभी पोजेटिभ भएका महिलाको आवासको अधिकार सुरक्षित छैन।

---

१३० अपिल एट एलपीसी सिकिङ रिटर्न अफ क्याप्चड ल्याण्ड, http://www.inseconline.org/index.php?type=news&lang=en&id=15409

१३१ सिफारिश नं. १०६.४२,४३,४४,४५,४७

१३२ निल एडगरलगायत अन्य, इम्प्याक्ट्स, एडाप्टेसन एण्ड भल्नरेबिलिटी, वर्किङ ग्रुप २ टु दि फोर्थ एसेसमेन्ट रिर्पोट अफ दि इन्टरगभरमेन्टल प्यानल अन क्लाइमेट चेन्ज, सन् २००७

१३३ शार्दल अग्रवाल र अन्य. डेभलपमेन्ट एण्ड क्लाइमेट चेन्ज इन नेपाल: फोकस अन वाटर रिसोर्सेज एण्ड हाइड्रोपावर, ओइसीडी, सन् २००३, पृ १३

१३४ महिनावारीमा अवरोध, सेतो पानी बग्ने, पाठेघरमा क्यान्सर, गर्भपात र बाँझोपन

**सिफारिश**

- दलित र सीमान्तकृत समूहका लागि जनता आवास योजना[१३५]को प्रभावकारी कार्यावन्यन गर्दै अन्य पिछडिएका समुदायको लागि योजना विस्तार गर्नुपर्ने।
- विकासमा आधारित निष्कासन तथा विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको आधारभूत सिद्धान्त र निर्देशिका पालना गर्नुपर्ने।

५१. **बालबालिकाको हक**[१३६]: नेपालमा बालबालिकाहरूले बेचविखन, जोखिमपूर्ण श्रमको स्थिति तथा यौन शोषणको सामना गर्छन्। पुरानो ऐनलाई प्रतिस्थापित गर्ने उद्देश्यले बालबालिका ऐनको मस्यौदा तयार भए तापनि पारित हुन बाँकी छ। विद्यमान बालअधिकारसम्बन्धी कदमहरूको कार्यान्वयन अवस्था अपर्याप्त रहेको छ[१३७]। नेपालको कानुनले बालश्रम निषेध गरेको भए तापनि ३९.९ प्रतिशत बालश्रम[१३८] रहेका छन्। सरकारले केही विशेष जिल्लामा केही रकम बालबालिकाका लागि सामाजिक सुरक्षा रूपमा छुट्याए तापनि वस्तुको मूल्यको तुलनामा यस्तो प्रावधान अपर्याप्त छ। बाल न्याय प्रणालीमा पर्याप्त सुधारगृहको अभाव छ। १९१ बालबालिका आफ्ना बाबुआमासँग विभिन्न कारागारमा छन्।[१३९] राष्ट्रिय बजेटमा बालबालिकाको लागि विनियोजित प्रतिशतमा घट्दो क्रममा छ।

**सिफारिश**

- सर्वोत्तम् शारीरिक र मानसिक विकासलाई लक्षित गरी सबै कानुन र नीतिमा बालकको हितका संरक्षण सुनिश्चित गर्नुपर्ने।
- बालबालिकासम्बन्धी विद्यमान ऐनलाई हाल विकसित अवधारणअनुरूप संशोधन गर्नुपर्ने।
- बालबालिकालाई द्वन्द्वबाट सुरक्षित राख्न तथा उनीहरूलाई बाल सैनिकको रूपमा भर्ना निषेधका साथै कडा सजाय गर्ने पूर्ण कानुन निर्माण गर्ने।
- सुधारात्मक दृष्टिकोणको आधारमा बाल न्यायका प्रावधान तर्जुमा गर्ने र आश्रित बालबालिकालाई समेत कारागारबाट निकाली संस्थागत संरक्षणको प्रबन्ध गर्नुपर्ने।

---

१३५ दलित, गरिब र मुस्लिम परिवारलाई आवास उपलब्ध गराउन सरकारले आ.व. २०६६/६७ को बजेटमा जनता आवास योजनाको घोषण गरेको थियो।

१३६ सिफारिश नं. १०६.९, १२, १४, २७, ३०, ३१, ३२,४६, ५२, ५३, ५४, १०७. १,८, ११, १८, १९, २०, १०८.२, ४, ११, १४, २०, २१, ३५, ३६

१३७ सरकारले सन् २०१२ मा राष्ट्रिय बालबालिका नीति लागू गरेको छ। उक्त नीतिमा बालबालिकाको बाँच्ने, संरक्षण, विकास तथा सहभागिताजस्ता विभिन्न गतिविधिलाई समेटिएको छ।

१३८ मानव विकास प्रतिवेदन २०७१, सस्टेनिङ ह्युमन प्रोग्रेसः रिड्युसिङ भल्नरेबिलिटिज् एण्ड बिल्डिङ रेजिलिएन्स, युएनडीपी पृ। २०२

१३९ नेपाल मानवअधिकार वर्षपुस्तक २०१५, पृ. ३५७, इन्सेक

# गैरसरकारी संस्थाहरुको नामावली

१. आदिवासी जनजाति महासङ्घ
२. आदिवासी राष्ट्रिय उत्थान प्रतिष्ठान
३. एबीएसएसीसीओएस
४. आदिवासी जनजाति अधिकार मञ्च
५. एड्भोकेसी फोरम
६. नेपाल दलित महिला उत्थान सङ्घ
७. अखिल नेपाल महिला सङ्घ
८. अल अमिन मुस्लिम महिला नेपाल
९. नेपालमा महिला तथा बालबालिका बेचबिखन विरुद्धको सञ्जाल, एट्विन
१०. नेपाल दलित महिला उत्थान सङ्घ, काठमाडौँ
११. किरात चाम्लिङ भाषा र संस्कृति विकास सङ्घ
१२. नेपाल किरात कुलुङ भाषा, संस्कृति विकास सङ्घ
१३. एसोसिएसन अफ युथ अर्गनाइजेसन (आयोन)
१४. बादी विकास समिति
१५. बाहिङ् किरात मुलुखिम
१६. बियोन्ड बेइजिङ कमिटी
१७. नील हिरा समाज
१८. बुङ् पब्लिक वेलफेयर सेन्टर
१९. सीडीसी नेपाल
२०. महिला विरुद्धका सबै भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसङ्घीय महासन्धि लेखन समिति
२१. सेन्टर फर एग्रो इकोलोजी एण्ड डेभेलप्मेन्ट
२२. सेन्टर फर लिगल स्टडीज्
२३. सेन्टर फर इथ्निक स्टडिज् एण्ड डेभेलप्मेन्ट
२४. सेन्टर फर हिमालयन इन्टिग्रेटेड् डेभेलप्मेन्ट एण्ड सोसियल वेलफेयर
२५. सेन्टर फर ह्यूमन राइट्स एण्ड डेमोक्रेटिक स्टडिज
२६. सेन्टर फर इन्डिजिनियस इथ्निक पिपुल्स कन्सर्न, नेपाल
२७. सेन्टर फर प्रोटेक्सन अफ ल एण्ड इन्भायरमेन्ट
२८. सेन्टर फर स्टडी अन जेन्डर एण्ड डेभेलप्मेन्ट स्टडी
२९. यातना पीडित सरोकार केन्द्र, नेपाल
३०. चाम्लाङ् सृजनशील युवा समाज
३१. चीः हालाम्तुङ बान्तवा युवा ग्रुप नेपाल
३२. चाइल्ड नेपाल
३३. बाल अधिकार सरोकार केन्द्र
३४. सिविन-नेपाल
३५. चिल्ड्रेन-विमन इन सोसियल सर्भिस एण्ड ह्यूमन राइट्स
३६. चिल्ड्रेन एज अ पिस अफ जोन (सिजोप)
३७. चुलाचुली युनेस्को क्लब
३८. दण्डहीनता विरुद्ध नागरिक कार्यदल
३९. सिभिक कन्सर्न नेपाल
४०. शान्तिका लागि साझा अभियान
४१. कम्युनिटी एयाक्सन सेन्टर, नेपाल
४२. कम्युनिटी हेल्प सेन्टर
४३. सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
४४. सामाजिक विकासको लागि सचेत समाज
४५. संवैधानिक कानुन व्यवसायी मञ्च
४६. राष्ट्रिय विकासको लागि सहकारी समाज नेपाल
४७. कुज एड्स नेपाल
४८. सेन्टर फर स्टडी अन जेण्डर, सोसाइटी एण्ड डिभलोपमेन्ट स्टडी (सीएसजिएस)
४९. दलित ह्यूमन राइट्स अरगनाइजेसन
५०. दलित लिटरेचर एण्ड कल्चरल एकेडेमी
५१. दलित नेशनल लिबरेसन फ्रन्ट
५२. दलित गैरसरकारी संस्था महासङ्घ- नेपाल
५३. दलित गैरसरकारी संस्था महासङ्घ
५४. दलित राइटस् नेशलन फोरम नेपाल
५५. दलित स्टडी एण्ड डेभेलप्मेन्ट सेन्टर

५६. दलित सेवा सङ्घ
५७. दलित सेवा सङ्गठन
५८. नेपाल अपाङ्ग मानवअधिकार केन्द्र
५९. डाइनमिक ग्रुप फर चेन्ज
६०. डाइनामिक सोसाइटी
६१. शिक्षा पत्रकार समूह
६२. एटिन् मगरान्त मगर ल्याङ्वेज लिटरेचर कल्चर प्रिंजरवेसन, रिसर्च एण्ड डेभेलप्मेन्ट एकेडेमी
६३. सोसाइटी फर लोकल इन्टिग्रेटेड डेभेलप्मेन्ट नेपाल
६४. इन्भार्मेन्ट एण्ड चाइल्ड डेभेलप्मेन्ट सेन्टर
६५. इन्भार्मेन्ट एण्ड रुरल डेभेलप्मेन्ट सेन्टर
६६. इन्भार्मेन्ट, पीस एण्ड सोसल जस्टिस (स्कोप नेपाल)
६७. फेडेरेसन अफ इन्डिजिनस किरात एसोसिएसन (फिका)
६८. नेपाल पत्रकार महासङ्घ
६९. फेडेरेसन अफ सेक्सुल एण्ड जेण्डर माइनोरिटीज् नेपाल
७०. दलित महिला सङ्घ
७१. फोर्स नेपाल
७२. फरेस्ट रिसोर्सेस स्टडिज् एण्ड एक्सन टिम
७३. फोरम फर इन्डिजिनियस् न्यासन्यालिटिज् कन्सर्न, गोर्खा
७४. फोरम फर इन्डिजिनियस् न्यासन्यालिटिज् डेभेलप्मेन्ट
७५. जनअधिकार संरक्षण मञ्च-नेपाल
७६. फोरम फर पब्लिक अवेरनेस रुरल डेभेलप्मेन्ट एण्ड इन्भार्मेन्टल कर्न्जभेशन
७७. महिला, कानून र विकास मञ्च
७८. गडेरी समाज
७९. गन्धर्व कल्चर एण्ड आर्ट अर्‍गनाइजेसन
८०. गन्धर्व समाज
८१. ग्रामीण समाज उत्थान केन्द्र
८२. ग्रामीण उत्थान अभियान
८३. ग्रुप फर ह्यूमन राइट्स एण्ड सोसियो लिगल रिसर्च
८४. एचडीआरएफ नेपाल
८५. हेल्प नेपाल
८६. हिल डेभेलप्मेन्ट एण्ड कर्न्जभेशन ग्रुप नेपाल
८७. हिमराइट्स
८८. हिमालय भोटे समाज
८९. हिमालयन इन्डिजिनियस सोसाइटी
९०. हमालयन नेचुरल फाइबर फाउन्डेसन
९१. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र
९२. मानवअधिकार एलायन्स
९३. ह्यूमन राइट्स एण्ड कम्युनिटि डेभेलप्मेन्ट सेन्टर
९४. मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च
९५. मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, नेपाल
९६. मानवअधिकार पत्रकार सङ्घ
९७. मानवअधिकार संरक्षण तथा प्रबर्द्धन केन्द्र
९८. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
९९. ह्यूमन राइट्स विदाउट फ्रन्टियर्स-नेपाल
१००. ह्यूमन वेलफेयर कमिटी-नेपाल
१०१. हुर्हुरे युवा क्लब
१०२. आईएल सेन्टर
१०३. इन्डिपेन्डेन्ट लिभिङ सेन्टर
१०४. इन्डिजिनियस् इथ्निक लयर काउन्सिल-नेपाल
१०५. इन्डिजिनियस् नेशनलिटिज् डेभेलप्मेन्ट फोरम, नवलपरासी
१०६. इन्डिजिनियस् नन् गभरमेन्टल अर्‍गनाइजेसन डिस्ट्रिक कोओर्‍डिनेशन फोरम
१०७. इन्डिजिनियस् रिर्सच एण्ड डेभेलप्मेन्ट सेन्टर
१०८. इन्डिजिनियस् रुरल डेभेलप्मेन्ट सोसियल सर्भिसेज-नेपाल
१०९. इन्डिजिनियस् विमेन लिगल अवेरनेस ग्रुप
११०. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
१११. इन्हुरेड इन्टरनेशनल
११२. मानवअधिकार सञ्चार प्रतिष्ठान, नेपाल
११३. इस्लामी एसोसिएट
११४. जागरण मिडिया सेन्टर
११५. जागरण नेपाल
११६. जाग्रिती नेपाल
११७. जनप्रेरणा केन्द्र, जनकपुर
११८. जनउत्थान प्रतिष्ठान

११९. जनजाति विकास मञ्च
१२०. जेएसेक नेपाल, नयाँ बानेश्वर
१२१. जेरो किरात राडु समाज
१२२. जिमि राई उत्थान समाज
१२३. जस्टिस एण्ड राइटस् इन्टिच्युट, नेपाल (जुरी नेपाल)
१२४. कालिमाटी युवा क्लब
१२५. कञ्चनजङ्घा महिला विकास समाज
१२६. कपन दलित उत्थान सङ्घ
१२७. कारानी सामुदायिक विकास केन्द्र
१२८. कामोरङ सोसाइटी सर्भिस एसोसियसन
१२९. काठमाडौँ स्कुल अफ ल
१३०. किरात कम्युनिटी डेभेलप्मेन्ट सेन्टर
१३१. किरात खालिङ् राई विकास सङ्घ
१३२. किरात खालिङ उत्थान सङ्घ
१३३. किरात रोडु नाचिरिङ सखम, काठमाडौँ
१३४. किरात सेवा समाज
१३५. किरात याकथुम चुम्लुङ
१३६. किरात युवा समाज
१३७. कोशिश नेपाल
१३८. कुलुङ सङ्घ
१३९. कुलुङ विद्यार्थी सङ्घ
१४०. लयर्स एसोसियसन फर ह्यूमन राइट्स अफ नेपलिज् इन्डिजिनियस् पिपुल
१४१. लयर्स नेशनल क्याम्पियन अगेन्स्ट् अनटचोबलिटी
१४२. कानुनी सहयोग तथा परामर्श केन्द्र
१४३. लिम्बू भाषा तथा संस्कृति विकास केन्द्र
१४४. लिम्बू भाषा विकास सङ्गठन
१४५. लोहोरुङ् याख्खामा युयोङ्ग
१४६. लोककल्याण नेपाल
१४७. लुम नेपाल
१४८. लभ ग्रिन डेभेलप्मेन्ट कमिटी
१४९. लुमन्ती, नेपाल
१५०. लुज्जा, नेपाल
१५१. मधेसी मानवअधिकार
१५२. मधेसी दलित सेवा समाज
१५३. मधेसी दलित विकास महासङ्घ
१५४. मधेसी दलित महासङ्घ
१५५. मधेसी पत्रकार सङ्घ
१५६. महाकुलुङ् युथ काउन्सिल
१५७. महिला प्रजजन अधिकार समाज
१५८. महिला राष्ट्रिय सञ्जाल
१५९. महिला सेवा समाज
१६०. महिला उत्थान तथा सीप विकास केन्द्र
१६१. महोत्तरी मगर सर्भिस सोसाइटी
१६२. माहुरी होम
१६३. माइती नेपाल
१६४. मकालु याक्खावा चुपथम
१६५. म्यान इङ्गेज
१६६. मिडिया एड्भोकेसी ग्रुप
१६७. मेवाहाङ याखोम्मा
१६८. मिसन टुडे डेली
१६९. मितिनी नेपाल
१७०. एमओपी नेपाल
१७१. मल्टिपरपोस डेभेलप्मेन्ट सर्भिस सेन्टर
१७२. मुस्लिम सांस्कृतिक समाज
१७३. नागरिक आवाज
१७४. नेशनल एलायन्स फर वमन ह्यूमन राइट्स डिफेन्डरस्
१७५. नेशनल एसोसियशन अफ डेफ हार्ड अफ हियरिङ्
१७६. राष्ट्रिय शारीरिक अपाङ्ग सङ्घ
१७७. जातय भेद्भाव विरुद्ध राष्ट्रिय मञ्च
१७८. अन्तर्राष्ट्रिय फौजदारी अदालतको लागि राष्ट्रिय सञ्जाल
१७९. राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल
१८०. राष्ट्रिय मानवअधिकार प्रतिष्ठान
१८१. राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च
१८२. राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ
१८३. राष्ट्रिय भूमि अधिकार सरोकार समूह नेपाल
१८४. राष्ट्रिय मुस्लिम महासङ्घ
१८५. राष्ट्रिय मुस्लिम मञ्च नेपाल
१८६. राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल
१८७. नेशनल स्कूल अफ रिर्सच
१८८. नेपाल नेत्रहीन सङ्घ
१८९. नेपाल अपाङ्ग सङ्घ
१९०. नेपाल अपाङ्ग महिला सङ्घ
१९१. नेपाल गुडविभ फाउण्डेसन

१९२. नेपाल आदिवासी अपाङ्ग सङ्घ
१९३. नेपाल केवारत विकास समाज
१९४. नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान सङ्घ
१९५. नेपाल महिला एकता समाज
१९६. नेपाल मुस्लिम महिला सेवा समाज
१९७. नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ
१९८. नेपाल प्यारालिम्पिक कमिटी
१९९. नेपाल रजक जनकल्याण समिति
२००. नेपाल राना थारु समाज
२०१. नेपाल राना थारु समाज, जिल्ला समिति
२०२. नेपाल अपाङ्ग समाज
२०३. नेपाल स्टटर्स् एशोसियसन
२०४. नेपाल तामाङ् घेदुङ
२०५. नेपाल तामाङ् एनजियो महासङ्घ
२०६. नेपाल तामाङ् महिला सङ्घ
२०७. नेपाल व्हील चेयर क्लब
२०८. गैरसरकारी संस्था महासङ्घ
२०९. गैरसरकारी संस्था-आदिवासी जनजाति महासङ्घ
२१०. गैरसरकारी संस्था-आदिवासी जनजाति महासङ्घ, जिल्ला समिति, दोलखा
२११. नेपाल नेशनल फेडेसेसन अफ डेफ एण्ड हार्ड हियरिङ
२१२. गैरसरकारी संस्था समन्वय समिति
२१३. पवित्र पालडोर समाज
२१४. पापाछ्हा गच्छम्
२१५. प्यारेन्ट एशोसियसन अफ इन्टलेक्चुयल डिस्याबिलिटि
२१६. परिचय समाज
२१७. पार्टनरशिप नेपाल
२१८. पेवा नेपाल
२१९. सामाजिक उत्तरदायित्वको निमित्त चिकित्सकहरू, नेपाल
२२०. पपुलेसन वाच
२२१. पौरखी नेपाल
२२२. प्रवासी नेपाल
२२३. प्रयास महोत्तरी
२२४. प्रिजनर्स एसिस्टेन्स नेपाल
२२५. प्रोफेसनल डेभेलप्मेन्ट एण्ड रिर्सच सेन्टर
२२६. प्रो-पब्लिक
२२७. पब्लिक हेल्थ कन्सर्न ट्रस्ट
२२८. पीडब्ल्यूडीओ
२२९. रजक जनकल्याण समिति
२३०. राष्ट्रिय दलित सञ्जाल, नेपाल
२३१. रसुवा न्याशन्यालिटिज् डेभेलप्मेन्ट कमिटी
२३२. राउटे सामुदायिक सेवा केन्द्र
२३३. रिड नेपाल
२३४. रिडेफ नेपाल
२३५. रिह्बिलिटेशन एण्ड इम्पावरमेन्ट सेन्टर अन डिस्याबिलिटि
२३६. रिमोट एरिया विमेन एण्ड चिल्ड्रेन इम्पावरमेन्ट सेन्टर
२३७. प्राथमिक स्वास्थ सेवा स्रोत केन्द्र
२३८. पुर्नस्थापना तथा विकासका लागि स्रोत केन्द्र
२३९. राइट टू फुड नेटवर्क
२४०. रुरल बेसिक सर्भिस अरगनाइजेशन
२४१. रुरल इथ्निक पिपुल्स डेभेलप्मेन्ट फोरम, उदयपुर
२४२. रुरल रिकन्स्ट्रक्सन नेपाल (आरआरएन)
२४३. साथी
२४४. साथी वुमन सेन्टर
२४५. सहारा नेपाल
२४६. समावेशी फाउण्डेसन
२४७. समता फाउन्डेसन
२४८. सामुदायिक सशक्तिकरण केन्द
२४९. संयुक्त अपना एकता आवाज केन्द्र
२५०. सञ्चारिका समूह
२५१. सन्तल उत्थान मञ्च
२५२. शान्तिमालिका
२५३. सस्टेनेबल एग्रीकल्चर फर रुलर डेभेलप्मेन्ट कन्सर्न सोसाइटी, नेपाल
२५४. शक्ति मिलन समाज
२५५. शक्ति समूह
२५६. सेड्क नेपाल
२५७. श्री जनउत्थान सरोकार केन्द्र
२५८. श्री मिर्मिरे बिहानी क्लब, इलाम
२५९. सिलिचोङ् क्लब, सामाजिक विकास केन्द

२६०. सोसल डेभलभमेन्ट
२६१. सोसल इन्भार्मेन्ट वेलफेयर एसोसिएसन (सेवा कैलाली)
२६२. सोसाइटी फर इन्डिजिनियस डेभेलप्मेन्ट नेपाल
२६३. सोसाइटी फर पिपुल इन निड्स
२६४. सोसाइटी फर लिबरेसन अफ अप्रेस्ड कास्ट, नेपाल
२६५. सोसाइटी फर अपलिफ्ट्मेन्ट अफ डिस्एबल्ड एण्ड अरफ्यान
२६६. सोसाइटी फर वमनस् इम्पावरमेन्ट फर सस्टेन्याबिलिटी
२६७. सोलिड नेपाल
२६८. सुधार नेपाल
२६९. सुनगाभा वुमन भोकेशनल सेन्टर
२७०. सस्टेनेबल एग्रिकल्चर फर रुरल डेभेलप्मेन्ट कनसर्न सोसाइटी नेपाल
२७१. सस्टेनेबल लाइभ्लिहुड सेन्टर
२७२. थारु युथ इनोभेटिभ सोसाइटी नेपाल
२७३. द इस्ट फाउन्डेसन
२७४. थुलुङ् महिला समाज
२७५. तिलपुङ् काठमाडौँ तामाङ समाज
२७६. युसेप नेपाल
२७७. युनिफाइड दलित राइटस् फोरम नेपाल
२७८. उपत्यका मण्डल (केवट) समाज
२७९. भोइस अफ चिल्ड्रेन
२८०. भोइस अफ मुस्ताङ्
२८१. वुमन अवेरनेस् सेन्टर नेपाल,
२८२. वुमन कोएलिएशन फर यूपिआर
२८३. वमन डेभेलप्मेन्ट सेल्फ इम्पावरमेन्ट ट्रेनिङ् सेन्टर
२८४. महिला महासङ्घ
२८५. विमन फोरम फर विमन इन नेपाल
२८६. महिला मानवअधिकार रक्षक सञ्जाल
२८७. महिला मानवअधिकार रक्षक सञ्जाल, काठमाडौँ
२८८. महिला मानवअधिकार रक्षक सञ्जाल, ललितपुर
२८९. महिला पुन:स्थापना केन्द्र (ओरेक)
२९०. महिला सुरक्षा दबाब समूह
२९१. याम्फू किरात समाज
२९२. युथ एयाक्सन
२९३. युथ एड्भोकेसी नेपाल
२९४. युथ फेडेरेसन अफ इन्डिजिनस नेशनालिटीज
२९५. युथ फेडेरेसन अफ इन्डिजिनस नेशनालिटीज्, नेपाल

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को विश्वव्यापी मानवअधिकार समीक्षा कार्यसमूहको २३ औँ सत्रमा सीमान्तकृत समूहले पेश गरेको संयुक्त प्रतिवेदन

**पेश गर्ने**

डर्वन रिभ्यू कन्फरेन्स फलोअप कमिटी डीआरसीएफसी (DRCFC)

दलितका मानवअधिकार विकास तथा संरक्षणका लागि समर्पित डीआरसीएफसीको सचिवालय जनउत्थान प्रतिष्ठान (JUP) जनउत्थान प्रतिष्ठानलाई संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्मा विशेष परामर्शदाताको हैसियत प्राप्त छ।

२० मार्च २०१५

नेपाल

**(१) परिचय र पद्धति**

१. प्रस्तुत प्रतिवेदन सन् २००९ मा स्थापित डर्बन रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालका सरोकारवालाहरूको संयुक्त प्रस्तुति हो। डर्वन रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालमा रहेका विभिन्न सीमान्तकृत समूहहरू जस्तैः दलित, आदिवासी, मुक्त कमैया, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता भएका, मुस्लिम तथा धार्मिक अल्पसङ्ख्यक र मधेसीको मानवअधिकार संरक्षण र सम्बर्धनका कार्य गर्छ।

२. प्रस्तुत प्रतिवेदनले २०६७ को आवधिक प्रतिवेदनले पेश गरेका सिफारिशहरूको कार्यान्वयन अवस्था र विभिन्न जोखिममा रहेका समूहहरूको मानवअधिकारका लागि सिफारिशहरू र उठिरहेका मुख्य सम्बन्धित विषयहरूको पृष्ठभूमिमा सरोकार राख्दछ। यो प्रतिवेदन २०७१ असोजदेखि माघसम्म क्षेत्रीय र राष्ट्रियस्तरमा भएको गहन परामर्श प्रक्रियाहरूको उपलब्धि हो। यस समयावधिमा डर्वन रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालले सीमान्तकृत समूहका सदस्यहरूसँग पाँच विकास क्षेत्रमा छ क्षेत्रीय परामर्श बैठक र राष्ट्रिय स्तरमा छ विषयगत राष्ट्रिय परामर्श बैठक गऱ्यो। यी परामर्श प्रक्रियाहरूमा ५० वटा संस्थाका लगभग ६ सय २० प्रतिनिधिहरूको उपस्थिति रहेको थियो र यस प्रतिवेदनका लागि गहकिलो सूचना आदानप्रदान भयो (अनुसूची(१)।

**(२) पृष्ठभूमि र रूपरेखा**

२.१. **अन्तर्राष्ट्रिय दायित्वहरूको क्षेत्र**

३. अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूको पूर्ण अनुपालन गर्नका लागि नेपालले सिफारिश नम्बर (१०८.११)[130] लाई पुनरावलोकन गर्न र उपयुक्त कानुन र नीतिहरू अङ्गीकार गर्न स्वीकार गऱ्यो। तर पनि व्यवहारमा सरकारले यस सन्दर्भमा कुनै पनि कदम चालेको छैन। थुप्रै प्रमुख अन्तर्राष्ट्रिय सन्धि र महासन्धि जस्तैं; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, जातीय विभेदसम्बन्धी महासन्धि, अपाङ्गता

१३० युपीआर २०११ मा दिएको सुझावः १०८.११ मानवअधिकारको अन्तर्राष्ट्रिय मानक (नर्वे)सँगको अनुपालन सुनिश्चित गर्नका लागि जातीय भेदभाव, महिला आयोग, दलित आयोग, जनजाति तथा बालबालिकाका अधिकारलगायतका विषयसँग सम्बन्धित उपयुक्त र समयसापेक्ष विधयेक, कानुन तथा नीतिहरूलाई पुनरावलोकन गरी अपनाउने।

भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, जैविक विविधतासम्बन्धी महासन्धि र आईएलओ महासन्धि नं. १६९ को सदस्य राष्ट्र भएको नेपालले यी अन्तर्राष्ट्रिय कानुन र महासन्धिहरूलाई आफ्नो राष्ट्रिय कानुनमा समावेश गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्व छ, तर तीमध्ये कुनै पनि कानुनमा समाविष्ट भएका छैनन्।

**२.२ संवैधानिक र विधायिकी रूपरेखा**

४. नेपालको अन्तरिम संविधानको धारा १५४ मा आदिवासी जनजाति, मधेसी, अपाङ्ग, मजदूर र किसानहरूका लागि मानवअधिकार आयोगको स्थापना गर्नुपर्ने व्यवस्था छ, तर सरकारले हालसम्म पनि उक्त आयोगहरूको स्थापना गरेको छैन। त्यसैगरी, धारा १३ मा महिला, दलित, आदिवासी जनजाति, मधेसी र अन्य जोखिममा रहेका समूहका लागि सकारात्मक विभेद र सामाजिक समावेशीकरणको अधिकार प्रदान गरेको छ। सरकारले नेपालको अन्तरिम संविधानको धारा २१ अनुसार आदिवासी जनजाति, दलित, महिला, मधेसी र अन्य सीमान्तकृत समुदायहरूलाई समानुपातिक प्रतिनिधित्वको अनुपातमा राज्य संरचनामा सहभागी गराउने संवैधानिक व्यवस्था आत्मसात् गरेको छैन। धारा १७(१), धारा ३३(घ) (घ१), धारा ३५(१४) बमोजिम संविधानले नै प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकार प्रदान गरेको छ। धारा ५(२)[१३१] ले आदिवासी जनजातिका भाषालाई राज्यको सरकारी कामकाजको भाषाको मान्यता दिएको छैन। धारा ७(२)[१३२] ले "गाईलाई राष्ट्रिय जनावर र सिम्रिकलाई राष्ट्रिय रङ्ग"को पहिचान प्रदान गरेको छ जो आदिवासी जनजाति विरुद्ध छ। संविधानले अपाङ्गता अधिकार आयोग स्थापना गर्ने व्यवस्था गरेको छ र अपाङ्गता भएका व्यक्तिहरू (PWDs)[१३३] का लागि सामाजिक सुरक्षा समेतको प्रावधान गरेको छ।

**२.३. संस्थागत र मानवअधिकारका पूर्वाधार र नीतिगत कदमहरू**

५. नेपालमा आदिवासी जनजाति समुदायको उत्थानका लागि एक मात्र संस्थागत संयन्त्र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (NFDIN) हो। प्रतिष्ठानले आफ्नो कार्य आदिवासी जनजाति भाषाका दस्तावेज, इतिहास, कला, साहित्य, प्रविधिहरू, परम्परागत ज्ञान र आदिका विषय सम्ममा मात्र सीमित राख्दछ। यसका अन्य गतिविधिहरूमा आदिवासी जनजाति समूहको सशक्तीकरण र छात्रवृत्ति कार्यक्रमसमेत समावेश छ। तथापि यस संस्थाले आफ्नो कार्यक्रमहरू सीमित राख्नुपर्ने बाध्यता छ, किनभने यसलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अन्तर्गत दस्तावेज मात्र तयार गर्ने अधिकार छ। यसका बावजुद् सरकारले प्रतिष्ठानलाई पर्याप्त पूँजी र स्रोत विनियोजन गरेको छैन। सरकारले राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोग, दलित विकास समिति र वादी विकास समितिको स्थापना गरिसकेको छ। तैपनि हालसम्म राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगका लागि आवश्यक कानुन अङ्गीकार गरेको छैन। परिणामस्वरूप आयोग र समितिहरू निष्प्रभावी रहेका छन्। सरकारले कार्ययोजनाको मातहत रही नीति बनाउन र अनुगमन गतिविधिहरूका कार्यान्वयन पक्षमा सहयोग गर्न राष्ट्रिय अपाङ्गता कार्यनीति र योजनालाई सहयोग गर्न सन् २००६ मा राष्ट्रिय अपाङ्गता सेवा समन्वय समितिको स्थापना गरेको भए तापनि समिति निष्प्रभावी रहेको छ।

**(५) देशमा मानवअधिकारको प्रवर्धन र संरक्षण**

**५.१. सन्धिजनित समूह र अन्य राष्ट्रसङ्घीय संयन्त्रसँग सहकारिता**

६. सरकार राष्ट्रसङ्घीय सन्धिजनित निकायहरू, विशेष प्रक्रियाहरू[१३४] र अन्य राष्ट्रसङ्घीय संयन्त्रका सिफारिशहरूलाई लागू गर्न प्राय: असफल छ।

---

१३१ अन्तरिम संविधानको धारा ५(२) अनुसार "देवनागिरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ"।

१३२ अन्तरिम संविधानको धारा ७ (२) अनुसार "... राष्ट्रिय रङ सिम्रिक, राष्ट्रिय जनावर गाई ..."

१३३ धारा १८ (२), नेपालको अन्तरिम संविधान, २०६३

१३४ आदिवासी जनजातिको मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको अवस्थाका विशेष समाधीक्षक जेम्स अनायाले मानवअधिकार परिषद्को बाह्रौं सत्रको एजेण्डा आइटम ३, A/HRC/12/34/ मा बुझाएको नेपालका जनजातिहरूको अवस्थाबारे प्रतिवेदन।

**सिफारिश**

- विशेष समाधीक्षकद्वारा गरिएको आदिवासी जनजाति समूहका मानवअधिकार र मौलिक स्वतन्त्रतासँग सरोकार राख्ने हरेक सिफारिश आदिवासी जनजाति समूहसँग पूर्ण साझेदारी गरी पूणरूपमा पालना गर्नुपर्ने।
- राष्ट्रसङ्घीय संयन्त्रअनुरूप आदिवासी जनजाति समूहको मानवअधिकारलाई मनन गरी सिफारिशहरू अवलम्बन गर्नका लागि संस्थागत संयन्त्र वा संसदीय समितिको स्थापना गर्नुपर्ने।

७. **प्रथम विश्वव्यापी आवधिक समीक्षा २०६७ का सिफारिशहरूको कार्यान्वयन अवस्थाः** नेपाल सरकारले विभिन्न श्रेणीका सिफारिशहरू (१३५) विश्वव्यापी आवधिक समीक्षा सत्र सन् २०११ मा स्वीकृत गरेको थियो। एक मूल्याङ्कनअनुसार ती सिफारिशहरूमध्ये ५० वटा सामान्य प्रकारका सिफारिशहरूको आंशिक कार्यान्वयन गरको पाइयो भने चार वटा सिफारिशहरू पूर्ण रूपमा कार्यान्वयन गरिएको थियो।[१३५] मानवअधिकार आयोगको मूल्याङ्कन प्रतिवेदन अनुसार “देशमा राजनीतिक अस्थिरताका कारण ती सिफारिशहरूको कार्यान्वयन पक्ष अत्यन्त कमजोर साबित भएको छ।[१३६] “यसरी हेर्दा सरकारले विश्वव्यापी आवधिक समीक्षा २०११ का क्रममा आफूले गरेको ठोस प्रतिबद्धता र वचनबद्धता कार्यान्वयन गर्न असफल रहेको स्पष्ट हुन्छ।

**सिफारिश**

- प्रथम विश्वव्यापी आवधिक समीक्षा सन् २०११ मा गरिएका सम्पूर्ण सिफारिशहरूसँग पूर्ण पालन गर्नुपर्ने।

### ५.२ समानता र अविभेद

***क. आदिवासी जनजाति***

८. संविधान निर्माण प्रक्रियामा जातीय (Ethnic) र जाति समूहको पूर्ण सहभागिता सुनिश्चित गर्न नेपालले सिफारिश नम्बर (१०६.१ र १०६.२)[१३७]लाई स्वीकृत गरेको छ। यसले नयाँ संविधानमा आदिवासी जनजाति समूहको आधारभूत मानवअधिकारहरू समावेश र सुरक्षित गरेको देखिन्छ। तर पनि यी कुराहरू आलङ्कारिक मात्र देखिन्छन्। नेपालमा ६०१ सदस्यीय संविधानसभाको माध्यमबाट नयाँ संविधान मस्यौदा गर्ने प्रक्रियाको थालनी भएको छ, जसमध्ये २०४ जना सदस्यहरू आदिवासी जनजाति समुदायबाट छन्। यी व्यक्तिहरू कुनै आदिवासी जनजाति सङ्गठनबाट नभई राजनीतिक दलबाट छानिएका हुन्। त्यसैले यिनीहरू आदिवासी जनजाति समूहको मानवअधिकारका लागि भन्दा दलहरूको घोषणापत्रहरू अनुरूप सख्त तवरले प्रस्तुत हुन्छन्। आदिवासी जनजाति समूह र सरकारबीच २०७१ भदौ ४ गते भएको सम्झौता अनुसार सरकारले नयाँ संविधानमा उनीहरूको माग समावेश गर्ने दायित्व भए पनि हालसम्म सरकारले प्रतिबद्धता जनाएअनुरूप सरकारको तर्फबाट कुनै ठोस कदम चालिएको छैन्। अझ भन्नुपर्दा राज्यका सभ्रान्तहरूले परिचयमा आधारित सङ्घीयता, स्वशासन, बृहत् भाषिक समानता, समानुपातिक प्रतिनिधित्व र सार्वजनिक सम्पत्ति र स्रोतमाथिको पहुँचमा सुनिश्चितता लगायत आदिवासी जनजाति समूहको मागको गलत अर्थ लगाई विखण्डनवाद र जातियवादको सङ्ज्ञा दिँदै आएका छन्।

---

१३५ नेपाल मध्यावधिक कार्यान्वयन मूल्याङ्कन २०१३, पृ. ३, http://followup=upr-info=org/index/country/nepal बाट लिइएको।

१३६ राष्ट्रिय मानवअधिकार आयोग (२०१३:३९), नेपालको विश्वव्यापी आवधिक पुनरावलोकनको निष्कर्ष र सुझाव कार्यान्वयनको अवस्थाबारे मध्यावधि प्रतिवेदन।

१३७ युपीआर २०११ मा दिएको सुझाव: १०६.१ तथा १०६.२ नेपाली समाजको निर्माण गर्ने विभिन्न समूहहरूका विचारको उचित मनन गर्दै (गणतन्त्र कोरिया); संविधान निर्माण प्रक्रियामा र विशेषत: संविधान सभाभित्र जातीय समूहहरूको पूर्ण सहभागिताको सुनिश्चितता गर्दै (पोल्याण्ड); लागू हुने नयाँ संविधान र राष्ट्रिय कानुनहरू नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानवअधिकारका घोषणापत्र र महासन्धिहरूसँग नबाझिने सुनिश्चित गर्दै (फ्रान्स); राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम परिष्कृत गराउँदै लैजाने प्रक्रियालाई निरन्तरता दिने; संविधानसभाले मे २०११ भित्र नयाँ संविधानको निर्माण गर्नका लागि प्राप्त गरेको जनादेशको सम्मानको सुनिश्चितता गर्न पूर्णरूपमा सहयोग गर्ने (अजरबैजान)।

**सिफारिश**

- नेपाल सदस्य रहेको अन्तर्राष्ट्रिय मापदण्डअनुरूप आदिवासी जनजाति नागरिकका अधिकारलाई पूर्ण अनुपालन गर्न परामर्श प्रक्रियाहरू सुरू गरी आदिवासी जनजाति नागरिकका अधिकारहरूलाई नयाँ संविधानमा स्पष्टरूपमा समावेश गर्नुपर्ने।
- आदिवासी जनजाति समूह र सरकारबीच भएको सम्झौता कार्यान्वयन गर्नुपर्ने।

९. नेपालको कानुनमा आदिवासी जनजाति समूहको जमिन र प्राकृतिक स्रोतमाथिको सामूहिक र व्यक्तिगत अधिकारले मान्यता पाएको छैन। आदिवासी जनजाति समूहका व्यक्तिहरू आफ्नै जमिनमा भएका विकास परियोजनाहरू जस्तै राष्ट्रिय उद्यान, सुरक्षित क्षेत्रहरू र जल परियोजनाहरूबाट विस्थापित भएका छन्।[१३८] आदिवासी जनजाति समूहको क्षेत्रमा रहेका जलस्रोतलाई यी समूहको सहमति र समन्वय बिना नै सरकारले वर्तमान अवस्थामा जल परियोजनाको रणनीतिअन्तर्गत निजी कम्पनीको पहुँचमा पुऱ्याएको छ। बढ्दो सङ्ख्यामा रहेको जल परियोजनाका स्थापनाले आदिवासी जनजाति समूहको संस्कृति, समाज, स्रोत र वातावरण[१३९]लाई आसन्न खतरा छ। वातावरण संरक्षण ऐन, २०५३, जग्गा अधिग्रहण ऐन, २०३४, राष्ट्रिय उद्यान र वन्यजन्तु संरक्षण ऐन, २०२९ जस्ता कानुनले स्वतन्त्र, पूर्व र सुसूचित सहमतिको सिद्धान्तलाई अवमूल्यन गर्दछ।

१०. जैविक विविधतासम्बन्धी महासन्धि सबैभन्दा महत्वपूर्ण अन्तर्राष्ट्रिय कानुनी दस्तावेज हो, जसले सुरक्षित क्षेत्रको सवालमा सम्बोधन गर्न, परम्परागत ज्ञान प्रणालीको सुरक्षा र आदिवासी जनजाति समुदायको आनुवांशिकी स्रोतहरू र त्यसका समतामूलक उपयोगका उपायहरू (धारा ८ञ र १०ग) गर्छ, तर यस महासन्धिको घरेलुकरण गरिएको छैन।

**सिफारिश**

- आदिवासी जनजाति समूहको प्रभावकारी र पूर्ण सहभागिता सुनिश्चित गर्नका लागि महिला र स्थानीय समुदाय लगायत आदिवासी जनजाति समूहको जमिनस्थित कुनै पनि परियोजनाहरूको योजना गर्नुअघि वा सोही समयमा उनीहरूको स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकारको पूर्ण सम्मान गर्नु र परियोजना विकास सम्झौता (PDAs) हस्ताक्षर गर्नुअघि उनीहरूको विशुद्ध परामर्श लिनुपर्ने।
- जैविक विविधतासम्बन्धी महासन्धिलाई राष्ट्रिय कानुनमा समायोजन गर्नु पर्ने। आदिवासी जनजाति समूह र स्थानीय समुदायको पूर्ण र प्रभावकारी सहभागिता बढाउनका लागि नीति निर्माणसम्बन्धी सम्पूर्ण गतिविधिहरूमा महिलाहरूको पनि पूर्ण, सक्रिय र प्रभावकारी सक्रिय र प्रभावकारी सहभागितालगायत विषेश प्रावधानहरूसहितको संयन्त्रहरूको विकास गर्ने र जैविक विविधतासम्बन्धी महासन्धि कार्यान्वयन हुनुपर्ने।
- आदिवासी जनजाति समुदायको परियोजनाको सन्दर्भमा अधिकारहरू सुनिश्चित गर्नका लागि अधिकारमा आधारित दृष्टिकोण (Right Based Approach) अपनाउनुपर्ने।

११. नेपालको ESCR, आईएलओ १६९ को अनुमोदन र UNDRIP लाई सहयोगका बावजुद आदिवासी जनजाति समूहले आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको उल्लङ्घन भइरहेको अनुभव गरिरहेका छन्। प्रमुख समूहहरूले बोल्ने नेपाली भाषालाई संविधानले नेपालीलाई कामकाजको भाषा घोषित गरेको छ। यस

---

१३८ उदाहरणका लागि, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, कुलेखानी जलविद्युत परियोजना, कालीगण्डकी जलविद्युत-परियोजना जसले सयौँ आदिवासी जनताहरूलाई आफ्नो पुर्ख्यौली थातथलोबाट विस्थापित गरेको छ।

१३९ हालसालै सरकारले उर्जा विकास सम्झौता (PDA)मा हस्ताक्षर गरेको छ, जसले दुईवटा भारतीय कम्पनी सतलज विद्युत निगम र JMR लाई सञ्चालन अनुमतिपत्र प्रदान गरेको छ।

प्रावधानले आदिवासी जनजाति समूहको न्याय, शिक्षा, सरकारी सेवा, सूचनामा पहुँच, र सामाजिक-आर्थिक उपलब्ध अवसरमा विभेद गरेको छ।[१४०] यस्तै, सरकारले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरे तापनि सरकारले हिन्दू धर्मलाई राष्ट्रिय संस्कृतिको रूपमा बढावा दिइरहेको छ। सरकारले अन्य धर्महरूको तुलनामा हिन्दू चाडहरू, रीतिथिति र प्रतीकहरूको प्रवर्धन र संरक्षण गरिरहेको छ। (उदाहरण: गाईलाई राष्ट्रिय जनावरको मान्यता)। आदिवासी जनजाति समूहका नागरिकहरू धेरै जिल्लाहरूमा गौवधको आरोपमा पक्राउ परिरहेका छन्।[१४१] यो आदिवासी जनजाति समूहको मानवअधिकारको प्रत्यक्ष उल्लङ्घन हो, किनभने उनीहरूको परापूर्वदेखिको रीतमा गाई र गोरुको मासु उपभोग गर्ने प्रचलन रहेको छ।

१२. सरकारले ५९ आदिवासी जनजाति समूहको पहिचान गरेको छ, तर त्यहाँ विभिन्न समूहहरू सरकारी सूचीबाट उपेक्षित छन्। सरकारले यस प्रस्तावका लागि सन् २००९ मा उच्चस्तरीय कार्यदलको गठन गरेको थियो, जसले सरकारलाई ८१ विभिन्न आदिवासी जनजाति समुदायहरूलाई सरकारी सूचीमा सूचिकृत गर्न सिफारिश गरेको थियो।[१४२] सरकारले हालसम्म ती सिफारिशहरूलाई कार्यावन्यन गरेको छैन।

१३. प्रस्तुत संयुक्त प्रतिवेदनमा सरकारको आदिवासी जनजाति समूहहरू र अन्य सीमान्तकृत समूहहरूको सामाजिक-आर्थिक विकासका लागि स्थानीय बजेट बाँडफाँडप्रतिको पहल भएको स्वीकार गरिएको छ। तर पनि ती बजेटहरू लक्षित समुदायका व्यक्तिहरूका लागि उपयोग हुन सकेको छैन।

**सिफारिश**

- आदिवासी जनजातिको भाषालाई मान्यता दिई नेपाली भाषासरह राज्यको कामकाजमा प्रयोगमा ल्याउनुपर्ने।
- बहुभाषिक पठनपाठनको वातावरण श्रृजना गर्न विद्यालयहरूलाई पर्याप्त स्रोत र पूँजी प्रदान गर्नुपर्ने।
- अन्तर्राष्ट्रिय मानवअधिकारहरूको आधारमा मुलुकी ऐनलाई पुनरावलोकन गर्नुपर्ने।
- आदिवासी जनजातिको संस्कृतिलाई हालको बाह्य तहमा भन्दा स्थानीय तहमा राम्रोसँग जोगाउन र अघि बढाउन प्रतिष्ठानलाई पर्याप्त स्रोत र पूँजी प्रदान गर्नुपर्ने।
- आदिवासी जनजाति र अन्य सीमान्तकृत समूहहरूका लागि विनियोजित बजेट उनीहरूको पूर्ण सहभागितामा सामाजिक-आर्थिक विकासका लागि प्रयोग सुनिश्चित गर्न अनिवार्य प्रावधानहरू तर्जुमा गर्नुपर्ने।
- आदिवासी जनजातिको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार संस्कृतिमैत्री तरिकाले संरक्षण र प्रवर्धन हुने सुनिश्चित गर्नुपर्ने।

१४० सरकारले बहुभाषिक शिक्षालाई कार्यान्वयन गर्नका लागि बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका, २०६६ को तर्जुमा गरेको छ। तर, मानव तथा आर्थिक स्रोतसाधनको कमीले यसको प्रभावकारी कार्यान्वयन भइरहेको छैन। देशभरिका ७,५०० विद्यालयहरूमध्ये २४ वटामा मात्रै बहुभाषिक शिक्षा कार्यान्वयनमा आएको छ

१४१ मुलुकी ऐन, २०२० ले गाई र गोरू काट्ने, मार्ने, विष ख्वाउने वा पिट्ने वा सो काम गर्ने उद्योग गर्ने कामलाई अपराध मानेको छ र यस्तो अपराध गर्नेलाई १२ वर्षसम्म कैद सजाय हुनसक्ने व्यवस्था गरेको छ। सन् २०७१ जेठ ३१ गते बेलुकी ८ बजेतिर प्रहरीले ६ बच्चाका बाबु कुमार तुम्बापोलाई गोरू काटेको अभियोगमा गोल्धाप गाउँ, झापास्थित उनको घरबाट पक्राउ गर्यो। सो दिन बेलुका उनको घरमा भेटिएका बलबहादुर तुम्बापो र जगत राईलाई समेत प्रहरीले पक्राउ गऱ्यो। यी तीनजना व्यक्तिलाई घिसारेर प्रहरी भ्यानसम्म लैजाँदै गर्दा लात्ताले हानियो र कुटियो। भएको के रहेछ भने जनजाति समुदायका अन्य धेरै व्यक्तिहरूलाई यस्तै अभियोगमा पक्राउन सफल विर्तामोडस्थित 'गौवंश संरक्षण मञ्च'द्वारा जिल्ला अदालतमा दायर गरिएको फिरादको प्रत्युत्तरमा प्रहरी निरीक्षक देवीप्रसाद पौडेलले यो कारबाही चलाएका रहेछन्। प्रहरी हिरासतमा कुमार तुम्बापोलाई हिंसा र यातनाको शिकार बनाइयो। प्रहरी उनलाई "तँ नै मुख्य अपराधी होस् तैंले एउटा गोरू मारिस् र गोरुको मासु खाइस्" भन्दै उनको खुट्टा सुन्निउञ्ज्याल रडले पिट्यो। नेपालका आदिवासी जनजातिहरूको मानवअधिकारका लागि कानुन व्यवसायीहरूको सङ्गठनको हालसालैको प्रतिवेदनमा कम्तीमा आठ वटा यस प्रकारका मुद्दाहरूको बारेमा उल्लेख छ। थप जानकारीका लागि: http://recordnepal=com/wire/wrong-side-thin-blue-line#sthash=4b73Qj47=dpuf

१४२ उच्चस्तरीय कार्यदलले सरकारलाई बुझाएको प्रतिवेदन, सन् २०१०।

- उच्च तह कार्यदलको सिफारिशहरू कार्यावन्यन गर्न र आत्मपहिचानको आधारमा सरकारी सूचीमा नपरेका सम्पूर्ण आदिवासी जनजाति समूहको पहिचानको लागि ठोस कदमहरू सुनिश्चित गर्नुपर्ने।

१४. नेपालले आदिवासी जनजाति समूह, अल्पसङ्ख्यक र जोखिममा परेका समूहको निजामती तथा राज्य संरचनामा सहभागिता वृद्धि गर्न प्रभावकारी उपायहरू अपनाउने सिफारिश (१०७.२८)[१४३] स्वीकार गरेको छ। यसै सन्दर्भमा सरकारले केही सामाजिक समावेशीकरणको रणनीति[१४४] कार्यान्वयन गरे तापनि ती रणनीतिहरू प्रभावकारी ठहर भएनन्। २०४७ पछिको निजामती सेवामा समावेशीकरणको स्थिति खस्किएको सङ्केत अध्ययन[१४५]ले गरेको छ। सरकारले विद्यमान समावेशीकरण प्रावधानमा संशोधन ल्याउन समावेशीकरण विधेयकलाई वर्तमान ऐनहरूमा[१४६] समावेश गर्न प्रस्ताव गरेको भए तापनि विधेयकको अवस्था अज्ञात छ।

१५. **आदिवासी महिलाः** आदिवासी जनजाति महिलाको पहिचान र अधिकारको मान्यता नहुनु एक महत्वपूर्ण समस्या हो, जसले जीवनको धेरै तहमा विभेदपूर्ण र असुरक्षाको रूपमा प्रभावित भएको छ। तर पनि राज्यले उनीहरूलाई राष्ट्रिय जनगणनाको तथ्याङ्क, राष्ट्रिय योजना र सरकारी नीतिगत अभिलेखमा समावेश गर्न असफल रहेको छ। अलग पहिचान, समस्या, विभेद र संरचनात्मक बहिष्करणका आधारमा उनीहरू आफ्नो दैनिक जीवनमा शासक वर्गका महिलाको तुलनामा सार्वजनिक र सामाजिक सेवा, न्याय, शिक्षा र निर्णय गर्ने संयन्त्र जस्ता स्थानमा अपर्याप्त पहुँचको सामना गर्नुपर्ने हुन्छ। यसका अतिरिक्त उत्पादन स्रोतहरू जस्तै जमिन, जल, वन र अन्य प्राकृतिक स्रोतहरूमा समेत पहुँच सीमित हुन्छ। नेपाली महिलालाई उनीहरूको जात, जातीय, धर्म र भाषा र सामाजिक संरचनाले गर्दा एकै वर्गमा राख्ने प्रचलनले गर्दा प्राय:जसो आदिवासी जनजाति महिलाजस्ता कमजोर महिला बहिष्करणमा पर्छन्। शासक वर्गका महिलाले भने विशेषाधिकार प्राप्त गर्दछन्।

१६. नेपालमा महिला बेचविखन व्यापक सामाजिक वास्तविकता बनिसकेको छ। यो शरीरको व्यापारको प्रवृतिले आदिवासी जनजाति केटीहरू बेचविखनको उच्च जोखिममा छन्। ८ सय २१ मध्ये ७६ प्रतिशत बेचविखनमा परी उद्धार गरिएका महिला आदिवासी जनजाति समुदाय र साथै दलित महिला (१२५) र बाहुन र क्षेत्री (१२५)

१४३ युपीआरले सन् २०११ मा दिएको सुझाव: ११७.२८ निजामती सेवा, कानुन कार्यान्वयन गर्ने निकाय र स्थानीय निकायमा जनजाति, अल्पसङ्ख्यक र असुरक्षित समूहको संलग्नता बढाउन प्रभावकारी उपायहरू अपनाउने (मलेसिया)।

१४४ नेपालको अन्तरिम संविधान, २०६३, राष्ट्रिय नीति, निजामती सेवा ऐन, २०४९, प्रहरी नियमावली, २०४७ जस्ता संशोधित ऐन तथा नियमावली आदि। निजामती सेवा ऐनले महिला, जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएका क्षेत्रका व्यक्तिका लागि ४५५ सिट आरक्षण गरेको छ। कुल सिट सङ्ख्याको ४५% सिट सङ्ख्यालाई शतप्रतिशत मानेर महिलालाई ३३%, जनजातिलाई २७%, मधेसीलाई २२%, दलितलाई ९%, अपाङ्गता भएका व्यक्तिलाई ५% र पिछडिएको क्षेत्रका व्यक्तिलाई ४% सिट आरक्षित गरिएको छ। आरक्षित समूहले आलोचना गर्ने विन्दु भनेको चाहिँ लोक सेवा आयोगले पहिला आरक्षित सिटहरूको नतिजा प्रकाशन गरेर मात्रै खुला तर्फको नतिजा प्रकाशन गर्छ, जसले गर्दा विशेषगरी प्रमुख जातजातिका समूहलाई दिइँदै आएको खुलातर्फका सिटमा जनजाति तथा अन्य आरक्षित समूहको छनोटमा बाधा पुग्छ। यसका साथसाथै खुला प्रतिस्पर्धाबाट छनोट भएर आएकाहरूलाई नियुक्तिपत्र पहिला दिइन्छ, जसले उनीहरूलाई वरिष्ठतामा आरक्षणबाट आएकाहरूभन्दा माथि पार्छ।

१४५ उदाहरणका लागि, २०६९/७० को युएनडीपीको प्रतिवेदनले देखाउँछ कि सन् १९९० को दशकभन्दा अगाडि अधिकृत तहका राष्ट्रसेवकको अनुपात उच्च जाति र समूह ब्राह्मणको ७०%, क्षेत्री ३०%, जनजाति २१.६% र मधेसी ८.५% मा थियो। तर आ.व. २०५७/५८ मा भने ब्राह्मण र क्षेत्रीको सहभागिताको प्रतिशत बढेर ८७% पुग्यो भने जनजाति र मधेसीको सहभागिता ज्यादै चिन्ताजनक ढङ्गले घटेर १३% मा झर्‍यो।

१४६ सन् २०१२ को युएनडीपीको एउटा प्रतिवेदनका अनुसार प्रस्तावित समावेशी विधयेकले प्रहरी ऐन, २०१२, विकास समिति ऐन, २०१३, शिक्षा ऐन, २०२८, नेपाल विशेष सेवा ऐन, २०४२, नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३, काठमाडौँ विश्वविद्यालय ऐन, २०४८, त्रिभुवन विश्वविद्यालय ऐन, २०४९, निजामति सेवा ऐन, २०४९, पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०, पोखरा विश्वविद्यालय ऐन, ०५३, स्वास्थ्य सेवा ऐन, २०५३, सशस्त्र प्रहरी ऐन, २०५८, सैनिक ऐन, २०६३, लुम्बिनी-बौद्ध विश्वविद्यालय ऐन, व्यवस्थापिका-संसद् ऐन, २०६४, लोक सेवा आयोग ऐन, २०६६, सुदूर-पश्चिम विश्वविद्यालय ऐन, २०६७, मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ तथा कृषि तथा वनविज्ञान विश्वविद्यालय ऐन, २०६७ लाई संशोधन गर्ने उद्देश्य राखेको थियो।

महिला भएको एक अध्ययनले देखाउँछ।[१४७] जकडिएको शोषण, भेदभाव, गरिबी र संरचनागत असमानता यस जोखिमका लागि जिम्मेवार छन्।[१४८]

**सिफारिश**

- समानुपातिक प्रतिनिधित्वको आधारमा आदिवासी जनजाति महिलालाई निर्णय गर्ने तहमा र राज्यको रणनीतिमा मान्यता दिई उनीहरूको परिचय "आदिवासी जनजाति महिला" भनी सुनिश्चित गर्नुपर्ने।
- आदिवासी जनजाति महिलाहरूको भलाइ, भेदभावका प्रकार र हदका साथै बहिष्करण र समावेशीकरणको हद सम्बन्धमा समष्टिगत तथ्याङ्क सङ्कलन गरी सोहीअनुरूप रणनीतिहरू र योजनाहरू तर्जुमा गर्नुपर्ने।
- विद्यमान घरेलु हिंसा र मानव बेचविखनका कानुनलाई सबल बनाउन सक्ने सक्षम कानुन अपनाई बेचविखनबाट उद्धार गरिएकालाई पुन:स्थापित गर्ने उपायहरू लिनुपर्ने।
- संविधानको मौलिक अधिकारहरूमा आदिवासी जनजाति महिलाहरूको लागि विशेष संयन्त्र प्रदान गरी उनीहरूको असुरक्षाका स्थिति सम्बोधन गर्न विशेषाधिकारलाई प्राथमिकतामा राख्नुपर्ने।

***ख. दलित***

१७. दलित समुदाय राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिकरूपमा उत्पीडित, उपेक्षित छ र उनीहरूलाई अछूतसरह व्यवहार गरिन्छ। २०६८ को जनगणनाअनुसार सम्पूर्ण जनसङ्ख्याको १३.२१ प्रतिशत दलित छन्। देशभरि दलितहरू छरिएका छन् र अरु आन्तरिक जात, धर्म, संस्कृति र भाषाको आधारमा थप २६ समूहको वर्गीकरण गरेका छन्।[१४९] जातीय विभेद र जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ विरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुननी प्रावधानहरूका बावजुद उनीहरू विभिन्न प्रकारका विभेदका सामना गरिरहेका छन्। दलितहरू विभेदकारी कानुनबाट पीडित छन्। एक अध्ययनले हाल पनि दलितहरूको सम्बन्धमा विभिन्न कानुनमा गरी ३७ विभेदपूर्ण प्रावधानहरू विद्यमान रहेको देखाउँछ।[१५०] तसर्थ, विद्यमान विभेदकारी कानुनहरूको निर्माण र कार्यान्वयन र विद्यमान भेदभावपूर्ण प्रावधानहरूको बर्खास्तीका उपायहरू[१५१] र जातीय भेदभाव तथा छुवाछूत निर्मूल पार्नु दलितहरूको मुख्य सरोकार रहेका छन्।

**सिफारिश**

- जातीय भेदभाव तथा छुवाछूत निर्मूल गर्न विशिष्ट समय सीमाभित्र पर्याप्त बजेटको बाँडफाँड र उपयुक्त नीति, रणनीति, योजना र कार्यक्रम अङ्गीकार गर्नुपर्ने।

---

१४७ थप जानकारीका लागि: http://www=indigenousvoice=com/7-out-of-every-10-victims-of-trafficking-in-person-are-indigenous-women-and-girls-in-nepal=html#sthash=oRTS5TL2=dpuf

१४८ "जनजाति महिलाहरूका प्रमुख चासोका बारेमा छलफल परामर्श कार्यशालाको प्रतिवेदन", राष्ट्रिय जनजाति महिला महासङ्घ कार्याशाला प्रतिवेदन २०७१, काठमाडौं, नेपाल।

१४९ दलित समुदायले कुल जनसङ्ख्याको १३.२१ प्रतिशत हिस्सा ओगट्छ र वादी, दमाई, गाइने, कामी, सार्की, पोडे, च्यामे, बन्तार, चमार, चिडिमार, धोबी (हिन्दू), डोम, इसाध, हलखोर, ककैहिया, खत्वे, खटिक, कोरी, तत्मा, मुसहर, नतुवा, ढाण्डी, पासी र सर्भंगाजस्ता जातिहरू यसअन्तर्गत पर्दछन्।

१५० अझै पनि देशका विभिन्न कानुनहरूमा धेरै विभेदकारी व्यवस्थाहरू रहेका छन् जुन अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी घोषणापत्र र महासन्धिहरूसँग बाझिएको अवस्थामा छन्। राष्ट्रिय दलित आयोगले गरेको एउटा अध्ययनले देखाएअनुसार २३ भन्दा बढी विभेदकारी व्यवस्थाहरू छन्। नेपाल दलित आयोग, २००५ दलित समुदायका विरुद्ध भएका विभेदकारी तथा संशोधनयोग्य कानुनी प्रावधानहरूको अध्ययन, काठमाडौं, राष्ट्रिय दलित आयोग।

१५१ सार्वजनिक स्थानमा छुवाछूत विरुद्धको संवैधानिक प्रावधान, मुलुकी ऐन, २०२० को प्रस्तावना (छोटा बडा) र सामाजिक रीति स्थितिको सम्मान र अन्य केही प्रावधान (मुलुकी ऐन अदलको महलको १० नं.)। अन्तर्राष्ट्रिय कानुनसँग मेल नभएका धेरै विभेदकारी कानुनी प्रावधान राज्यमा हालसम्म कायम छन्। राष्ट्रिय दलित आयोगको एक अध्ययनले २३ भन्दा बढी विभेदकारी प्रावधान रहेको देखाएको छ।

- दलितहरूका लागि जमिनलगायत अन्य प्राकृतिक स्रोतहरूमा सुरक्षित र समान अधिकार सुनिश्चित गर्नुपर्ने।
- विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।[१५२]
- जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ को प्रभावकारी कार्यान्वयनका लागि नियम र नियमावलीहरू बनाउनु पर्ने र तर्जुमा गर्नुपर्ने।[१५३]
- दलितका मानवअधिकार र मर्यादित जीवन विरुद्ध रहेका सम्पूर्ण विभेदपूर्ण कानुन, नियमावली, नियम, निर्देशन, नीति र कार्यक्रमलाई पुनरावलोकन र संशोधन गर्नुपर्ने।
- दलितसहित जात र समुदायमा आधारित सबै प्रकारका भेदभाव र अत्याचार यौन शोषण, दलित महिला तथा वादी महिलाको बेचविखन र वेश्यावृत्तिमा नियन्त्रण गर्न आवश्यक नीति, निर्देशन र योजनाहरू अपनाउनुपर्ने।[१५४]
- पेरिस सिद्दान्तको पालना गर्दै संविधानमा राष्ट्रिय दलित आयोगलाई वैधानिक निकायको मान्यता प्रदान गर्दै आवश्यक कानुनहरू ग्रहण गरी दलितहरूको मानवअधिकारहरूको उल्लङ्घनका घटनामा ऐनअन्तर्गत अनुगमन गर्नुपर्ने।[१५५]
- राष्ट्रिय दलित आयोगलाई पर्याप्त पूँजी र मानवीय स्रोतहरू विनियोजन गर्नुपर्ने।[१५६]
- अन्तरजातीय दम्पत्तिहरूको विवाहको संरक्षण र उनीहरूविरुद्ध कुनै प्रकारको भेदभाव, अत्याचार, निकाला, दुर्व्यवहार निर्मूल पार्ने सुनिश्चित गर्नुपर्ने।
- विद्यमान प्रावधान र पुरस्कारद्वारा अन्तरजातीय विवाहको प्रोत्साहन गर्नुपर्ने।[१५७]
- दलितहरूका लागि समान र पर्याप्त पूँजी विनियोजन गरी सबै दलितहरूले समानरूपमा फाइदा लिन निश्चित हुने सुनिश्चित गर्नुपर्ने।
- संयुक्त दलित सङ्घर्ष समिति, वादी सङ्घर्ष समिति र हलिया सङ्घर्ष समितिसँग भएको १० बुँदे सम्झौता कार्यान्वयन गर्नुपर्ने।
- दलितहरूको जातिमा आधारित परम्परागत पेशा, ज्ञान, सीप र कलामा पेटेन्ट अधिकारको माध्यमबाट विशेष अधिकारको प्रावधान सुनिश्चित गर्नुपर्ने।

---

१५२ अघिल्लो सिफारिश हेर्नुहोस्, "… जातको आधारमा हुने विभेद विरुद्ध लड्नलगायतका सरकारको प्राथमिकता, ग्रामीण तथा दुर्गम क्षेत्रमा स्थानीय निकायसमेतले नीतिहरू कार्यान्वयन गरेको यकिन गर्नुपर्ने (चेक गणतन्त्र) (अनुच्छेद १०६.२४ युपीआर नेपाल २०११; A/HRC/17/5); महिला, बालबालिका तथा दलितलगायत विरुद्ध हुने विभेद अन्य गर्न कानुनी तथा नीतिगत संयन्त्र लिनुपर्ने (नेदरल्याण्ड) (अनुच्छेद १०७.११ युपीआर नेपाल २०११; A/HRC/17/5); … जातको आधारमा हुने विभेद अभिलेख, अनुसन्धान, पीडक विरुद्ध अभियोजन र यस प्रकारका हिंसाका पीडितलाई क्षतिपूर्ति दिनुपर्ने (चेक गणतन्त्र)" (अनुच्छेद १०८.१२ युपीआर नेपाल २०११; A/HRC/17/5)

१५३ अघिल्लो सिफारिश हेर्नुहोस्, ""छुवाछूत" लगायत लामो समयदेखि चलिआएको विभेदलाई प्रभावकारीरूपमा सम्बोधन र उन्मूलन गर्न कानुनी संयन्त्रको लागि पहल गर्ने (अष्ट्रिया)" (अनुच्छेद १०७.१३ युपीआर नेपाल २०११; A/HRC/17/5)

१५४ हेनुहोस् सिफारिश "व्याप्त यौन हिंसा विशेष गरी दलित समुदायमा र मानव ओसारपसार तथा वेश्यावृत्तिको मूल कारण, गरिबीलगायत (अनुच्छेद २१ सीड समितिको निश्कर्ष प्रतिवेदन २०११, CEDAW/C/NPL/CO/4-5)"

१५५ अघिल्लो सिफारिश हेर्नुहोस्, "अन्तर्राष्ट्रिय मानवअधिकारको सिद्धान्त सुनिश्चित हुने गरी सम्बन्धित कानुन तथा नीतिलगायत …दलित आयोगसम्बन्धी मस्यौदा पुनरावलोकन र लागू गर्न (नर्वे) (अनुच्छेद १०८.११ युपीआर नेपाल २०११; A/HRC/17/5)"

१५६ सिफारिशमा हेनुहोस्, "श्रोत जसले उनीहरूलाई कुशलरूपमा काम गर्न दिन्छ त्यसलाई सुदृढ गर्न राष्ट्रिय महिला आयोग र दलित आयोगका कार्यलाई प्रोत्साहन गर्ने कार्य निरन्तर जारी राख्ने (बोलिभिया) (अनुच्छेद १०६.८ युपीआर नेपाल २०११; A/HRC/17/5)" र "राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगलाई आफ्ना आदेश प्रभावकारी रूपमा पालन गर्न पर्याप्त श्रोतहरू उपलब्ध गराउनु (सोभेनिया) (अनुच्छेद १०७.६ युपाआर नेपाल २०११; A/HRC/17/5)।"

१५७ जातीय विभेदसम्बन्धी महासन्धि (सर्ड) समितिको सिफारिश, २००२ हेर्नुहोस्, "जातको आधारका समुदायले बाहिरी समुदायमा विवाह गर्न चाहेमा उनीहरूको विवाहको अधिकारको रक्षा गर्न संयन्त्र अपनाउनुपर्ने (अनुच्छेद ३२ सर्ड समितिको सामान्य सिफारिश XXIX 2002; CERD/C/61/Misc.29/rev.1)", २००२)"

- दलितहरूको अधिकार (११ बुँदे)को सन्दर्भमा प्रथम संविधानसभाको संविधान मस्यौदा समितिले तयार पारेको मस्यौदा नयाँ संविधानमा समावेश भएको सुनिश्चित गर्नुपर्ने।
- राज्यमा सबै कार्यका संरचनात्मक ढाँचा, निकायहरू र क्षेत्रहरूमा दलितहरूको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गर्न संविधानको धारा २१ सङ्गत उपयुक्त ऐनको तर्जुमा गर्नुपर्ने।[१५८]
- प्रहरी बल, सरकारी वकिल र अदालतहरूलगायत कानुन कार्यान्वयन गर्ने सम्पूर्ण निकायमा दलितहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने।[१५९]
- जातीय भेदभाव तथा छुवाछूत (अपराध र सजाय) ऐनलगायत दलितसम्बन्धी कानुनका विषयमा सबै कानुनकार्यान्वयन गर्ने निकायहरू सशक्त, प्रशिक्षित र जानकार रहेको सुनिश्चित गर्नुपर्ने।
- राज्य संरचना, क्षेत्रहरू र निकायहरूलगायतका सम्पूर्ण समुदायमा आधारित संस्था र निजी क्षेत्रमा दलितको सहभागिता सुनिश्चित गर्न विद्यमान सकरात्मक कार्यहरूलाई विस्तार गर्न उपयुक्त कानुनहरू अपनाउनुपर्ने।
- दलितको संस्थागत समावेशीकरणका दलितको सशक्तिकरण गर्न दलित विकास संस्था र मन्त्रालयको स्थापना सुनिश्चित गर्नुपर्ने।[१६०]

१८. मधेसी समुदायभित्र मधेसी दलितहरू धेरै उपेक्षित, सीमान्तकृत, भूमिहीन[१६१] र विभेदित छन्। उनीहरू नागरिकता प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित छन्।

**सिफारिश**

- मधेसी दलितहरूको भूमिविहीन र राज्यविहीनता समस्याहरूको सम्बोधन गर्दै नागरिकताको अधिकारहरू र भूमि अधिकार सुनिश्चित गर्नुपर्ने।
- दलित र मधेसी समुदायभित्र मधेसी दलितहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नका लागि उपयुक्त कानुनहरू अङ्गीकार गर्नुपर्ने।
- जाति, वंश, क्षेत्र, भाषा र संस्कृतिका आधारमा मधेसी दलितहरूविरुद्ध भेदभाव हटाउनुपर्ने।
- पहाडी दलित, मधेसी दलित र दलित महिलासँग सम्बन्धित उनीहरूको जनसङ्ख्याको आकारअनुरूप सामाजिक-आर्थिक अवसरहरू, स्रोतहरू र सेवाहरूबीचमा समानुपातिक वितरण सुनिश्चित गर्नुपर्ने।
- दलितको न्यायमा पहुँच[१६२] सुनिश्चित गर्नका लागि विद्यमान कानुनहरूको समीक्षा र पुनरावलोकन गर्नुपर्ने।

१९. दलित महिलाहरू वर्ग, जाति र लिङ्गका आधारमा तीन प्रकारका विभेदको सामना गरिरहेका छन्। यसबाहेक मधेसी दलित महिलाहरू क्षेत्रीय आयामसहित चार प्रकारका विभेदका सामना गरिरहेका छन् र वादी महिला शताब्दीयौंदेखि परम्पराको रूपमा यौन शोषणको सामना गरिरहेका छन्।

---

१५८ हेर्नुहोस् सर्ड समितिको सामान्य सिफारिश, "कानुनी सहायता, सामूहिक हकका लागि सहजीकरण, र समुदायको अधिकारको बचावटको लागि गैरसरकारी संस्थालाई प्रोत्साहित गर्ने लगायत जातका आधारका समुदायका सदस्यहरूलाई न्यायमा समान पहुँच सुरक्षित गर्न आवश्यक कदम लिन (अनुच्छेद २१ सर्ड समितिको सामान्य सिफारिश XXIX 2002; CERD/C/61/Misc.29/rev.1)"

१५९ हेर्नुहोस् सर्ड समितिको सिफारिश, "जातको आधारमा हुने विभेदलाई पूर्ण सम्बोधन गर्ने न्यायिक फैसला तथा आधिकारिक कारवाही सम्भव भएसम्म सुनिश्चित गर्ने (अनुच्छेद २२ सर्ड समितिको सामान्य सिफारिश XXIX 2002; CERD/C/61/Misc.29/rev.1)"

१६० हेर्नुहोस् सर्ड समितिको सिफारिश, "प्रहरी तथा कानुन कार्यान्वयन निकाय र समुदायका सदस्यबीच सकारात्मक छलफलको लागि प्रोत्साहित र सहजीकरण गर्ने (अनुच्छेद २६ सर्ड समितिको सामान्य सिफरिस XXIX 2002; CERD/C/61/Misc.29/rev.1)"

१६१ दिगो विकास मञ्च, २००६, ओनरसीप अफ दलित्स इन ल्याण्ड: अ स्टडी. काठमाडौं: दिगो विकास मञ्च

१६२ अघिल्लो सिफरिश हेनुहोस्, "न्याय प्राप्तिको प्रयासमा रहेका पीडितले सामना गर्ने बाधालाई हटाउन खोज्नुपर्ने। प्रयास गर्नुपर्ने (गणतान्त्रिक कोरिया) (अनुच्छेद १०६.३७ युपीआर नेपाल २०११ A/HRC/17/5)"

**सिफारिश**

- वर्ग, जाति, लिङ्ग र क्षेत्रका आधारमा हुने भेदभावलाई निर्मूल पार्न उपयुक्त नीति, कानुन, रणनीति र कार्यक्रम तर्जुमा गर्नुपर्ने।
- वादी महिलाप्रति हुने यौन शोषण रोक्नुपर्ने र सरकारको वादी सङ्घर्ष समितिसँग भएका सम्झौताहरू कार्यमा परिणत गर्नुपर्ने।
- दलित र महिलाभित्र पनि दलित महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने।

२०. दलित युवा र बालबालिकालाई विद्यालय, मन्दिर र अन्य सार्वजनिक र निजी ठाँउमा अछूत भनी विभेद गरिन्छ। उनीहरूको शिक्षा, स्वास्थ्य र पौष्टिक खानामा कम पहुँच छ। दलित बालबालिकाको सन्दर्भमा बालश्रम, बेचविखन र यौन हिंसा गम्भीर सवाल हुन्।

**सिफारिश**

- दलित बालबालिकालाई विद्यालय र सार्वजनिक र निजी स्थलमा भेदभाव नहुने र त्यस किसिमका कार्यमा संलग्न दोषीलाई दण्ड सुनिश्चित गर्नुपर्ने।
- दलित बालबालिकाको शिक्षाको अधिकार, पर्याप्त खाना र स्वास्थ्य सेवाका उपायहरू सुनिश्चित गर्नुपर्ने।
- सबै दलित बालबालिकाका लागि नि:शुल्क शिक्षा, उच्च शिक्षाका लागि आरक्षण र छात्रवृत्तिहरूमा वृद्धि र दलित विद्यार्थीहरूलाई निजी विद्यालयहरूमा कम्तिमा १० प्रतिशतको छात्रवृत्ति प्रदान गर्ने कानुनी प्रावधान सुनिश्चित गर्नुपर्ने।[१६३]

***ग. मुस्लिम र धार्मिक अल्पसङ्ख्यक समूहहरू***[१६४]

२१. २०६८ सालको जनगणना प्रतिवेदनको आधारमा १० वटा धार्मिक समूहहरू सूचिकृत छन्, जसमा हिन्दूको बाहुल्य (८१.३५) छ, उनीहरूपछि बौद्ध, इस्लाम, किराँत, क्रिश्चियन, बोन, जैन, बहाई र शिख धर्मावलम्बी छन्। धर्मनिरपेक्षताको संवैधानिक प्रावधानका बावजुद सबै धार्मिक अल्पसङ्ख्यक समूहहरू धर्मको आधारमा विभेदित छन्। मुस्लिम समुदाय र अन्य धार्मिक अल्पसङ्ख्यक समूहहरू सहभागिता तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सन्दर्भमा विभिन्न प्रकारका भेदभाव भोगिरहेका छन्।[१६५]

**सिफारिश**

- धर्मनिरपेक्षता कार्यान्वयनका लागि उपयुक्त कानुनहरू अपनाई सबै धार्मिक अल्पसङ्ख्यकहरू विरुद्धका सबै प्रकारका भेदभाव हटाउनुपर्ने।
- सबै धार्मिक समूहहरूको स्रोतहरूमा समान पहुँच संरक्षण र संवर्धनका लागि उनीहरूको सांस्कृतिक सम्पदा, पवित्र स्थल र धार्मिक संरचनाहरूको निर्माण सुनिश्चित गर्नुपर्ने।

---

१६३ हेर्नुहोस् अघिल्लो सिफारिश, “सम्पूर्ण बालिका, दलित बालबालिका र आदिवासी अल्पसङ्ख्यकका बालबालिकाको गुणस्तरीय शिक्षामा समान पहुँच भएको सुनिश्चित गर्नुपर्ने (फिनल्याण्ड) (अनुच्छेद १०६.५३ युपीआर नेपाल २०११; A/HRC/17/5)”

१६४ तथ्याङ्कमा १० प्रकारको धर्म देखिएको छ। हिन्दु ८१.३% (२१,५५१,४९२)ले मान्दछन् भने बौद्ध धर्म (९%; २,३९६,०९९), इस्लाम (४.४%; १,१६२,३७०), किराँत (३.१%; ८०७,१६९), ईशाई (१.४%; ३७५,६९९), प्रकृति (०.५%; १२१,९८२), बोन (१३,००६), जैन (३,२१४), बहाई (१,२८३) र शिख (६०९) (केन्द्रीय तथ्याङ्क विभाग, २०११)

१६५ Id भाग ५

- राज्य संरचना, निजामती सेवा, र अन्य कार्यालयहरू र क्षेत्रमा मुस्लिम समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु र मुस्लिमलाई धार्मिक अल्पसङ्ख्यकभन्दा पनि "समुदाय"को पहिचान दिनुपर्ने।
- सरकारले मदरसालाई औपचारिक शिक्षा प्रणालीअन्तर्गत पहिचान दिनुका साथै सरकारी प्रतिबद्धता अनुरूप मदरसा शैक्षिक परिषद्को गठन गर्नुपर्ने।
- मुस्लिम बालबालिकाको सांस्कृतिकरूपमा उचित तरिकाले शिक्षामा पहुँच सुनिश्चित हुनुपर्ने।
- मानवअधिकारको पूर्ण प्रचलनको संरक्षण र प्रवर्धन गरी उपयुक्त कानुनहरू अनुगमन गर्न राष्ट्रिय मुस्लिम आयोगलाई वैधानिक निकायको रूपमा अङ्गीकार गरी कार्यान्वयनका कार्यक्रमहरू गर्नुपर्ने।
- उर्दू भाषा र लिपिलाई राष्ट्रिय भाषाको पहिचान दिनुपर्ने।

२२. मुस्लिमहरूको इस्लाम धर्म अनुसार हुने वैवाहिक र सम्बन्धविच्छेदका कानुनहरूलाई सरकारले कुनै कानुनी मान्यता दिएको छैन भने अन्य सामाजिक परम्परा र प्रथाहरूको मुस्लिम पारिवारिक कानुनमा स्पष्ट व्यवस्था छैन। साथै मुस्लिम व्यक्तिको भाषाको समस्याले गर्दा स्वास्थ्य, न्याय र शिक्षामा कम पहुँच छ। यसका अतिरिक्त मुस्लिम समुदायभित्र महिलाको रूपमा र मुस्लिम महिलाहरूले धेरै प्रकारका विभेद भोग्नुपर्छ।

**सिफारिश**

- विशेषरूपले उनीहरूको पारिवारिक कानुनमा आधारित मुस्लिम समुदायको विशिष्ट प्रथाहरू, संस्कृति, भाषा र जीवन शैलीको पहिचान र सम्मान गर्नुपर्ने।
- मुस्लिम महिलाहरूलाई मुस्लिम समुदायका साथै महिलाभित्र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने।
- मुस्लिम महिलाहरूलाई छुट्टै शिक्षा प्रणालीअन्तर्गत मुस्लिम शैक्षिक प्रणाली सुनिश्चित गर्नुपर्ने।
- मुस्लिम बालबालिकाहरूलाई पर्याप्त छात्रवृत्ति प्रदान गर्नुपर्ने।

***घ. अपाङ्गता भएका व्यक्ति***

२३. सरकारले सन् २०१० मा अपाङ्गता भएका व्यक्तिसम्बन्धी महासन्धि (CRPD) अनुमोदन गरेको भए तापनि सरकारले (CRPD)लाई राष्ट्रिय कानुनमा सामेल गरेको छैन। सरकारले समाजका अन्य सदस्यहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गराउन असफल रहेको छ। सरकारले अविभेद सुनिश्चत गर्न निजी र सार्वजनिक दुवै क्षेत्रमा सामाजिक, आर्थिक र वातावरणीय छेकवारका लागि सिफारिशहरू (108.13/108.14)[१६६] स्वीकृत गरेको छ। उनीहरूको दैनिक जीवनमा निजी र सार्वजनिक दुवै क्षेत्रमा जस्तै पूर्वाधारहरू, भवनहरू, बाटोहरू, यातायात सुविधाहरू र सूचनाको पहुँच र अन्य सेवा सुविधाहरूमा मैत्रीपूर्ण वातावरणको अभाव नै प्रमुख अड्चन रहेको छ। सरकारले अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरेका सुविधाहरू मानवअधिकारका सिद्धान्तहरूमा आधारित नभई केवल चिकित्सा र दयाको दृष्टिकोणमा आधारित छ।

२४. अपाङ्गता भएका व्यक्तिहरूको परिवारले सामाजिक र सांस्कृतिक विकासमा कम प्राथमिकता दिएका छन्। फलस्वरूप, उनीहरूको शिक्षा, न्याय, रोजगार, पुनर्वास कार्यक्रम, पोषण र स्वास्थमा पहुँच कम छ। विवाहका लागि साथी रोज्ने, पैतृक सम्पत्ति पाउने र बच्चा पाउने अधिकारहरू प्राय: उनीहरूकै परिवारबाट उल्लङ्घन

१६६ १०८.१३ अपाङ्गता भएका व्यक्ति र उनीहरूको प्रतिनिधित्व संस्थासँग छलफल गरी अपाङ्गता भएका व्यक्तिले काम, सीपमूलक तालिम, व्यवसायिक तालिम, शिक्षा तथा हिसाबी ज्ञान कार्यक्रममा सक्षम रहेको सुनिश्चित गर्ने संयन्त्र लागू गर्न र लागू भएको एक वर्षभित्र लक्ष्य प्राप्त गर्ने यकिन गर्नु (न्यूजिल्याण्ड)। १०८.१४। अपाङ्गता भएका व्यक्ति तथा महिला तथा बालबालिकाजस्ता जोखिममा रहेका अन्य समूहको अधिकार बिना कनै विभेद सुनिश्चित गर्नु (चिली)।

भएको हुन्छ। उनीहरू घरेलु हिंसा, दुरूपयोग र लापरवाहीबाट पीडित छन्। अपाङ्गता भएका व्यक्तिहरूमध्ये ग्रामीण क्षेत्रका अपाङ्गता भएका महिला, कथित तल्लो जाति समूहरू; जस्तै दलितहरू र आदिवासी जनजाति व्यक्तिहरू अन्यको तुलनामा यौन शोषण र हिंसाका सामना गर्न धेरै जोखिममा छन्।

२५. सरकारको वर्गीकरण, विविधता भएको व्यक्तिहरूमा अपाङ्गहरूलाई उनीहरूको सामाजिक उत्थानका आधारमा लिइएको होइन। सरकारलगायत उपयुक्त सरोकारवाला र अपाङ्गता भएका व्यक्तिको नेतृत्व सङ्गठनले आवश्यकता महसुस गर्नुपर्छ कि अपाङ्गता भएको व्यक्तिहरू र उनीहरूको जीवनमा अन्य धेरै पक्षहरूमा विभेद थप जटील हुनुको कारण स्थिति जात, जाति, लिङ्ग, धर्म र भौगोलिक क्षेत्र नै हो। एक व्यक्तिमाथि हुने भेदभाव, उल्लङ्घन, दुरूपयोग र मानवअधिकारहरूको वञ्चितीकरणमा व्यक्तिगत सामाजिक परिचय र वर्गले साँच्चै नै महत्वपूर्ण भूमिका खेल्छ। प्रमुख समूहका अपाङ्गता भएका व्यक्तिको तुलनामा आदिवासी जनजाति समुदायका अपाङ्ग व्यक्तिहरूले सामाजिक र सांस्कृतिक अधिकारको प्रचलन, न्यायमा पहुँचलगायत संस्थागत र संरचनात्मक विभेदमा धेरै दु:ख भोग्नुपर्छ। यस्तै, अपाङ्गता भएका दलित व्यक्ति जातीय आधारमा विभेद र छुवाछूतका साथै अपाङ्गता भएकै कारण भेदभावको सामना गरिरहेका छन्। त्यसै गरी, बौद्धिक र मानसिक अपाङ्गता र गम्भीर शारीरिक अपाङ्गता भएका महिलालाई सोही कारणले उनीहरूकै अभिभावकबाट जबरजस्ती बन्ध्याकरण गर्न बाध्य गराइन्छ।[१६७] तसर्थ आदिवासी जनजाति समुदाय, दलित र कमजोर समूहहरूका अपाङ्गता भएका व्यक्तिहरू प्रतिनिधित्वविहीन र अन्यले प्राप्त गरेका सुविधा र अवसरहरू तथा संस्थागत संरचनामा समेत विभेदको विषय भएका छन्।[१६८]

**सिफारिश**

- सडक, यातायातलगायतका सरकारी र सार्वजनिक भवनहरू र पूर्वाधारहरूमा पहुँच र सूचनामा पहुँच तथा अन्य सुविधाहरूमा CPRD अनुरूप सकारात्मक वातावरणको रणनीतिहरू सुनिश्चित गर्नुपर्ने।
- साङ्केतिक भाषासम्बन्धी संस्था स्थापना, विकास तथा आवश्यकताअनुरुप साङ्केतिक भाषामा अनुवाद सेवाहरू उपलब्ध गराउनुपर्ने।
- CPRD अनुरूप अपाङ्गता भएको व्यक्तिलाई रोजगार, स्वास्थ्य सेवा र यातायातसम्बन्धी कानुन पुनरावलोकन गरी अन्य कानुनमा समेत अविभेद सुनिश्चित गर्नुपर्ने।
- अपाङ्गता भएका व्यक्तिको सङ्ख्यागत तथ्याङ्क सङ्कलन गरी अपाङ्गताको गम्भीरताको आधारमा मात्र नभई उनीहरूको सामाजिक उत्पत्ति समेतको आधारमा उनीहरूलाई विभिन्न श्रेणीहरूमा वर्गीकरण गर्नुपर्ने।
- अपाङ्गता भएका महिला, अपाङ्गता भएका दलित, अपाङ्गता भएका आदिवासी जनजाति व्यक्तिहरू, धार्मिक अल्पसङ्ख्यक र क्षेत्रहरूमा भएका अपाङ्गता भएका व्यक्तिको समस्यालाई प्राथमिकतामा राख्दै अपाङ्गता भएका व्यक्तिको मानवअधिकारहरूको संरक्षण र प्रवर्धनका लागि प्रयत्न गर्नुपर्ने।
- अपाङ्गता भएका महिला विरुद्ध हुने उच्च घरेलु र यौनिक हिंसाका घटनाहरू कम गर्न विविध क्षेत्रहरूमा कार्यावन्यनका लागि पहल गर्नुपर्ने।

---

१६७ संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् आदिवासी जनजाति विषयसम्बन्धी स्थायी मञ्च १२ औं सत्र E/c.19/2013/6 Economic and Social Council United Nation Permanent Forum on Indigenous Issues 12th Session E/c.19/2013/6.

१६८ एक अध्ययनका अनुसार लैङ्गिक तथा अपाङ्गताका कारणले मात्र अपाङ्गता भएका महिलाको शिक्षा तथा अन्य सेवाहरूको पहुँचमा बाधा हुने नभई उनीहरूको अपाङ्गताको प्रकार, परिवारको सामाजिक आर्थिक हैसियत, उनीहरूको जातजाति, शहरी वा ग्रामीण क्षेत्रमा बसोबास तथा अन्य विभिन्न कारणले पनि असर पारेको हुन्छ। अपाङ्गताका र लैङ्गिकका आधारका साथै आदिवासी, दलित वा भौगोलिक रूपमा पिछडिएका जस्ता पहिचानको आधारमा अपाङ्गता भएका व्यक्तिको अधिकार हनन भएको हुन्छ। ९०.९% अपाङ्गता भएका महिलाका अनुसार पारस्परिक विभेदले उनीहरूलाई सूचना प्राप्त गर्न र सेवामा पहुँचमा पाउन रोकिरहेको हुन्छ। राज्य तथा राष्ट्रिय अपाङ्ग महासङ्घले नेपालमा अपाङ्गता भएका आदिवासी जनजातिको मानवअधिकारको विषयमा सम्बोधन गरेको छैन। हाल कायम रहेका राष्ट्रिय अपाङ्ग महासङ्घको कार्यसमिति जोखिममा रहेका अपाङ्गता भएका आदिवासी जनजातिप्रति विभेदकारी छ। http://www.socialinclusion.org/np/newfile/pratimagurung

- अपाङ्गता भएका व्यक्तिलाई राज्यका नीति, सार्वजनिक क्षेत्र, र निजामती सेवामा उनीहरूको परिचय र प्रतिष्ठाका सम्मान साथ सहभागिता र प्रतिनिधित्वे सुनिश्चित गर्नुपर्ने।
- अपाङ्गताका प्रकार र सामाजिक उत्पत्तिका आधारमा अपाङ्गता भएको व्यक्तिका आधारभूत सामाजिक सुरक्षाको प्रबन्धको लागि कानुनहरू पारित र कार्यावन्यनको जिम्मा लिनुपर्ने।

***ङ. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू***

२६. सरकारले यौनिक अभिमुखीकरण र लैङ्गिक परिचयका आधारमा अविभेद सुनिश्चित गर्ने कदमहरू अपनाउने सिफारिश (106.23)[१६९]लाई स्वीकार गरिसकेको भए तापनि ती सिफारिशलाई व्यवहारमा उतार्नु पर्नेछ। भेदभावरहितको संवैधानिक प्रावधान भए पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकले यौन उत्पीडन, शारीरिक र मनोवैज्ञानिक हिंसा, यौन आक्रमण, आफ्नै समुदाय र परिवारबाट बहिष्कारलगायतका मानवअधिकारको निरन्तर उल्लङ्घन भोगिरहेका छ। स्वेच्छाचारी गिरफ्तारी र गैरकानुनी थुना, कुटपिट र बलात्कारजस्ता घटना पनि भइरहेका छन्। सरकारका नीतिगत दस्तावेज र योजनाहरूमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको समस्या पूर्णरूपमा समावेश गरिएको छैन। सरकारले संसद्मा पेश गरेको देवानी र फौजदारीसंहिता विधेयकहरूमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकारविरुद्ध धेरै प्रावधानहरू समावेश छन्।[१७०]

२७. सरकारले समलिङ्गी विवाह समिति गठन गरेको छ। समितिको प्रतिवेदनमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका विभिन्न सम्बन्धित सरोकारहरू छन्। सरकारले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई यौनिक र लैङ्गिक परिचयको आधारमा नागरिकता प्रमाणपत्र प्रदान गर्न शुरु गरेको छ। तर पनि उनीहरूको सही परिचय उल्लेख नभएको नागरिकता प्रमाणपत्र परिवर्तन गर्न सरकारी निकायले इन्कार गर्ने गरेको छ। प्रस्तुत प्रावधान राहदानीको विषयमा पनि अझै कार्यावन्यनमा ल्याइएको छैन। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू आफ्नो परिचयको आधारमा राहदानी पाउनबाट वञ्चित छन्। उनीहरूका राहदानीमा उल्लेख नाम र लिङ्ग, विशेष गरी अन्तरलैङ्गिकको परिचयसँग मेल खाँदैन। उनीहरूले विदेश यात्राका समयमा अधिकांश उत्पीडन र समस्याहरूको अनुभव गर्नुपर्ने हुन्छ। त्यसै गरी सुरक्षा प्रणालीमा मैत्रीपूर्ण प्रावधान नभएका कारणले उनीहरू थुनामा भएका बेला विभिन्न प्रकारका भेदभाव र उत्पीडनको सामना गर्नुपर्ने हुन्छ।

**सिफारिश**

- नयाँ संविधानको प्रस्तावनामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अस्तित्व स्वीकार र पहिचान हुनुपर्ने।
- समलिङ्गी विवाहको अनुमति र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकले धर्मपुत्र या पुत्री लिन सक्षम हुने उपयुक्त कानुनहरू पुनरावलोकन र अङ्गीकार गर्नुपर्ने।
- सबै सरकारी कागजातहरूमा यौन र लिङ्ग परिचयको पहिचान गर्नुपर्ने।
- समलैङ्गिक विवाह समितिको प्रतिवेदनका सिफारिशको कार्यावन्यन गर्नुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका अधिकारविरुद्ध भएका भेदभावपूर्ण प्रावधानहरू अङ्गीकरण गर्नु पहिले देवानी र फौजदारी संहिताका विधेयकहरू पुनरावलोकन गरी संशोधन गर्नुपर्ने।

---

१६९ प्रस्तावित देवानी तथा फौजदारी संहितालगायतमा यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा अविभेद सुनिश्चित गर्न कदम चाल्न (न्यूजिल्याण्ड)।

१७० परामर्शको क्रममा नील हिरा समाजका कार्यकारी निर्देशकले देवानी तथा फौजदारी संहिताको मस्यौदामा २८६ प्रावधान तेस्रो लिङ्गीको अधिकार विरुद्ध भएको जानकारी गराए। http://www.hrw.org/world-report-2012/world-report-2012-nepal

- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकविरुद्ध सबै प्रकारका विभेदहरू सम्बोधन गर्ने र यस्ता कार्यमा संलग्न दोषीलाई अनिवार्य दण्ड दिनुपर्ने।
- यौनिक र लैङ्गिक अल्पसङ्ख्यक समुदायसम्बन्धी समस्याहरूलाई नीति र रणनीतिक योजनाहरूमा समावेश गर्नुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका सङ्गठनहरूलाई बिना कुनै कानुनी अवरोध दर्ता गर्न अनुमति दिनुपर्ने।
- यौनिक र लैङ्गिक अल्पसङ्ख्यकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण प्रचलन, संरक्षण र प्रवर्धन गर्न एक स्वतन्त्र आयोगको स्थापना गर्नुपर्ने।

***च. मधेसी***

२८. मधेस आन्दोलन २०६४ पछि मधेस र मधेस पहिचान देखा पर्‍यो। तराई-मधेसले नेपालको अधिकांश समथर र कृषियोग्य जमिन तथा अत्यधिक आवादी क्षेत्र ओगटेको भए तापनि मधेसी व्यक्तिहरू लामो समयदेखि वर्ण, क्षेत्र, भाषा र सामाजिक-सांस्कृतिक पहिचानका आधारमा विभेदित छन्। उनीहरू बहुजाति, बहुभाषा र बहुसंस्कृतिलाई प्रतिविम्बित गर्दछन्। सरकारले मधेसमा आधारित राजनीतिक दलहरू र विभिन्न सशस्त्र समूहहरूसँग अनेक सम्झौताहरू गरेको छ।[१७१]

**सिफारिश**

- मधेसी आयोगको स्थापना गर्नुपर्ने र उक्त आयोगले मधेसी महिला, मधेसी दलित र अन्य पिछडिएका समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने।[१७२]
- राज्यका रणनीति, निजामती सेवा तथा निकायहरूमा मधेससीको समानुपातिक प्रतिनिधित्व सुनिश्चित र अनुगमन तथा कानुनहरूको प्रभावकारी कार्यावन्यनका लागि राष्ट्रिय समावेशी आयोग स्थापना गर्नुपर्ने।[१७३]
- मधेसी महिला, दलित, आदिवासी जनजाति, अन्य पिछडिएका समुदाय र मधेसी जातिका समूहहरू बीचमा बजेटको बाँडफाड, सामाजिक-आर्थिक अवसरहरू र अन्य स्रोतहरूको समान र समानुपातिक वितरण सुनिश्चित गर्नुपर्ने।
- सबैप्रकारका पूर्वाग्रह, भेदभाव, क्षेत्र, भाषा र वर्णका आधारमा बहिष्करण समाप्ति सुनिश्चित गर्नुपर्ने।

---

१७१ सरकारले मिति २०६४ भदौ १३ मा मधेसी जनधिकार फोरमसँग २२ बुँदे सम्झौता र मिति २०६४ फागुन ११ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग ६ बुँदे सम्झौता गरेको छ।

१७२ अन्य पिछडिएका समुदायको सूची: कुशवाह, कुर्मी, कुमाल, कहर, केवट, कानु, कमार, कलवार, तेली, धानुक, नुनिया, बनिया, माली, मल्लाह, मुसलमान, बरैया, यादव, राजभार, रौनियार, लोहार, लोध, सुडी, सैनी, सोनार, हलुवाई, हजाम, अमत, मझगैया। माथि उल्लेखित अन्य पिछडिएका समुदायका जात र समुदायलाई १८% सिट आरक्षण गरिएको छ।

१७३ पिछडिएका तथा सिमान्तकृत समूह विशेष गरी दलित, मधेसी तथा आदिवासी समुदाय र विशेषत: यस समूहभित्रका महिलाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार बिना भेदभाव संरक्षण र पूर्ण प्रचलनका लागि प्रवर्धन गर्ने कार्यक्रमको कार्यान्वयन अनुगमन गर्न विशेष इकाई स्थापना गर्न समितिले थप सुझाव दिएको छ (अनुच्छेद ३२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिको निष्कर्ष सुझाव २००८; E/C.12/NPL/CO/2)

- मधेसी व्यक्ति विरुद्ध हुने बिना पुर्जी पक्राउ, यातना, गैरन्यायिक हत्या र अन्य दुर्व्यवहार तत्काल रोक्ने उपायहरू अवलम्बन गर्नुपर्ने।[१७४]
- मधेसको जनघनत्वको आधारमा बजेटको विनियोजन र वितरण सुनिश्चित हुनुपर्ने।
- मधेसी व्यक्तिको नागरिकतामा सहज पहुँच सुनिश्चित गर्नुपर्ने।

२९. मधेसी महिलाले महिला र मधेसी महिलासमेत भएकै कारणले धेरै प्रकारका विभेद र बहिष्करणको सामना गर्नुपर्छ। दाइजो प्रथाका कारण उनीहरू घरेलु हिंसा, अनिच्छित सम्बन्धविच्छेद, लिङ्ग पहिचानका आधारमा गर्भपतन र हत्यासमेतको सामना गर्नुपर्छ। विशेषगरी मधेसी दलित र अन्य पिछडिएका समुदायलगायतका महिला र बालिकाहरू विरुद्ध यौन हिंसा व्यापक छ।

**सिफारिश**

- मधेसमा लैङ्गिक असमानता र हिंसाको क्रूर पक्षका रूपमा रहेको दाइजो प्रथाको सम्बोधन गर्न घरेलु हिंसा ऐन र सामाजिक व्यवहार सुधार ऐन पुनरावलोकन गरी संशोधन गर्नुपर्ने।
- मधेसी महिलाको राज्यका रणनीति, निजामती सेवा र अन्य क्षेत्रहरूमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने।

***छ. मुक्त बँधुवा श्रमिक (कमैया र हलिया) र हरूवा र चरुवा***

३०. राष्ट्रसङ्घ (UN) आर्थिक तथा सामाजिक परिषद्मा पेश भएको एक अध्ययनले नेपालमा तीन प्रकारका बँधुवा मजदुर प्रणाली प्रचलनमा रहेको पहिचान गरेको छ: तराईमा कमैया र हरूवा तथा पहाडमा हलिया प्रणाली।[१७५] कमैया मजदुरहरू धेरै हदसम्म तराईको एक आदिवासी जनजाति समूह थारू समुदायबाट छन्। सन् १९५० देखि औलो उन्मूलन कार्यक्रम र राजमार्ग निर्माणका कारण ठूलो सङ्ख्यामा व्यक्तिहरू पहाडबाट तराईमा प्रवास गर्न प्रोत्साहित भए। यसका कारण थारूहरूले आफ्नो जमिन मात्र गुमाएनन्, बरु आफ्नो प्रतिष्ठा र स्वायत्ततासमेत हिन्दूका उच्च जातिका अगाडि गुमाए। पहिले थारूहरूको नियन्त्रणमा रहेको धेरै जमिन बसाइ सराइ गरी आएका पहाडीहरूको हातमा गयो। ज्यादातर बसाइसराइ गरी आएका पहाडीहरूले थारूहरूको जग्गा अतिक्रमण गर्न आफ्नो शिक्षा र आफ्नो जाति तथा स्थानीय सरकारी पदाधिकारीसँगको

---

१७४ हेनुहोस् अघिल्लो सिफारिश, "पक्राउ पुर्जी बिना पक्राउ गर्ने, यातना, गैरन्यायिक हत्या तथा अन्य दुर्व्यवहारलाई रोक्न आवश्यक संयन्त्र अपनाउन र कानुन कार्यान्वयन गर्ने निकायका कथित दुर्व्यवहार शीघ्र तथा निष्पक्ष छानबिन हुने सुनिश्चित गर्न (जापान); जबरजस्ती बेपत्ता, यातनाका घटना, पक्राउ पुर्जी बिनाका पक्राउ तथा प्रहरी तथा नेपाल सैनिकका गैरन्यायिक हत्या जस्ता दुर्व्यवहार तथा दुरूपयोगका सम्पूर्ण घटनाहरू अनुसन्धान गर्न र यस प्रकारका गंभिर मानवअधिकारको हननमा न्याय दिने सुनिश्चित गर्न (हङ्गेरी) (अनुच्छेद १०७.१५ युपीआर नेपाल २०११; A/HRC/17/5); गैरन्यायिक हत्याको आरोपमा अनुसन्धान गर्न र सुरक्षा निकायको गतिविधिका लागि एक स्वतन्त्र उजुरी संयन्त्र विकास गर्न (डेनमार्क) (अनुच्छेद १०८.१८ युपीआर नेपाल २०११; A/HRC/17/5); तथा गैरन्यायिक हत्या तथा स्वेच्छाचारी कार्यान्वयनका सम्पूर्ण आरोपहरू निश्पक्ष अनुसन्धान गर्न, जिम्मेवारका विरुद्ध मुद्दा चलाउन, र गैरन्यायिक हत्या, स्वेच्छाचारी हत्यासम्बन्धी विशेष समाधीक्षक र जबरजस्ती वा अनैच्छिक बेपत्ताको कार्य समूहका भ्रमण निम्तोको आग्रह स्वीकार गर्न (इटाली) (अनुच्छेद १०८.१९ युपीआर नेपाल २०११; A/HRC/17/5)"

१७५ एलएफडब्लु नेपाल २००८। विकास कार्यक्रमको परिमाण समीक्षा २००३-२००७

सम्बन्ध प्रयोग गरे[१७६] र अन्ततः थारूहरू पहाडी अप्रवासीहरूका लागि बँधुवा मजदूर बन्न बाध्य भए। साथै वन तथा चरिचरन जमिन गुम्दै जाँदा सामूहिक बसाइसराइ र गरीबीका कारण थारूहरू आफ्नो परम्परागत जीवन र रीतिथिति अनुसारको कार्य गर्न असमर्थ भए।[१७७]

३१. २०५८ र २०६० मा दुई ऐनहरू[१७८] जारी गरी सरकारले नेपालबाट बँधुवा मजदुरी प्रथा समाप्त गरेको छ। बँधुवा मजदुरमा कानुनी निषधका बावजुद् नेपालका विभिन्न ठाँउमा यी प्रचलनहरू विद्यमान छन्। सरकार कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ कार्यान्वयन गर्न असमर्थ रहेको छ। परामर्श प्रक्रियाहरूको क्रममा मुक्त कमैया र कमलरीका प्रतिनिधिले उनीहरूको केही साथीहरू अझै कमैयाको रूपमा कार्यरत रहेको सूचना दिएका छन्।[१७९] कमैया मुक्ति मोर्चासँग मुक्त कमैयालाई पुनर्वासको लागि जरुरी सहायता प्रदान गर्न सरकारको सार्वजनिक प्रतिबद्धता आए पनि आजसम्म पनि खासै लागू भएको छैन। पुनर्वासका उपायहरू जस्तै घरनिर्माणका लागि भत्ता १० हजार रुपियाँका प्रावधानहरू, घर निर्माणका लागि ७५ घनफिट काठ, जग्गा वितरण र अन्य सहयोग उपायहरू भर्खरै मात्र आंशिकरूपमा कार्यान्वयन भएको छ। मुक्त कमैया र कमलरीहरूलाई निःशुल्क उच्च शिक्षा प्रदान गर्ने सरकारको प्रतिबद्धताविपरीत विद्यालयहरूले विभिन्न शीर्षकमा शुल्क उठाइरहेका छन्।

**सिफारिश**

- मुक्त कमैयासँग भएको सम्झौताबमोजिम आवास, रोजगार र आय आर्जनका कार्यक्रमहरू प्रदान गर्न र उनीहरू आफ्नो जीवन र जीविका पुनःस्थापना गर्न स्रोतहरूमा पहुँच सुनिश्चित गर्नुपर्ने।
- मुक्त कमैयालाई आफ्नो आवास, पोषण, शिक्षा, स्वास्थ्य र रोजगारका अधिकार प्रचलन सुनिश्चित गर्नुपर्ने।
- कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ र पुनर्वास योजना पूर्णरूपमा कार्यावन्यन गर्नुपर्ने।
- मुक्त कमैयाहरूको जीविका सुरक्षित हुने गरी पर्याप्त गुणस्तरीय जमिन बाँडफाँड गर्ने र जीविका विकास र गरीबी निवारण गर्न थप आर्थिक सहायता विस्तार गर्नुपर्ने।
- मुक्त कमैयाको पहिचान स्वीकार गर्नु र सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक क्षेत्रमा जहाँ उचित हुन्छ त्यहाँ उनीहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न आरक्षण प्रणालीको पनि व्यवस्था गर्नुपर्ने।

---

१७६ अर्जुन गुणरत्ने (१९९८:७५९पादटीप्पणीमा): एक उदाहरणले अपनाइएको विधिको जानकारी दिन्छ। औलो उन्मूलन कार्यक्रम लागू भएपछि चितवन आएको एक ब्राह्मण जग्गा दाबी गर्ने तरिकाका कारण वरिपरिका गाउँमा कुख्यात भयो। थारूलाई सजिलै ऋण दिन्थे तर यदि उनीहरूले सो रकम पैसा भाखाभित्र तिर्न नसक्ने भएमा उसले सो भाखा बढाइदिन्छ तर त्यसको बदलामा तमसुकमा लेखिएको रकममा एउटा शून्य थप गर्न राजी गराउँछ। अशिक्षित तथा लिखतका विषयमा अनविज्ञ रहेकाले थारूले यसको परिणाम बुझ्न सक्दैनन् र राजी हुन्छन्। अन्ततः साहुले ऋणीले शुरुमा लिएको ऋणभन्दा धेरै बढी जुन उसले तिर्न सक्ने क्षमता हुँदैन सो रकमको तमसुकको आधारमा ऋण तिर्न उसले पूरै वा केही जग्गा गुमाउनु पर्छ। (हेनुहोस् अर्जन गुणरत्ने (१९९८) मोर्डनाइजेसन, द स्टेट, एण्ड द कन्स्ट्रक्सन अफ अ थारू आइडेन्टिटी इन नेपाल।

१७७ उदाहरणको लागि, अर्जुन गुणरत्ने (१९९८:७६०) मा भन्छन्, "दाङमा, जग्गा, ठूलो परिणाममा बसाई सराई र गरिबीले गर्दा .... (पहिले वार्षिक रूपमा मनाइने कतिपय प्रमुख चाड आर्थिक अभावको कारणले आज केही पनि मनाइँदैन" (Cox n.d., 11)। चितवनमा औलो उन्मूलन परियोजनाको उपलब्धिपछि बस्ती बसाल्नेले जङ्गल सखाप पार्दा जङ्गलमा देवताको बासस्थानको रूपमा लिइएका स्थानको पनि क्षति हुँदा परम्परागत पात्रोबाट समेत हराउन गयो। चितवनका थारूले आफ्नो खाद्य सम्बन्ध सिधै जंगलसँग रहेको विश्वास गर्छन्; तर जब जङ्गलहरू सखाप भए, उनीहरूले उक्त स्थान देवताले समेत छोडेको विश्वास गरे। जब परम्पराहरू मनाइदैन, नयाँ पिँढी उक्त परम्पराको विषयमा जानकार हुन सक्दैन र त्यो स्थानीयको ज्ञानबाट समेत हराउँछ।

१७८ बँधुवा मजदुरको सामाजिक आन्दोलनले सरकारलाई २०५७ साउन २ गते पश्चिम नेपालका हजारौं कमैया तथा कमलरीहरू (जनजाति थारू समुदायका बँधुवा मजदुर)को मुक्तिको घोषणा गर्न बाध्य पाऱ्यो। एवम् रितमा, २०६५ मा सरकारले हलिया प्रथाको अन्यको घोषणा गर्नुका साथसाथै दलित समुदायका हलिया बधुँवा मजदुरको बाँकी ऋण खारेज गर्ने निर्णय गऱ्या। सन् २००० र सन् २००२ मा सरकारले क्रमशः दुईवटा कानुन ल्यायोः बधुँवा मजदुर (निषेध गर्ने) ऐन र कमैया मजदुर (निषेध गर्ने) ऐन।

१७९ कथित ४ सय १२ भन्दा बढी कम्लरीहरू बधुँवा श्रमिकका रूपमा विभिन्न जिल्लाहरू- दाङ, बर्दिया, कैलाली, कञ्चनपुर र बाँकेमा काम गरिरहेका छन् र कम्तीमा ५ हजार मुक्त कमैयाहरूको पहिचान गर्न बाँकी छ।

३२. नेपालको सुदूर पश्चिम क्षेत्रमा पुस्तौंदेखि जमिन्दारहरूकहाँ बधुँवा मजदूरको काम गर्ने अधिकांश हलिया दलितहरू हुन्। हलियाले हालसम्म गम्भीर मानवअधिकार उल्लङ्घन भोगिरहेका छन्। उनीहरू आफ्ना जमिन्दारहरूबाट शताब्दियौंदेखि सामाजिक, सांस्कृतिक र आर्थिक तवरले शोषित र विभेदित छन्। यस्तै, ऋण र बाली हिस्साका आधारमा अर्को प्रकारको बधुँवा मजदुर प्रणाली हरूवा र चरुवा हो। जमिन्दारहरूको जग्गामा काम गरेबापत हरूवा मजदुरले बालीको एक भाग प्राप्त गर्छ, जुन उसको परिवार चलाउन पर्याप्त हुँदैन। हरूवाको परिवारका अन्य सदस्यहरूले पनि उही जमिन्दारकहाँ न्यून दैनिक ज्यालामा काम गर्ने प्रचलन छ।

**सिफारिश**

- मुक्त बँधुवा मजदुरहरूको अधिकार संरक्षण तथा प्रवर्धन गर्न उच्चस्तरीय आयोग स्थापना गर्नुपर्ने।
- सरकार र हलिया सङ्घर्ष समितिबीच हस्ताक्षर भएको १० बुँदे सम्झौता कार्यावन्यन गर्नुपर्ने।
- मुक्त हलिया, हरूवा र चरुवाहरूको पुनर्वास योजनामा पूर्ण र प्रभावकारी सहभागिताको पुन: जाँच गर्नुपर्ने।
- मुक्त हलिया तथा हरूवा र चरुवाहरूको परिचय पहिचान गर्दै उपयुक्त सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक क्षेत्रहरूमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न कोटा वा आरक्षण प्रणाली तर्जुमा गर्नुपर्ने।
- पुनर्वास कार्यक्रमको कार्यावन्यन मूल्याङ्कन गर्न एक उच्चस्तरीय मुक्त हलिया आयोगको स्थापना तथा मुक्त हलियाको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू पूर्ण प्रचलनका लागि बिना भेदभाव संरक्षण तथा प्रवर्धन गर्नुपर्ने।

३३. **खाद्य सम्प्रभुत्ता**: त्रिचालीस जिल्लाहरूमा पर्याप्त खानेकुराहरूको वितरणमा अभाव छ।[१८०] तीमध्ये तेइस लगातार खाद्यान्नको अभाव भोग्दै आएका छन्। महिला, दलित, बालबालिका,[१८१] आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, हरूवा, चरुवा, बालीघरे र मुक्त कमैया तथा मुक्त हलियासहितका अल्पसङ्ख्यक समुदायहरू खाद्य वस्तुको अभावका कारणले थप जोखिममा छन्। नेपालको अन्तरिम संविधानअन्तर्गत खाद्य सम्प्रभुत्ता सुरक्षित छ,[१८२] र सर्वोच्च अदालतले खाद्य वस्तुमा व्यक्तिहरूको सरल पहुँच सुनिश्चित गर्न सरकार जिम्मेवार रहेको निर्णय गरेको छ।[१८३] खाद्य सम्प्रभुत्ताको विषयमा यसको पहुँच, पर्याप्तता, उपलब्धता र गुण ठूलो चासोको विषय हो। गर्भावस्थाको समय र प्रसुतिपछि महिलाहरू पौष्टिक आहारबाट वञ्चित छन्।

**सिफारिश**

- नयाँ संविधानमा खाद्य सम्प्रभुत्तालाई मौलिक अधिकारमा समावेश भएको सुनिश्चत गर्नुपर्ने।
- अल्पसङ्ख्यक र जोखिममा रहेका समूह जस्तै महिला, दलित, बालबालिका,[१८४] आदिवासी जनजाति, मुस्लिम, अपाङ्ग व्यक्तिहरू, हरूवा, चरुवा, बालीघरे, मुक्त कमैया, मुक्त हलिया र एचआईभी एड्स सङ्क्रमितहरूलाई प्राथमिकता दिई उनीहरू सम्बन्धित सुरक्षित खाद्य सम्प्रभुत्ताको कानुन, नीति र नियम तर्जुमा गर्नुपर्ने।

---

१८० http://www=usaid=gov/sites/default/files/documents/1866/Nepal%20CSI%20FY%202014=pdf

१८१ http://www=fao=org/fileadmin/templates/righttofood/documents/project_b/Nepal-GCPGLO324NORConceptNote=pdf

१८२ नेपालको अन्तरिम संविधान, २००७ को धारा १८ (३)

१८३ प्रकाश मणि शर्मासमेत, नेकाप २०६५, पृ. १४९

१८४ http://www=fao=org/fileadmin/templates/righttofood/documents/project_b/Nepal-GCPGLO324NOR-ConceptNote=pdf

- महिला, दलित, बालबालिका,[१८५] आदिवासी जनजाति, अपाङ्ग व्यक्तिहरू, हरूवा, चरुवा, बालीघरे, मुक्त कमैया, मुक्त हलिया र एचआईभी एड्स सङ्क्रमितका लागि खाद्य सम्प्रभुत्ता र स्वास्थ्य बीमा[१८६] सुनिश्चित गर्नुपर्ने।
- दलित युवाका लागि राष्ट्रिय रोजगारमा समान अवसर प्रदान गर्न सामाजिक सुरक्षाका योजनाहरू तर्जुमा र कार्यान्वयन गर्नुपर्ने।[१८७]
- नेपालको छिमेकी राष्ट्रले प्रदान गरेको अन्तर्राष्ट्रिय रोजगारमा समान वितरण सुनिश्चित गर्नुपर्ने।
- अनुपयुक्त खाद्य भण्डारण प्रणालीको व्यवस्थापन सुधारका लागि कदमहरू लिनुपर्ने।
- सार्वजनिक खाद्य वितरण न्यायिक, निष्पक्ष र उचित तथा खाद्यन्नको कृतिम अभावको नियन्त्रण गर्नुपर्ने।
- आवासीय र औधोगिक क्षेत्र, खेती गर्ने जग्गा र कीटनाशक औषधी प्रयोग गर्न जग्गा प्रयोग ऐन तर्जुमा गर्नुपर्ने।
- ठूला परियोजनाहरू जस्तै सिचाइँ, राष्ट्रिय उद्यान, संरक्षित स्थानहरू र जल परियोजनाहरूमा प्रभावित र विस्थापित व्यक्तिको अधिकार सुनिश्चित गर्नुपर्ने।
- विभिन्न जातजातिहरू तथा समूहजस्तै दलित, चिडीमार तथा अन्य समुदायको जीविकोपार्जनका परम्परागत पेशाको संरक्षण गर्नुपर्ने।
- अल्पसङ्ख्यक समुदायको खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुत्ताको लागि विकासको रूपरेखाको निर्माण र कार्यावन्यन गर्नुपर्ने।
- किसानहरूको खेती गर्ने जग्गामा निर्वाध पहुँच र सबैका लागि आवासका लागि जग्गा उपयुक्त कानुनहरू र विनियमावलीका माध्यमबाट सुनिश्चित गर्नुपर्ने।

---

१८५ http://www=fao=org/fileadmin/templates/righttofood/documents/project_b/Nepal-GCPGLO324NOR-ConceptNote=pdf

१८६ अघिल्लो सुझाव हेर्नुहोस्, १०६.४९ "असुरक्षित समूह, विशेषत: जनजाति, पूर्व बधुँवा महदुरहरू, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति र एच.आई.भी.र एड्स सङ्क्रमित व्यक्तिहरूको खाद्य सुरक्षामा सुधार गर्ने (हङ्गेरी)"। (युपीआर नेपाल २०११: A/HRC/17/5 को अनुच्छेद १०६.४९)

१८७ अघिल्लो सुझाव हेर्नुहोस्, "अल्पसङ्ख्यक तथा असुरक्षित समूहलाई खाना, स्वास्थ्य, शिक्षा तथा उचित रोजगारीमा पर्याप्त पहुँच पुऱ्याउने कुराको सुनिशचितता गर्दै उनीहरूलाई सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको प्रभावकारी अनुभूति प्राप्त गराउन प्रयास बढाउने (मलेसिया)"। (युपीआर नेपाल २०११: A/HRC/17/5 को अनुच्छेद १०६.४६)

**अनुसुची-१, नागरिक समाज सङ्गठनहरूको सूची**

१. आदिवासी जनजाति महासङ्घ
२. आदिवासी राष्ट्रिय उत्थान प्रतिष्ठान
३. अल अमिन मुस्लिम महिला नेपाल
४. बादी विकास समिति
५. बाहिङ किरात मुलुखिम
६. नील हिरा समाज
७. सीडीसी नेपाल
८. चीः हालाम्तुङ बान्तवा युवा हुप
९. शान्तिका लागि साझा अभियान (कोक्याप)
१०. दलित ह्यूमन राइट्स अरगनाइजेसन
११. दलित नेशनल लिबरेसन फ्रन्ट
१२. दलित गैरसरकारी संस्था महासङ्घ- नेपाल
१३. दलित गैरसरकारी संस्था महासङ्घ
१४. दलित राइटस् नेशलन फोरम नेपाल
१५. डाइनामिक सोसाइटी
१६. फेडेरेसन अफ इन्डिजिनस किरात एसोसिएसन (फिका)
१७. फेडेरेसन अफ सेक्सुल एण्ड जेण्डर माइनोरिटीज् नेपाल
१८. दलित महिला सङ्घ
१९. फोर्स नेपाल
२०. गडेरी समाज
२१. एचडीआरएफ नेपाल
२२. आईएल सेन्टर
२३. इन्डिजिनियस् विमेन लिगल अवेरनेस ग्रुप (इनोल्याग)
२४. इस्लामी एसोसिएट
२५. जागरण मिडिया सेन्टर
२६. जाग्रिती नेपाल
२७. जनउत्थान प्रतिष्ठान
२८. कपन दलित उत्थान सङ्घ
२९. किरात चाम्लीङ भाषा सस्कृति उत्थान सङ्घ
३०. किरात जेरु राढु समाज
३१. किरात खालिङ उत्थान सङ्घ
३२. किरात रोडु नाचिरिङ सखम
३३. किरात सेवा समाज
३४. कुलुङ विद्यार्थी सङ्घ
३५. लयर्स एसोसियसन फर ह्यूमन राइट्स अफ नेपलिज् इन्डिजिनियस् पिपुल
३६. मधेसी मानवअधिकार
३७. मधेसी पत्रकार सङ्घ
३८. महिला उत्थान तथा सीप विकास केन्द्र
३९. मकालु याक्खावा चुपथम
४०. माहुरी होम
४१. मेवाहाङ याखोम्मा
४२. राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल (एनएफडिएन)
४३. राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च
४४. राष्ट्रिय मुस्लिम मञ्च नेपाल
४५. राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल
४६. नेपाल केवारत विकास समाज
४७. नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान सङ्घ
४८. नेपाल मुस्लिम महिला सेवा समाज
४९. नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ
५०. नेपाल राना थारु समाज
५१. गैरसरकारी संस्था महासङ्घ
५२. पापाछा गच्छम्
५३. प्रोफेसनल डेभेलप्मेन्ट एण्ड रिर्सच सेन्टर
५४. राष्ट्रिय दलित सञ्जाल, नेपाल
५५. रिड नेपाल
५६. रिडेफ नेपाल
५७. राइट टू फुड नेटवर्क
५८. सहारा नेपाल
५९. समता फाउन्डेसन
६०. संयुक्त अपना एकता आवाज केन्द्र
६१. सेड्क नेपाल
६२. सोसल डेभलभमेन्ट
६३. सोसाइटी फर लिबरेसन अफ अप्रेस्ड कास्ट, नेपाल
६४. युनिफाइड दलित राइटस् फोरम नेपाल
६५. उपत्यका मण्डल (केवट) समाज
६६. युथ फेडेरेसन अफ इन्डिजिनस
६७. याम्फू किरात समाज
६८. युथ फेडेरेसन अफ इन्डिजिनस नेशनालिटीज, नेपाल

## नोभेम्बर २०१५ मा
## नेपालको दोस्रो पुनरावलोकनका लागि
## आवधिक प्रतिवेदन (UPR) संयन्त्रलाई बुझाएको राष्ट्रिय महिला सञ्जालको प्रस्तुति

**परिचय**

प्रस्तुत प्रतिवेदन नेपाल आवधिक प्रतिवेदनका लागि गैसस सञ्जालको संयुक्त प्रस्तुतिको अभिन्न अङ्ग हो। ३१ वटा महिला सङ्घ संस्थाको[१८८] संयुक्त सहकार्यमा तयार यो प्रस्तुतिको संयोजन महिला पुन:स्थापना केन्द्र (WOREC)बाट भएको थियो। यो प्रस्तुति तयार गर्न क्षेत्रीयस्तरमा पाँचवटा र केन्द्रीयस्तरमा एउटा परामर्श बैठकको आयोजना गरी महिला अधिकारका विविध क्षेत्रमा काम गर्दै आएका २३३ व्यक्तिहरूसँग परामर्श गरी तयार पारिएको हो।

**(१) पृष्ठभूमि तथा अवधारणा**

***ख. संवैधानिक तथा कानुनी अवधारणा***

१. संविधान निर्माण प्रक्रिया लम्बिँदै छ। दोस्रोपटक संविधानसभाको निर्वाचन भएपश्चात् पनि संविधान निर्माण गर्ने काम सम्पन्न हुन नसक्नु पनि दण्डहीनता, बजारभाउको मूल्यवृद्धि, विकासका योजना निर्माण तथा तिनको कार्यान्वयनमा असफलताका कारणहरूमध्ये हुन्। यसले महिलालाई अझ गहनरूपमा प्रभाव पारेको छ।

२. **संविधान निर्माण प्रक्रियामा महिलाको सहभागिताः** २०६५-६९ को पहिलो संविधानसभामा महिलाको सहभागिता निकै उत्साहजनक १९७ (३२.७८%) थियो। दोस्रो संविधानसभामा भने महिला सभासद्‌हरूको सङ्ख्या घटेर १७२ (२९.९१%) मा सीमित हुन पुग्यो। सबै प्रमुख राजनीतिक सौदाबाजी र निर्णयहरू प्रमुख राजनीतिक दलका उपल्ला तहका नेताले गर्ने हुँदा महिला सभासद्‌हरूको राजनीतिक सौदाबाजी मा सहभागिता र निर्णायक भूमिका ज्यादै सीमित छ।

३. **संविधानका मस्यौदामा नागरिकताको विवादः** लैङ्गिक समानता बारेमा कयौँ सुझावहरू पहिलो समीक्षामा नै स्वीकारिएको थियो।[१८९] महिलाका लागि केही मौलिक हक समावेश गरिएको भए तापनि संविधानको मस्यौदाहरूमा पुनरावलोकन गर्नैपर्ने एउटा गम्भीर विषय छ[१९०]- नागरिकता प्राप्त गर्ने अधिकारको विषय। नागरिकताको सवालमा मस्यौदा संविधान, अन्तरिम संविधान र नागरिकता ऐनभन्दा पनि बढी सीमित प्रतिबन्धात्मक छ र आमा वा बुवामध्ये एकजनाबाट सन्तानलाई नागरिकता प्रदान गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू[१९१] विपरीत छ।

४. नयाँ संविधानले महिलालाई नागरिकता प्राप्त र प्रदान गर्न सक्ने समान तथा पूर्ण नागरिकता अधिकार प्रत्याभूत गर्नुपर्छ, बालबालिकालाई वंशजका आधारमा समान र स्वतन्त्ररूपमा आमा वा बाबुमध्ये एकजनाबाट नागरिकता प्राप्त गर्ने अधिकार प्रत्याभूत गर्नुपर्छ।

**कानुनी प्रावधान**

५. महिला विरूद्ध हुने हिंसा पर्याप्त मात्रामा सम्बोधन हुने सुनिश्चित गर्ने

---

१८८ आवधिक प्रतिवेदनका लागि महिला सञ्जालको सूची

१८९ सिफारिश नं. १०६.२,४,५,१०,१३,१४,२१–२३,२८,३१,४६

१९० दुवै अभिभावक नेपाली नागरिक भएमा मात्र नागरिकता प्राप्त गर्न सकिने प्रावधान नयाँ मस्यौदामा रहेको छ।

१९१ नागरिक राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि को धारा २४(१), महिला विरुद्ध हुने सबै प्रकारको हिंसा अन्त्य गर्ने महासन्धिको धारा ९(२) र बालबालिका सम्बन्धी महासन्धिको धारा ७

**सरकारले गर्नुपर्ने**

- बलात्कार तथा अन्य किसिमका लैङ्गिक हिंसामा कानुनी हदम्याद नराख्ने, बलात्कार तथा वैवाहिक बलात्कारको सजायको अवधि बढाउने, पीडित तथा साक्षी सुरक्षाका संयन्त्रहरूलाई पर्याप्त तुल्याउने, राज्यबाट क्षतिपूर्ति पाउने व्यवस्था गर्ने, १६ वर्ष मुनिका बालिकाहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्ने लगायत सबै खालका लैङ्गिक हिंसालाई प्रभावकारीरूपमा सम्बोधन गर्न समष्टिगत कानुन निर्माण गरी लागु गर्ने
- सर्वोच्च अदालतको २०६६ को फैसला अनुसार घरेलु हिंसा नियन्त्रण ऐनलाई संशोधन गर्ने
- मानव बेचविखनको बढ्दो प्रवृत्तिलाई सम्बोधन गर्ने गरी मानव बेचविखन ऐनलाई संशोधन गर्ने
- महिला मानवअधिकार रक्षकहरूको पहिचान र संरक्षण गर्ने कानुन निर्माण गरी लागू गर्ने
- द्वन्द्वकालमा लैङ्गिक हिंसाबाट पीडित महिलाहरूको सामाजिक-आर्थिक अधिकारलाई सम्बोधन गर्ने तथा उनीहरूको न्याय पाउने हकलाई प्रत्याभूत गरी प्रभावकारी उपचार प्रदान गर्ने कानुन तथा नीति निर्माण गर्ने

***ग. संस्थागत तथा मानवअधिकार पूर्वाधार तथा नीतिगत मापदण्ड***

६. राष्ट्रिय महिला आयोग ऐनलाई न त पुनरावलोकन गरिएको छ, न त यससँग पर्याप्त स्रोतसाधन नै छन्।[१९२] राष्ट्रिय महिला आयोगको मोफसलमा आफ्नो उपस्थिति नभएका कारण यसको पहुँच (Outreach)को पनि अभाव छ। अधिकार तथा दुर्गम स्थानहरूमा पहुँचका लागि पर्याप्त स्रोत साधनको व्यवस्था गर्दै राष्ट्रिय महिला आयोगलाई पेरिस सिद्धान्त अनुरूपको स्वतन्त्रता सुनिश्चित गर्दै एउटा स्वतन्त्र संस्थाको रूपमा विकास गर्नुपर्छ।

**(२) सप्रयोज्य अन्तर्राष्ट्रिय मानवीय कानुनलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय मानवअधिकारका दायित्वलाई कार्यान्वयन गर्ने**

***१. समानता तथा अविभेद***

७. महिला विरूद्धको भेदवाद, लैङ्गिक समानता महिलाले भोग्दै आएका विभिन्न चुनौतीहरूको सन्दर्भमा महिलाको अधिकार तथा तिनको उल्लङ्घन रोक्ने कार्यलाई उत्साह तथा सुरक्षा दिन क्रमबद्धरूपमा सुझाव तथा सिफारिशहरू बुझाइएको थियो।[१९३] लैङ्गिक विभेदलाई अन्त्य गर्ने तथा महिलाको समानता सुनिश्चित गर्ने किसिमका विभिन्न कानुनी तथा नीतिगत अवधारणाहरू भए तापनि नेपाली महिलाको वास्तविक अवस्थामा भने खासै ठूलो परिवर्तन आएको छैन। दलित, जनजाति, मुस्लिम, लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्ग महिला तथा अन्य अल्पसङ्ख्यक समूहका महिलाले लिङ्ग तथा पहिचानका आधारमा गरिने भेदभाव झेलिरहेका छन्।

८. अन्तरिम संविधान, मौजुदा कानुन र व्यवहारमा नागरिकताको विषय महिला र पुरूष दुवैले समानरूपमा आफ्ना सन्तानलाई नागरिकता प्रदान गर्न पाउने हकलाई स्वीकार गर्दै अन्तरिम संविधानमा नेपाली बाबु-आमाबाट जन्मेका छोराछोरीले वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्नेछन्[१९४] भन्ने प्रावधान राखियो। तर, व्यवहारमा आफ्ना सन्तानलाई नागरिकता प्रदान गर्न महिला असमर्थ छन्। आमाको नामबाट नागरिकता दिन सर्वोच्च अदालतले आदेश[१९५] दिइसकेपछि पनि सरकारी अधिकृतहरूले स्पष्ट निर्देशिका नभएको कुरालाई आधार बनाएर आमाको नामबाट नागरिकता वितरण गरिरहेका छैनन्। एकल महिला, एकल आमा, बेचविखनका पीडित, द्वन्द्वकालमा यौन शोषणमा परेका पीडित महिला तथा वैदेशिक रोजगारीमा जाने महिलाहरूले अझै पनि सन्तानलाई नागरिकता दिलाउन समस्या भोगिरहेका छन्।

---

१९२ सिफारिश नं. १०६.८, १०७.६ र १०८.११

१९३ सिफारिश नं. १०६.२,४,५,१०,१३,१४,२१,२२,२३,२८,३१,४६ह १०७.११,१२,२२,२३

१९४ धारा ८ उपधारा २(ख)

१९५ सबिना दमाईको मुद्दा– सबिना दमाईले आफ्नो पिता यकिन गर्न सकेकी थिइनन्, आफ्नो आमा जो नेपालको नागरकि हुन्, उनको नामबाट दोलखा गाउँ विकास समितिमा (गाविस) दुई पटक नागरिकता प्रमाणपत्र लिन गइन। जिल्ला प्रशासन कार्यालय (जिप्रका)ले पटक-पटक दिन इन्कार गरेपछि न्यायको लागि उनले सर्वोच्च अदालत प्रवेश गरिन्। सन् २०११ मा सर्वोच्च अदालतले यदि वंशजको आधारमा आमा वा बुवाले नेपालको नागरिकता प्राप्त गरेको छ भने उनीहरूको सन्तानलाई वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनुपर्ने भन्ने ऐतिहासिक फैसला गरेको छ।

९. **पैतृक सम्पत्तिः** मौजुदा कानुन अनुसार छोरीले पनि पैतृक सम्पत्तिमाथिको अधिकार उपभोग गर्न पाउँछन्, तर विवाह हुनु अगावै अंशवण्डा भइसकेको स्थितिमा मात्रै यो सम्भव भएको हुनाले यो प्रावधानले पारिवारिक तहमा भेदभावलाई निरन्तरता दिइरहेको छ।

१०. नयाँ संविधानले महिला र पुरूषबीचमा समानता प्रत्याभूत गराई यी दुईबीच सार्वजनिक तथा वैयक्तिक दुवै क्षेत्रमा सम्पूर्ण किसिमका विभेदलाई निषेध गर्नुपर्छ।

११. सरकारले पर्याप्त स्रोतको वितरण गर्ने, जनचेतना बढाउने तथा कार्यान्वयन गर्ने निकायहरूको क्षमतामा अभिवृद्धि गर्ने लगायतका काम गरेर लैङ्गिक समानताका सम्बन्धमा बनेका मौजुदा भेदभावमुक्त कानुन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने सुनिश्चितता दिलाउने।

*२. व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको हक*

१२. **महिला विरूद्धको हिंसाः** महिला विरूद्धको हिंसा अझै पनि एउटा मुख्य चुनौतीका रूपमा रहेको छ। सन् २०११ देखि २०१४ सम्मको अभिलेख हेर्ने हो भने वर्सेनी बढ्दो क्रममा महिला विरूद्ध हुने हिंसाका मुद्दाहरू सन् २०११ देखि २०१४ सम्म क्रमशः १५६९, १५८१, १७०३ र २२२५ वटा दर्ता भएका छन्[१९६]। २०७१ माघ/फागुनमा कम्तिमा दुई जना बालिका बलात्कृत तथा स्कुले बालिकाहरूमाथिको एसिड प्रहारको घटनाका विवरण आएका छन्। २०७१ फागुन/चैतमा एउटी छ वर्षकी बलात्कार पीडित बालिकाको घटनाको दुई हप्तापछि शारीरिक तथा यौन हिंसाको चोटका कारण मृत्यु भयो।

१३. **घरेलु हिंसाः** महिला विरूद्ध हुने हिंसाको सर्वाधिक ठूलो प्रकार घरेलु हिंसा हो, जुन वर्सेनी बढ्दैछ[१९७]। सर्वोच्च अदालतले २०६६ मा घरेलु हिंसा ऐन, २०६४[१९८] मा उचित संशोधन गर्न आदेश दिएको भए तापनि उक्त ऐन हालसम्म संशोधन भइसकेको भने छैन।

१४. **बोक्सीको आरोपमा हुने हिंसा**[१९९]: बोक्सीको आरोपमा हुने महिला विरूद्धको हिंसाको प्रवृत्ति पनि बढ्दो छ[२००]। सरकारले बोक्सी प्रथा विरुद्धको विधयेक संसद्मा दर्ता गरिसकेको भए पनि उक्त विधयेक पारित भइसकेको छैन। कार्यान्वयनको कठोर संयन्त्र सहितको बोक्सी प्रथा विरुद्धको कानुन अविलम्ब लागु गर्नुपर्छ।

१५. **दाइजोसँग सम्बन्धित हिंसाः** विशेष गरी तराई क्षेत्रमा दाइजोसँग सम्बन्धित हिंसा व्याप्त छ। सन् २०१४ मा मात्रै दाइजोसँग सम्बन्धित हिंसाका कारणले नौ जनाको ज्यान गएका घटनाका विवरण आएको छ[२०१]।

१६. **लैङ्गिक हिंसाः** महिला विरूद्धको हिंसाको विषयले जति महत्व पाए पनि यसको सङ्ख्या भने बढ्दो छ[२०२]। कुनै प्रकारको उमेरको हद नभएको लैङ्गिक हिंसाको शिकार तीन वर्षका बालिकादेखि उमेर पुगेका पाका महिलासम्म भएका छन्। सन् २०१५ को फरवरी र मार्च महिनामा मात्रै चार जना बालिकाहरू बलात्कृत भएका छन्, जसमध्ये

---

१९६ ओरेकको अभिलेख

१९७ सन् २०११ मा ओरेकमा दर्ता भएका घरेलु हिंसाका घटना/मुद्दाको सङ्ख्या १००२ (अभिलेख भएका कूल मुद्दाको ६४%), सन् २०१२ मा १०१९ (अभिलेख भएका कूल मुद्दाको ६४%) र सन् २०१३ मा १०४० (६१%) र सन् २०१४ मा १५०३ (६७.६%)।

१९८ विद्यमान कानुनले एसिड आक्रमणबाट हुने कुरुपतालगायतका गम्भीर मुद्दालाई पर्याप्तरूपमा समावेश गराउन नसकेकोले सर्वोच्च अदालतले घरेलु हिंसाको परिभाषा व्यापक बनाउन आदेश दिएको थियो। प्रस्तुत निर्देशनात्मक आदेशमा सर्वोच्च अदालतले घरेलु हिंसालाई सरकार वादी मुद्दा बनाउन; सम्भव भएसम्म तालिम प्राप्त महिला अनुसन्धान अधिकृतले यस्ता मुद्दा अनुसन्धान गर्ने प्रावधान बनाउन; पीडितलाई निशुल्क कानुनी सहायता र यदि द्रूत कारबाही अदालत भएमा सो प्रावधान समेत बनाउन सरकारको नाममा परमादेश जारी गरेको छ।

१९९ बोक्सीको आरोप एक प्रकारको महिला विरुद्धको हिंसा, बोक्सीको आरोप लगाउनुका साथै गम्भीर चोटपटक, कुरुप, अपमान र दिसा खान बाध्य, र कहिले हत्या नै भइरहेका छन्। पीडितहरू प्रायः एकल वा वृद्ध दलित महिला छन्।

२०० ओरेकको सन् २०११ देखि २०१४ सम्मको अभिलेखले बोक्सीको आरोपमा विभिन्न किसिमका कम्तिमा २०० मुद्दा अभिलेख भएको देखाउँछ।

२०१ इन्सेकको वार्षिक प्रतिवेदन मानवअधिकार वर्षपुस्तक, २०१५

२०२ सन् २०११ मा ओरेकमा दर्ता भएका यौन हिंसाका घटना- मुद्दाको सङ्ख्या २७९, सन् २०१२ मा वृद्धि भएर ३५३ र २०१३ मा उग्ररूपमा बढेर ६४८ भएको छ।

एकजना ६ वर्षकी बालिका थिइन्। यो घटना त्यतिबेला भएको थियो जब विश्वले अन्तर्राष्ट्रिय महिला दिवस मनाइरहेको थियो।

१७. **श्रमिक बालिकाः** बालबालिका वा श्रमसम्बन्धी वर्तमान कानुनले पारिवारिक वा अनौपचारिक क्षेत्र (साना होटेल समेत)लाई समेट्दैन। कानुनले निषेध गरे तापनि कमलरीहरू (थारू समुदायका श्रमिक बालिका) अझै पनि घरेलु कामदारका रूपमा काम गरिरहेका भेटिन्छन्। करिब १२,००० महिला तथा बालिकाहरू काठमाडौंको रात्रि-मनोरञ्जन उद्योगमा कार्यरत छन् जसमा अधिकांश नाबालिका[३०३] निकृष्ट श्रममा संलग्न छन्।

१८. **हानिकारक परम्परागत प्रथाहरूः** विशेषगरी मध्य तथा सुदूरपश्चिम क्षेत्रमा प्रचलनमा रहेको परम्परागत छाउपडी प्रथामा महिला तथा बालिकाहरूलाई महिनावारी चलिरहेको तथा सुत्केरी अवस्थाका बेलामा गोठमा सुत्न बाध्य पारिन्छ। केही छाउपडी गोठहरू भत्काइए तापनि यो प्रथा अझै पनि प्रचलनमा छ। उक्त प्रथासँग सम्बन्धित महिला तथा बालिकाहरूलाई हत्या, बलात्कार तथा अन्य प्रकारको लैङ्गिक हिंसा गरिएको विवरण आएको छ।

१९. **कन्यादानः** विवाहको समयमा छोरीको कन्यादान गरिदिने चलन छ। यो शब्द र यससँग सम्बद्ध सांस्कृतिक मान्यताहरू असाध्यै अपमानजनक छन्, जसमा छोरीको समान वैयक्तिक अस्तित्वलाई नजरअन्दाज गर्दै बाबु-आमाले ज्वाइँ र उनको परिवारलाई छोरी "दान" गरिदिन्छन्। यो शब्द र परम्पराको अन्त्य हुनुपर्ने भए पनि यसको विरूद्धमा खासै आवाज उठेको छैन।

२०. **आत्महत्याः** महिलाहरूमा आत्महत्या गर्ने प्रवृत्ति बढ्दोरूपमा रहेको पाइएको छ[३०४]। आत्महत्याका पीडित प्रायः अरू प्रकारका हिंसाको पनि शिकार भएका हुन्छन्। उनीहरूले भोग्दै आएको हिंसाले उनीहरूलाई आत्महत्याको बाटो रोज्न बाध्य बनाउँछ। प्रचलित कानुनी व्यवस्थाले महिलालाई त्यस्ता किसिमका दमनबाट बचाउँदैन।

२१. **बेचविखनः** बसाइ-सराइको क्रममा बढ्दो रूपले देखा परेको बेचविखनको समस्यालाई उपेक्षा गरिएको छ। ३० वर्षभन्दा कम उमेरका महिलालाई वैदेशिक रोजगारीमा जानबाट रोक लगाउने सरकारी नीतिका कारणले महिलाहरू गैरकानुनी तथा अनौपचारिक माध्यम अपनाउन अग्रसर हुन्छन्, जसका कारणले बेचविखन झन् चीरस्थायी बन्दैछ। मनोरञ्जन उद्योगमा बेचिइरहेका महिला एक प्रकारको आन्तरिक बेचविखनमा पर्दैछन्। वर्तमान कानुनी तथा नीतिगत अवधारणाले बसाईं-सराइका क्रममा हुने वा आन्तरिक बेचविखनको बढ्दो क्रमलाई पर्याप्त सम्बोधन गर्दैनन्।

२२. बलात्कार तथा मानव बेचविखनलगायतका गम्भीर प्रकृतिका अपराधमा निरन्तर सुनुवाइ गर्दै द्रूत सुनुवाइ तथा फैसला सुनिश्चित गर्न सर्वोच्च अदालतले २०७० मा परमादेश जारी गरेको छ[३०५]। त्यस्ता मुद्दाहरूमा निरन्तर सुनुवाइ केही अदालतहरूमा हुने गरेको भए पनि यसलाई सबै जिल्ला अदालतहरूले व्यवहारमा ल्याएका छैनन्।

**सरकारले गर्नुपर्ने**

२३. सर्वोच्च अदालतले २०६६ र २०७० मा घरेलु हिंसा ऐनलाई संशोधन गर्न तथा महिला विरूद्धको हिंसाका मुद्दामा द्रूत सुनुवाइ गर्न दिएका फैसलालाई कार्यान्वयन गर्ने र पर्याप्त स्रोतका साथ कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई तालिमको व्यवस्था गर्ने।

२४. सबै जिल्लामा सुधारात्मक र व्यवसायिक कार्यपद्धतिसहितको सुरक्षागृह स्थापना गर्ने र तिनका लागि SOPको विकास र कार्यान्वयन गर्ने

---

३०३ Terre des Hommes २०१०

३०४ ओरेकले सन् २०१४ मा २७ वटा त्यस्ता आत्महत्याका घटना अभिलेख गरेको छ।

३०५ कानुनी प्रावधानले (जिल्ला अदालत नियमावली) निरन्तर सुनुवाइको व्यवस्था गरेको छ तर पनि अदालत र अभियोक्ताको कार्यालयले यसलाई वैकल्पिक प्रावधानको रूपमा व्याख्या गर्दै आएको थियो। सर्वोच्च अदालतले प्रस्तुत परमादेशको आदेशमा निरन्तर सुनुवाइको प्रावधान वैकल्पिक नभएर जबरजस्ती करणी र मानव बेचविखन जस्ता गम्भीर मुद्दामा कार्यान्वयन गर्नुपर्ने भनी व्याख्या गरेको छ।

२५. आत्महत्या गर्न उक्साउने वा बाध्य पार्ने काम विरूद्ध कानुनी कारबाही प्रत्याभूत गराउने, आत्महत्या गर्न उक्साउने वा बाध्य पार्ने कामलाई अपराध ठहर गर्ने तथा त्यस्ता व्यक्तिहरूलाई कानुनको दायरामा ल्याउने।

२६. **महिला मानवअधिकार रक्षकः** महिला मानवअधिकार रक्षकहरूले समानरूपमा दायित्व बहन गर्ने भए पनि उनीहरूले उच्च तहको खतरालाई सामना गर्छन्। यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी दिन तथा हेरविचार गर्न महिला सामुदायिक स्वास्थ्यसेविकाहरूको मुख्य भूमिका हुन्छ। यी अधिकारहरूलाई निषिद्ध मानिने भएका कारणले गर्दा यी महिलाहरू तथा अन्य महिला मानवअधिकार रक्षक जसले यी अधिकारहरूको पक्षमा र लैङ्गिक तथा घरेलु हिंसाको विरूद्धमा वकालत गर्छन्, तिनीहरू आफ्नो काम गर्दै गर्दा "व्यक्तिगत मामलामा हस्तक्षेप गरेको" भन्ने आरोपमा निरन्तर धम्क्याइन्छन्, सताइन्छन् र अपमानित गरिन्छन्।

२७. **सरकारले गर्नुपर्ने:** महिला मानवअधिकार रक्षकहरूलाई कानुनी, नीतिगत र कार्यक्रमगत मध्यस्थताद्वारा पहिचान, सहायत तथा सुरक्षा सुनिश्चित गर्ने।

***३. दण्डहीनतासहितको न्याय प्रशासन तथा विधिको शासन***

२८. **न्यायमा महिलाको पहुँचः** महिलाको न्यायमा पहुँच सुनिश्चित गर्ने विषयमा कयौं सकारात्मक वचनबद्धता[३०६] गरिएको भए पनि न्यायमा औपचारिक पहुँच हुनु अझै पनि धेरै महिलाहरूका निम्ति एउटा चुनौतीको रूपमा रहेको छ। महिलालाई कानुनी सहायता प्रदान गर्ने कार्यक्रमहरू भए तापनि ती कार्यक्रमहरू यिनको वास्तविक आवश्यकता भएको तर पितृसत्तात्मक सोचबाट मुक्त नभएको सामुदायिक तहमा पुगिरहेका छैनन्। हिंसा, विशेषतः लैङ्गिक हिंसाका पीडित महिलाहरूलाई कानुनी उपचार खोज्नुभन्दा पनि मेलमिलापको बाटो रोज्न बाध्य पारिन्छ। राजनीतिक हस्तक्षेपले पनि महिलालाई न्याय खोज्नबाट वञ्चित गर्दछ।

२९. बलात्कार तथा अन्य लैङ्गिक हिंसाबाट बाँचेकाहरूले वर्तमान कानुनमा रहेको ३५ दिने हदम्यादको प्रावधानका कारणले कानुनी उपचार पाउन सकेका छैनन्। फौजदारी संहिता विधेयकले त्यसलाई एक वर्षमा बढाए पनि त्यो पर्याप्त छैन। पीडितले भोग्नुपर्ने चोट तथा हिंसाको प्रकृतिलाई मध्यनजर गरेर लैङ्गिक हिंसाका मुद्दामा कुनै पनि प्रकारको समयको हदम्याद हुनु हुन्न।

३०. **सङ्क्रमणकालीन न्याय तथा प्रभावकारी उपचारः** सङ्क्रमणकालीन न्यायको प्रक्रियामा द्वन्द्वपीडित र विशेषगरी महिला पछाडि छुटेका छन्। उनीहरूलाई लाग्छ कि सरकारले द्वन्द्वको आर्थिक, सामाजिक, सांस्कृतिक र मानसिक असरलाई उपेक्षा गरेर केवल भौतिक पुनःनिर्माण र संयन्त्रहरूको स्थापनामा मात्रै ध्यान दिइरहेको छ। द्वन्द्वकालमा भएको लैङ्गिक हिंसाका पीडितलाई द्वन्द्वपीडितका रूपमा स्वीकार गरिएको छैन र अन्तरिम राहत कार्यक्रमसँग जोडिएको वर्तमान मार्गदर्शनले लैङ्गिक हिंसाका पीडितलाई द्वन्द्वप्रभावित व्यक्तिको रूपमा स्वीकार्दैन। द्वन्द्वकालमा लैङ्गिक हिंसाबाट पीडित व्यक्तिहरूको विषयमा यकिन सरकारी तथ्याङ्कको पनि अभाव भइरहेको अवस्थामा द्वन्द्वकालमा भएका लैङ्गिक हिंसाका कतिपय मुद्दाको अनुसन्धान नै भएको छैन।

३१. प्रस्तुत मामिलाको सार्वजनिक सुनुवाइ[३०७] गर्दै गरेको एउटा नागरिक न्यायाधिकरणले द्वन्द्वकालमा भएका लैङ्गिक हिंसाका अधिकांश पीडितले सामाजिक कलङ्कको डरले र सामर्थ व्यवस्थाको अभावमा कतिपय घटनाको औपचारिक उजुरी नै नगरेको तथ्यको सार्वजनिक रूपमा खुलासा गर्‍यो। जहाँ उजुरी परेको थियो, त्यहाँ सम्बद्ध निकायहरूले कुनै कारबाही गरेनन्। न्यायाधिकरणले यो पनि पत्ता लगायो कि अधिकांश मुद्दामा महिलाले भोगेको भौतिक तथा मानसिक चोटलाई लगत्तैको असामाजिकीकरण, माइतीबाट जबरजस्ती घरनिकाला, परिवार र समाजबाट विभेदपूर्ण व्यवहारले टालिदियो। यसले अधिकांश महिलालाई गहिरो आघात पुर्‍यायो र आवश्यक स्वास्थ्य तथा मानसिक-सामाजिक भरथेग सेवाबिना तन्नम अवस्थामा पुर्‍यायो।

---

३०६ सिफारिश नं. १०६.२८,३९; १०७.८,११,२२,२३

३०७ २०७१ मङ्सिर २२ गते राष्ट्रिय मानवअधिकार आयोगको तत्वावधानमा र नेपाली संस्थाहरू ओरेक, महिला मानवअधिकार संरक्षकको सञ्जाल, नागरिक आवाज र एड्भोकेसी फोरमको संयोजनमा गठित इजलाश

**सरकारले गर्नुपर्ने**

३२. द्वन्द्वकालमा भएका लैङ्गिक हिंसाका घटनाका पीडितलाई द्वन्द्वपीडित र द्वन्द्वप्रभावित व्यक्तिका रूपमा स्वीकार गर्दै उनीहरूलाई अन्तरिम राहत कार्यक्रम (IRP)का मार्गदर्शन तथा कार्यविधिलाई पुनरावलोकन गर्ने लगायत सबै प्रकारको सहायता कार्यक्रममा सहभागी गराउने।

३३. पीडित र तिनका परिवारलाई स्वास्थ्य, मनोसामाजिक, कानुनी तथा जीवनवृत्ति सहयोगलगायतका उपयुक्त सहायता सेवा यथाशीघ्र उपलब्ध गराउने।

३४. सङ्क्रमणकालीन न्याय संयन्त्रमा आउने पीडित तथा साक्षीहरूलाई सुरक्षा सुनिश्चित गर्ने।

३५. सङ्क्रमणकालीन न्यायको सम्बन्धमा यौनिक र लैङ्गिक हिंसाबाट बाँचेकाको क्षतिपूर्तिदेखि अनौपचारिक सत्य निरूपण प्रक्रियामा अलग आवश्यकताको विश्लेषण गर्नुपर्ने।

### *४. गोपनीयताको हक, विवाह तथा पारिवारिक जीवन*

३६. **बाल विवाहः** बाल विवाहरूपी अपराध अझै पनि व्यापकरूपमा अभ्यासित छ। भएका कानुनी प्रावधानहरूको कार्यान्वयनको कमी अझै पनि मुख्य मुद्दा हो। सन् २०११ मा सङ्कलन गरिएको एउटा राष्ट्रिय तथ्याङ्कले देखाउँछ २९.५ बालिकाहरू १५-१९ वर्षको बीचमा विवाह बन्धनमा बाँधिन्छन्[३०८]। बाल विवाहले किशोरी गर्भाधानको दर बढाउँछ, जसले मातृ मृत्यु तथा रोगभारको उच्च खतरा साथै लिएर आउँछ। बाल विवाहले महिलाहरूको पाठेघर खस्ने समस्या पनि बढाउने गर्छ। पाठेघर खस्ने समस्याका बिरामीहरूमध्ये एक-चौथाइ बिरामीहरूको सानो उमेरमै विवाह भएको देखिन्छ।

३७. **सरकारले गर्नुपर्ने**: विवाहको लागि कानुनले तोकेको न्यूनतम् उमेरको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै बालिकाहरूलाई पछि पर्न आउने लैङ्गिक हिंसा तथा प्रजनन स्वास्थ्यका खतराहरूबाट सुरक्षित गर्ने।

### *५. सार्वजनिक तथा राजनीतिक जीवनमा महिलाको सहभागिता*

३८. **महिलाको सहभागिताः** महिला सहभागिता बढाउने तथा लैङ्गिक समानता प्रत्याभूत गर्न कयौं परिगृहित सुझावहरू प्राप्त भए तापनि सार्वजनिक तथा निर्णय लिने भूमिकामा महिलाको सहभागितालाई बढाउने कुरामा सीमितरूपमा मात्रै प्रगति भएको छ[३०९]। पहिलोभन्दा दोस्रो चुनावपछि संविधानसभामा महिलाको सहभागिता घटेको छ। न्यायपालिकामा अझै पनि जम्मा ३.३६५ महिला छन्[३१०]। सन् २००१ मा निजामती सेवाका राजपत्राङ्कित पदहरूमा महिलाको प्रतिनिधित्व २.१५ रहेकोमा २०१३ सम्ममा आइपुग्दा १६.९५ पुगेको छ। प्रहरी, सशस्त्र प्रहरी र सेनामा महिला तथा सामाजिक बहिष्करणमा परेका समूहको नियुक्तिमा २०५ कोटा राखिएको भए तापनि नेतृत्वमा भने महिलाको भूमिका सीमित छ।

### *६. काम गर्न पाउने अधिकार तथा न्यायोचित र अनुकूलतामा काम गर्न पाउने अधिकार*

३९. करिब ४० देखि ५० हजार महिलाहरू मनोरञ्जन क्षेत्रमा कार्यरत छन्[३११]। तथापि मनोरञ्जन क्षेत्रबाट महिलाको काम तथा महिलाले गरेको योगदानलाई स्वीकारिएको पाइँदैन। यो क्षेत्रलाई श्रमसम्बन्धी कानुनहरूले नियमन पनि गर्दैन। यो अस्वीकार्यताले थोरै तलब, काम गर्ने समयमा अन्योलता, रोजगारीको असुरक्षा, दुर्व्यवहार तथा प्रहरीबाट पनि कार्यस्थलमा हिंसात्मक उत्पीडन लाई निम्त्याएको छ।

---

३०८ NDHS २०११

३०९ सिफारिश नं. १०६.२,४,५,१०,१३,१४,२१,२२,२३,२९,३१ह १०७.११,१२

३१० राष्ट्रिय समीक्षा–बेइजिङ रिपोर्ट, पृ.३४ मा उल्लेखित संविधान सभाको सचिवालय मन्त्री परिषद् तथा प्रधानमन्त्रीको कार्यालय न्याय परिषद्को सचिवालय

३११ महिला मन्त्रालय, बालबालिका तथा समाज कल्याणको तथ्याङ्कमा ४०,००० र गैसस (नेपालमा महिलाको लागि महिला मञ्च)को तथ्याङ्कले काठमाडौँमा मात्र ५०,००० देखाउँछ।

**सरकारले गर्नुपर्ने**

४०. अनौपचारिक क्षेत्रबाट महिलाले पुऱ्याएको योगदानको मूल्यलाई स्वीकार गर्दै रेस्टुरेण्ट, बार तथा अन्य मनोरञ्जन क्षेत्रमा महिलाको कामलाई श्रमसम्बन्धी कानुनको दायरामा ल्याई काम गर्न परिचालित हुने खालको वातावरण तयार गर्ने।

४१. मनोरञ्जन क्षेत्रमा कार्यरत महिलालाई सुरक्षा प्रदान गर्ने, काम गर्ने अवस्थामा सुधार ल्याउने, रोजगारीको सुरक्षा सुनिश्चित गर्ने तथा उजुरी गर्ने संयन्त्र स्थापित गर्ने।

***७. सामाजिक सुरक्षा तथा पर्याप्त स्तरको जीविकोपार्जनको अधिकार***

४२. **खाद्य अधिकारः** महिला, गर्भवती र सुत्केरी अवस्थामा पनि पौष्टिक आहारबाट वञ्चित हुन्छन्। पौष्टिक आहारको सम्बन्धमा छोरीहरूमाथि भेदभाव व्याप्त छ। आर्थिकरूपमा महिलाहरूको स्रोतमाथि पहुँच नहुने र सांस्कृतिकरूपमा महिलाले नै परिवारमा सबैभन्दा अन्तिममा खाना खानुपर्छ। महिलाहरूले पर्याप्त खाना नपाएका कारणले गर्दा उनीहरूको स्वास्थ्यमा असर परेको पाइन्छ।

४३. **सामाजिक सुरक्षाः** सुरक्षाको अङ्गका रूपमा सरकारले सामाजिक विधवाहरूलाई भत्ता प्रदान गरिरहेको छ। सामाजिक सुरक्षाका कार्यक्रममा भत्ता बाहेक अन्य कुरा पनि समेट्नुपर्छ। एकल तथा गरिबीको रेखामुनि रहेको परिवारका महिला र हिंसापीडितलाई पनि सामाजिक सुरक्षाको कार्यक्रममा समावेश गर्नुपर्छ।

४४. **बसोबासको अधिकारः** घरेलु हिंसापछि घरबाट निकालिएका महिला तथा एचआईभी सङ्क्रमित महिलाहरूका लागि बसोबासको कुनै पनि अधिकारको व्यवस्था छैन। निष्काशन कार्यविधिमा अन्तर्राष्ट्रिय मापदण्डलाई सरकारले अनुसरण गरिरहेको छैन, निष्काशन प्रक्रिया प्रायःजसो बल प्रयोग गरेर हुन्छ, जसले गर्भवती र सुत्केरी महिलालाई बढो विकराल अवस्थामा पुऱ्याउँछ।

मे २०१२ मा सरकारले उचित प्रक्रिया तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा नगरिकन काठमाडौँमा ठूलो परिमाणमा बलजफ्ती निकाला गऱ्यो। प्रभावित जनसङ्ख्यालाई पूर्वसूचना नदिइकन निकाला शुरू भएको थियो। समुदायलाई बसोबास तथा जीविकोपार्जनको अन्य विकल्प दिइएन तथा निकालाको छलफल समेत गरिएन। २ सय४८ घर तथा एउटा स्कूल भत्काउन सरकारले अत्याधिक बल प्रयोग गऱ्यो, जसले करिब एक हजार मान्छेलाई घरबारविहीन बनायो। सरकारी निकायहरूले गर्भवती तथा सुत्केरी महिलाहरूलाई सुरक्षा प्रदान गर्न कुनै तरिका अपनाएन र फलस्वरूप यीमध्ये धेरै महिला घाइते भए। सरकारले विकासका लागि निकाला वा स्थानान्तरण तथा संयुक्त राष्ट्रसङ्घको आधारभूत सिद्धान्त तथा निर्देशिकालाई ध्यानमा राखेर काम गर्नुपर्छ।

***८. स्वास्थसम्बन्धी अधिकार***

४५. **यौनिक तथा प्रजननसम्बन्धी अधिकारः** दश प्रतिशत नेपाली महिलाहरू पाठेघर खस्ने समस्याबाट ग्रसित छन्। यही अवस्थाका कारणले उनीहरू थप विभेद र हिंसा भोग्न बाध्य छन्[३१३]। गर्भवती महिलाहरूमा हुने फिस्टुला रोगलाई यसको भयावह असरका बाबजुद उपेक्षा गरिएको छ। यो कमैलाई थाहा भएको र यसबारेमा थोरै हदमा मात्र केही गरिएको नेपाली महिलाहरूले भोग्दै आएको समस्या हो। यस्ता समस्याहरूबाट पीडितहरूको विषयमा सर्वेक्षण समेत गरिएको छैन, यसले गर्दा समस्यालाई सम्बोधन गर्नका लागि यथोचित नीति निर्माण तथा बजेट विनयोजन गर्न रोकिरहेको छ।

४६. पन्ध्रदेखि १९ वर्ष उमेर समूहका बालिकाहरूको यौन तथा प्रजनन स्वास्थ्य तथा सम्बन्धित सेवाहरूमाथि पहुँच छैन। गर्भारोधी जानकारी तथा सेवाको आवश्यकता १५ देखि १९ वर्ष उमेर समूहका बालिकाहरूका लागि ४२% र २०-

३१३ प्रजनन स्वास्थ्यको लागि नेपाल राष्ट्रिय चिकित्सकीयस्तर, भाग २: प्रजनन स्वास्थ्यसम्बन्धी अन्य समस्या, पारिवारिक स्वास्थ्य शाखा, २००३, भाग ६ प्रजनन अङ्ग खस्नु। यसका अतिरिक्त पाठेघर खस्ने समस्याबाट पीडित महिलाहरूले पहिले कै अनुसार र अवस्थामा आफ्नो काम गर्न सकिरहेका हुँदैनन्। महिलाहरूले एम्नेस्टी इन्टरनेशनललाई बताए की परिवारका सदस्य। एम्नेष्टी इन्टरनेशनल (AI-Index: ASA ३१/००६/२०१४) र नेशनल एलायन्स फर पेल्भिक अर्गन प्रोल्याप्स् मेनेजमेन्ट, नेपाल सन् २०१४ अक्टोबर

२४ वर्ष उमेर समूहका महिलाहरूका लागि ३७.५% छ। सेवा तथा जानकारीमाथिको पहुँचको अभावमा प्रजजन उमेरका २५% महिलाहरूले किशोरावस्थामा अनियोजित गर्भाधारण गर्छन्।

४७. **सुरक्षित गर्भपतनमाथिको पहुँचः** सुरक्षित गर्भपतनमाथिको पहुँच अझै पनि चुनौतीको रूपमा छ। तीनजना महिलाहरूमध्ये केवल एकजनालाई मात्रै गर्भपतन कानुनी छ भन्ने र दुईजना महिलाहरूमध्ये एक जनालाई मात्र गर्भपतनका सेवाहरू उपलब्ध छन् भन्ने कुरा थाहा छ। यो सीमित चेतनाले असुरक्षित गर्भपतन निम्त्याइरहेको छ। करिब ५% मातृ मृत्युको कारण गर्भपतनका क्रममा आउने जटिलताहरू हुन्। असुरक्षित गर्भपतनको क्रम नरोकिनुको पछाडिका मुख्य कारणहरूमध्ये सुरक्षित गर्भपतनका सेवाहरू उपलब्ध नहुनु पनि एक हो। २०६६ मा सर्वोच्च अदालतले गर्भपतनका बारेमा विस्तृत कानुन बनाउन निर्देशन दिएको छ, तर त्यसको आजसम्म कार्यान्वयन भने भएको छैन।

**सरकारले गर्नुपर्ने**

४८. गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवा सुनिश्चित गर्ने तथा सुरक्षित गर्भपतनलगायतका यस्ता सेवाहरूमाथि पहुँच पुऱ्याउने वातावरणको निर्माण गर्ने।

४९. विशेषतः सामाजिक-आर्थिक रूपले सीमान्तकृत महिला तथा किशोरीहरूलाई मातृ स्वास्थ्य स्याहार, गर्भनिरोध तथा सुरक्षित गर्भपतनलगायत प्रजनन स्वास्थ्य स्याहारसम्बन्धी जानकारी तथा सेवाहरूमाथि विश्वव्यापी पहुँच सुनिश्चित गर्ने।

५०. सबै महिलालाई उच्च गुणस्तरको प्राथमिक तथा आवश्यक मातृ स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गर्दै मातृ मृत्युमा रहेको असमानतालाई सम्बोधन गर्ने।

५१. सर्वोच्च अदालतको २०६६ को फैसलाको परिधिमा रहेर सुरक्षित गर्भपतन सेवा सम्बन्धी विस्तृत कानुन निर्माण गर्ने[११३]।

९. ***अपाङ्गता भएका महिला***

५२. अपाङ्गमैत्री भौतिक संरचनाको अझै अभाव छ। मौजुदा अस्पताल तथा स्वास्थ्य स्याहार सुविधाहरूले अपाङ्गता भएका महिलाका प्रजनन स्वास्थ्यसँग सम्बन्धित विशेष आवश्यकतालाई समायोजन गर्दैन। न त यी महिलाहरूको यौन तथा प्रजनन स्वास्थ्यका लागि कुनै विशेष सुविधा नै उपलब्ध छन्। अपाङ्गता भएकालाई दिइने गरिएको सामाजिक सुरक्षा भत्ता नाम मात्रको छ र परिवार वा हेरचाह गर्ने मान्छेका लागि कुनै सहायता प्रणाली पनि छैन। कानुनी प्रक्रियामा साङ्केतिक भाषाको प्रयोगदेखि लिएर कुनै पनि पूर्वशर्त सेवाको अनुपलब्धताको अवस्थामा बलात्कार तथा यौन हिंसाका पीडित अपाङ्गता भएका महिलाहरूसँग न्याय प्राप्त गर्ने कुनै पनि साधन रहँदैन।

५३. अपाङ्गता भएका महिलाहरूले परिवारभित्रैबाट पनि भेदभावको सामना गर्नुपर्छ। ३७% महिलाहरूले परिवारभित्रै पनि भेदभावको सामना गरिरहेको एक सर्वेक्षणले देखाउँछ। अपाङ्गता भएका महिलाले सामना गरेको भेदभाव अपाङ्गता भएका पुरूषहरूमाथि गरिने भेदभावको अनुपातमा धेरै बढी छ[११४]। अपाङ्गता भएका महिलाको वंशको अधिकारलाई सुरक्षित गर्ने अर्को ठूलो चुनौती हो।

**सरकारले गर्नुपर्ने**

५४. भौतिक संरचना तथा उपयुक्त भाषालगायतका न्यायमा पहुँचका लागि आवश्यक प्रावधानलगायत अपाङ्गता भएकाहरूका लागि पूर्वशर्त सेवाहरू प्रदान गर्ने औपचारिक न्याय प्रणाली सुनिश्चित गर्ने।

---

११३ लक्ष्मीसमेत वि. नेपाल सरकार

११४ नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकार अनुगमन गर्न, Disability Rights Promotion International (अन्तर्राष्ट्रिय अपाङ्गता अधिकार प्रवर्धन) र योर्क विश्वविद्यालयको सहयोगमा राष्ट्रिय अपाङ्ग महासङ्घ–नेपाल, क्यानाडा २०१३ https:/ia902600.us.archieve.org/4/items.nfdnepal/Nepal-CMP-Disability-Rights-Holistic-Report-Final%28PrintingVersion%29.pdf

५५. प्रभावकारी प्रगतिमापक संयन्त्रमार्फत कानुनी सहायताका प्रावधान अवलम्बन गरेर अपाङ्गता भएकाहरूको पैतृक सम्पत्ति प्राप्त गर्ने हकलाई सुरक्षित गर्ने कुरा सुनिश्चित गर्ने।

५६. अपाङ्गता भएका महिलाको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको पूर्ति गर्न उचित सेवा संयन्त्र लगायत यौन तथा प्रजनन स्वास्थ्यमा पहुँच सुनिश्चित गर्न स्रोतको बाँडफाँड तथा विशेष कार्यक्रमहरू ल्याउने।

*१०. आप्रवासी महिला कामदार*

५७. रोजगारीका लागि विदेशिने महिलाको सङ्ख्या बढ्दो छ। देशमा भित्रिने विप्रेषण (रेमिट्यान्स)मा ११% योगदान महिलाहरूको छ। आप्रवासी महिला कामदार भित्र्याएको विप्रेषणको स्थानीय तथा आर्थिक मूल्यका बाबजुद् रोजगारीका लागि महिलाको आप्रवासनको मुद्दा अझै सार्वजनिक परीक्षण को विषय बनेको छ। उनीहरूले पैसा पठाएर परिवारलाई सहयोग गर्न एकपटक असफल हुने बित्तिकै उनीहरू परम्परागत मूल्य कायम गर्न नसकेको भनेर आफ्नै परिवार र समाजबाट कलङ्कित हुन्छन्। वैदेशिक रोजगारीमा गएका पुरूषका श्रीमतीहरूले श्रीमानको अनुपस्थितिमा विभिन्न किसिमका घरेलु हिंसा तथा सामाजिक लाञ्छनाको सामना गर्नुपर्ने अवस्था छ।

५९. वैदेशिक रोजगारीको कानुनी तथा नीतिगत अवधारणा लैङ्गिक सचेतनामुखी हुन सकेको छैन। ३० वर्षभन्दा कम उमेरका महिलालाई वैदेशिक रोजगारीबाट रोक्ने सरकारी नीतिले महिलाको गतिशील हुने अधिकारलाई कुण्ठित गरेको मात्र नभई बेचविखन तथा दुर्व्यवहारको खतरालाई समेत बढाएको छ। अपमान, यातना तथा शोषणबाट पीडित भएर महिलाहरू घर फर्कने घटनाहरूमा बढोत्तरी भएको पाइएको छ। वैदेशिक रोजगारीसँग सम्बन्धित अधिकांश सेवा काठमाडौँ बाहिर उपलब्ध नभएकाले महिलाले सुरक्षित र सुसूचित विकल्प रोज्नका लागि वातावरण छैन।

६०. पहिलो आवधिक प्रतिवेदन (UPR) पुनरावलोकनमा[११५] वाचा गरिए मुताबिक विशेषगरी ग्रामीण भेगका महिलालाई रोजगारीको अवसर अझ धेरै हुनुपर्छ। सरकारले उमेर हदलाई हटाई घरेलु तथा अनौपचारिक श्रम क्षेत्रका श्रमिक महिलाको सुरक्षा सुनिश्चित गर्न गन्तव्य मुलुकसँग द्विपक्षीय सम्झौता गरी रोजगारीका लागि बसाइ-सराइ गर्ने महिलाको सुरक्षा सुनिश्चित गर्नुपर्छ।

**सरकारले गर्नुपर्ने**

६१. वैदेशिक श्रम प्रगमनका सेवा तथा सुविधाहरू ग्रामीण महिलासमम पुग्ने कुराको सुनिश्चित गर्ने।

६२. श्रम प्रगमनमा जान पाउने महिलाको उमेरको हद हटाउने।

६३. अनौपचारिक तथा घरेलु श्रम क्षेत्रमा कार्यरत महिलाको सुरक्षा सुनिश्चित गर्न गन्तव्य मुलुकसँग द्विपक्षीय सम्झौता गर्ने।

६४. गन्तव्य मुलुकमा सहयोगको आवश्यकतामा परेका महिलालाई सहायता प्रदान गर्न उपयुक्त संयन्त्र निर्माण गरेर लागू गर्ने।

*११. शिक्षाको हक*

६५. विद्यालय शिक्षामा पहुँचमा प्रगति भए तापनि लैङ्गिक विभेद कायमै छ। पानीको अभावमा अलग्गै महिला शौचालयको व्यवस्था गर्ने लगायत छात्राहरूलाई अन्य किसिमको सहायता प्रदान गर्ने कामको प्रभावकारिता न्यून छ। सरकारले सबै तहको शिक्षामा लैङ्गिक विभेदलाई अन्त्य गर्दै बालिकाहरूलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नुपर्छ।

*१२. जलवायु परिवर्तनको असर*

६६. नेपाल जलवायु संवेदनशील देशहरूमध्ये एक हो। महिलाहरू प्राकृतिक स्रोतमा ज्यादा निर्भर हुने भएकाले जलवायु परिवर्तनको असर महिलामा प्रत्यक्ष पर्छ। न्यून साक्षरता दर तथा सूचनामा पहुँचको अभावका कारणले ग्रामीण

११५ सिफारिश नं. १०६.४१,४५,४६; १०८.३१,३२

महिला गम्भीर बेफाइदामा छन्। यति मात्रै नभएर जलवायु परिवर्तनको असर महिलाको स्वास्थ्यमा समेत देखिन थालेको छ। तर लैङ्गिक विषयमा कम ध्यान दिएइको छ र महिलालाई जलवायु परिवर्तनको पीडितका रूपमा स्वीकारिएको छैन।

६७. सन् २०१५ मा गरिएको एक अध्ययनले[२१६] देखाए अनुसार जलवायु परिवर्तनका कारणले महिला तथा बालिकाहरूले कार्यबोझमा वृद्धि, बालीको उत्पादकत्वमा ह्रास, स्वास्थ्य अवस्थामा गिरावट लगायतका चुनौतीहरू झेल्दै आएका छन्। बढ्दो कार्यबोझका कारणले छोरीहरूलाई विद्यालय जानबाट रोक्ने गरिन्छ। बालीको उत्पादकत्वमा ह्रासले रसायनिक मल तथा किटनाशकको उपयोगमा वृद्धि आउँछ र महिलाहरू यी रसायनहरूको संसर्गमा रहन्छन्, जसले महिनावारीको क्रममा उतारचढाव, सेतो पानी बग्ने समस्या, पाठेघरको क्यान्सर, गर्भपतन, बाँझोपन आदि समस्या निम्याउँछन्।

**आवधिक प्रतिवेदनका** (UPR) **लागि महिला सञ्जाल** (Coalition)**को सूची**

१. अखिल नेपाल महिला सङ्घ
२. महिला तथा बालबालिका बेचविखन विरूद्ध सहकर्मी समूह
३. बियोण्ड बेजिङ कमिटी
४. सामाजिक गतिविधि केन्द्र
५. समाज, विकास तथा लैङ्गिक अध्ययन अध्ययन केन्द्र
६. दलित गैरसरकारी संस्था महासङ्घ
७. नारीवादी महिला संस्था
८. महिला, कानुन तथा विकास मञ्च
९. हिम राइट्स
१०. मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल
११. लूम नेपाल
१२. लुज्जा नेपाल
१३. मितिनी-नेपाल
१४. नागरिक आवाज
१५. महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय एलायन्स
१६. नेपाल अपाङ्ग पहिला सङ्घ
१७. नेपाल महिला एकता समाज
१८. नेपाल मुस्लिम कल्याण समाज
१९. पौरखी-नेपाल
२०. सार्वजनिक स्वास्थ्य सरोकार गुठी (फेक्ट नेपाल)
२१. प्राथमिक स्वास्थ्य उपचार स्रोत केन्द्र
२२. साथी महिला सेल्टर
२३. शक्ति समूह
२४. सोलिड नेपाल
२५. नेपाली महिलाको महिला मञ्च
२६. महिला मानवअधिकार रक्षकको सञ्जाल, काठमाडौँ
२७. महिला मानवअधिकार रक्षकको सञ्जाल, ललितपुर
२८. महिला पुन:स्थापना केन्द्र
२९. महिला सुरक्षा दबाब समूह
३०. महिला प्रजनन अधिकार कार्यक्रम- कृषि वातावरण तथा विकास केन्द्र
३१. युथ एक्सन नेपाल

२१६ वातावरण परिवर्तन, कृषि, खाद्य सुरक्षा र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अनुसन्धात्मक प्रतिवेदन, ओरेक फेब्रुअरी २०१५